
# अतीतका गौरव - नालन्दा

(लेख-संग्रह)




-लेखक-

रत्नसुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

-प्रकाशक-

श्रीमती तेजशोभा वज्राचार्यप्रमुख
सकल परिवार

Downloaded from http://dhamma.digital/

# अतीतका गौरव

## - नालन्दा (लेख-संग्रह)


-लेखक-

**रत्नसुन्दर शाक्य**

"परियत्ति सद्धम्मपालक"


Dhamma.Digital


-प्रकाशक-

**श्रीमती तेजशोभा वज्राचार्यप्रमुख**

**सकल परिवार**


Downloaded from http://dhamma.digital/

प्रकाशक - श्रीमती तेजशोभा वज्राचार्य
रोशन वज्राचार्य - उर्मिला वज्राचार्य
उरिसा, लतासा, राहुल
इताछेँ, भक्तपुर-१७
भीमलक्ष्मी शाक्य(हाल लण्डन),
उत्तरा शाक्य(इटुंबहाल, काठमाडौं)
करुणा वज्राचार्य(मध्यपुर, थिमि)
कल्पना शाक्य(जमल, काठमाडौं)

प्रथम संस्करण - १००० प्रति
बुद्धसम्बत् - २५५४
नेपालसम्बत् - ११३०
विक्रमसम्बत् - २०६७
ईश्वीसम्बत् - २०१०

कम्प्युटर/कभर डिजाइन - **मित्रता छापाखाना**

मुद्रण - मित्रता छापाखाना
गोल्मढी, भक्तपुर
फोन : ६६१३३९९

Downloaded from http://dhamma.digital/



दिवंगत भीमराज वज्राचार्य

(वि.सं. १९९९-२०४२)

Downloaded from http://dhamma.digital/

# साधुवाद एवं निर्वाण कामना !

श्री भीमराज वज्राचार्य यो अनित्य संसार छोडेर वि.सं. २०४२ सालमै परलोक हुनुभयो । उहाँ वि.सं. १९९९ सालमा कुलवज्र वज्राचार्य र माता कान्छीमाया वज्राचार्यको कान्छो पुत्रको रूपमा जन्मनु भएको थियो । उहाँको दाजु हर्षवज्र वज्राचार्य हुनुहुन्छ । उहाँको परिवारले अहिलेसम्म पनि विहारको गतिविधिमा टेवा दिंदै आइरहेको छ ।

भीमराज वज्राचार्यले समाजमा रहेको कुरीति र कुसंस्कारलाई हटाउनको निमित्त धेरै प्रयास गर्नुभएको थियो । वहाँले बौद्ध संघ भक्तपुर र बौद्ध समकृत विहारको उत्थान एवं विकास गर्नको निमित्त गर्नुभएको योगदान हामीले बिर्सन सकिने स्थितिमा छैन । उहाँले बुद्धधर्म प्रचार-प्रसारको निमित्त तन मन धनले पनि त्यतिकै सहयोग गर्नुभएको थियो ।

बौद्ध संघ भक्तपुर वि.सं. २०२८ सालमा स्थापना भएको हो । यसको संस्थापकहरूमा भीमराज वज्राचार्य पनि एक हुनुहुन्छ । भिक्षु विवेकानन्द महास्थविरको धर्मानुशासकत्वमा स्थापित यस संघले बुद्धधर्म प्रचार-प्रसारको निमित्त एउटा विहार निर्माण गर्ने सोच राखियो जसअनुसार भक्तपुर-१७ वडास्थित प्राचीन जीर्णअवस्थामा पुगेको कुटुबहीलाई सम्पूर्ण हकदारहरूको सहमति प्राप्त गरी सो स्थान थेरवादी भिक्षुहरू राखी बुद्धधर्म प्रचार-प्रसार गर्ने स्वीकृति प्राप्त गराउनमा भीमराज वज्राचार्यको विशेष हात छ ।

आज उहाँ नै भीमराज वज्राचार्यको स्मृतिमा श्री रत्नसुन्दर



Downloaded from http://dhamma.digital/

शाक्यद्वारा लिखित १० वटा लेख-संग्रह पुस्तक "अतीतका गौरव - नालन्दा" उहाँकै परिवारबाट प्रकाशन गर्न लागेकोमा भीमराजका परिवार एवं रत्नसुन्दर शाक्यलाई धन्यवाद छ ।

बुद्धशिक्षाअनुसार आफ्ना पूजनीय आमा-बुबाहरूले गरिराख्नुभएको उपकार गुणलाई सम्झेर तिनीहरूको पुण्यस्मृतिमा गर्ने विविध पुण्यकार्यहरूमा आज आएर श्रीमती तेजशोभा वज्राचार्य एवं उहाँको पुत्र श्री रोशन वज्राचार्यका साथै सम्पूर्ण परिवारले प्रसन्नताका साथ पुस्तक प्रकाशान कार्य सम्पन्न गरेकोमा पुनः धन्यवादको साथै साधुवाद दिन चाहन्छु ।

यस पुण्यकार्यबाट दिवंगत हुनुभएका भीमराज वज्राचार्य जुनसुकै ठाउँमा जन्मलिन गएतापनि त्यहाँ उहाँलाई सुखी स्वर्गादिको साथ परमशान्ति निर्वाणसमेत प्राप्त गर्न सकोस् भन्ने कामना गर्दछु ।

'भवतु सब्ब मंगलं'

मिति : २०६७।४।३ — फ्राखु विशाल भिक्षु धम्मसोभण
बौद्ध समकृत विहार — बुद्धशास्त्र महापण्डित,
भक्तपुर — एम.ए. (दर्शनशास्त्र)



Downloaded from http://dhamma.digital/

# पुस्तकलाई कोट्याउँदा

यस पुस्तकका लेखक रत्नसुन्दर शाक्यको दिल, दिमाग र कलमको परिचय दिने पुस्तकहरूमा बौद्धव्यक्तित्वहरूको परिचयसंग्रह उल्लेखनीय छन् । पुस्तक प्रकाशित गर्ने सिलसिलामा 'अतीतका गौरव -नालन्दा' नामले पुस्तकाकारमा आएको यो पुस्तक १० विशेषताका बौद्धव्यक्तित्वको परिचय संग्रह हो । यसमा कुनै कुरामा परिचयमात्र दिइएको हो भने झैं लाग्नुभन्दा अनि कसैको जीवनीमात्र बताइए झैं लाग्नुभन्दा यो एउटा धार्मिक क्षेत्रको उन्नति-प्रगतिका घटना र इतिहास नै कोट्याएर बताइराखेको छ भनी सुझ्नयोग्य कुरा देखिएको छ । यसका घटना र पात्रहरू एक से एक इतिहासभित्र रहनेखालका कुरा र व्यक्तिहरू रहेका छन् ।

लेखकका जतिपनि यस्ता परिचयात्मक लेख देखिए ती सबैको शैली एकनासको र एकै प्रकारका देखिन्छन् । भाषा प्रयोगमा निगती सम्झी हेलचक्र्याइँ नगर्ने र भाषाशुद्धीमा जोड दिनेखालको गुन उनमा निहित रहेको छ । धर्मसम्बन्धी मामलाका ज्ञानको प्रचार-प्रसार गर्ने उनी एकप्रकारको 'धर्मदूत' हुन् भन्न लायक देखिन्छ । उनको दूत्याइँ आफै कही कुनै स्थानमा पुगेर जानकारी दिनेखालको नभएर परिचयात्मक साहित्यिक कृति ठाउँ-ठाउँमा पुऱ्याएर उद्देश्यित लक्ष्य पूरा गर्नेखालको रहेको छ । बुद्धधर्मको नाममा विकृत क्रियाकलाप नघुसोस् भन्ने उनको आकांक्षा रहेको देखिन्छ । उनी आफू दैनिक जीवनगुजाराका लागि व्यवसाय गरिरहेको भएर पनि समाजमा धार्मिक स्वच्छता र समुन्नति नै आफ्नो लागि लाभको विषय हो भन्ने ठानेर दैनिक कार्यव्यवसायबाट प्राप्त हुने लाभलाई त्यागेर यस प्रकारको अतीतको गौरवका कुराहरूको प्रचार-प्रसारतिर लाग्ने लेखकको रूपमा उनी स्वयं परिचित रहेको यहाँ



Downloaded from http://dhamma.digital/

देखिन्छ। धर्म होस् वा समाजव्यवहार होस् कुनै कुरामा उनी पूर्वाग्रहरहित देखिन्छन् ।

यहाँ प्रकाशित १० वटा विषयवस्तुका परिचयात्मक कुराहरूमा उल्लेखनीय महत्त्वपूर्ण कुराहरू केहीमात्र भएपनि केलाएर प्रस्तुत गर्न उचित देखिएको छ ।

१) सम्राट् कनिष्क –

१) बुद्धधर्मलाई प्रज्वलित पार्नमा विशेष योगदान पुऱ्याएका सम्राट्हरूमा अशोक र मिलिन्दपछि कनिष्क नै महान्रूपमा देखापरेको छ ।

२) राज्यहरूमा प्रभाव राख्न सेनाबल समेत प्रयोग गर्ने राजा भएर पनि हतियार प्रयोगमा प्रोत्साहित नगर्ने बुद्धधर्ममा कसरी दीक्षित भए भन्ने जस्ता हृदयपरिवर्तनका कुरा हुनु मननीयरूपमा पाइन्छ ।

३) बुद्धधर्मको संरक्षण र प्रतिपादनमा विशेषता रहेको चौथो संगायनको विवरण यसमा पाइन्छ भने बौद्धविद्वान्, महान् दार्शनिक, प्रसिद्ध साहित्यकार भिक्षुहरू वसुमित्र र अश्वघोष जस्ताको जिम्मेदारीपूर्ण अग्रता देख्न पाइन्छ ।

४) भारतका पुराना ऐतिहासिक ठाउँहरूको आधुनिक नाममा परिवर्तन भएको कुरा जानकारी हुन्छ । जस्तै आजको 'पटना' उसबेला 'पाटलिपुत्र' थियो । 'पेशावर' पुरुषपुर थियो भने अफगानिस्तान 'काबुल' थियो ।

२) महान् चीनियायात्री फाहियान –

१) यात्राविवरणका लागि विशेष नाम कमाएका चीनियायात्रीहरू फाहियान, सुंगयुन, हुयेनसाङ्ग र ईत्सिंगको नाम संभन्ाइन्छ । चीनियायात्रुहरूको प्रव्रज्या र उपसम्पदा अनुकरणीयरूपमा संभिन्छ ।

२) यात्रामा हुने कठिनाई, अत्युपयोगी पुरातात्त्विक अन्वेषण,



Downloaded from http://dhamma.digital/

ऐतिहासिक मूल्य, आभारभूत तथ्यता, अध्ययन अनुशीलनको अनिवार्यता यसको अमूल्य विशेषतारूपमा देखिएको छ ।

३) संघनायक भिक्षु शाक्यानन्द महास्थविर -

१) नेपालमा स्थविरवाद बुद्धधर्मको पुनरुत्थान गर्नमा विशेष योगदान दिने श्रद्धेयहरूमध्ये भिक्षु शाक्यानन्द महास्थविर प्रमुख भूमिका निभाएका व्यक्ति हुन् भनेर चिन्ने औसर दिइएको छ ।

२) मानिसमा हुनुपर्ने दृढनिश्चयताको प्रतिबद्धताको परिचय प्राप्त हुने भएको छ । प्रव्रजितताको मार्गमा लागिसकेकामा आफ्ना दाजुभाइले गृहस्थमा फर्काउन गरेको कोसिस पनि केही नलाग्नु जस्तो कुरा सुमार्गको बाटोको पहिचान गराउनु हो ।

३) विश्वमा शान्तिको भूमिका निभाउने तथागत बुद्धको देनलाई अगाडि सारिदिने यस पुस्तकको प्रकाशनमा स्थविरवादको देन रहन आएको कुरा स्पष्टिन्छ ।

४) जनताको राज्यको जिम्मेदार रहेर पनि गैर जिम्मेदारीपूर्ण रहेका षडयन्त्रकारीहरूको जनतामाथिको शासन र स्वतन्त्रता छिन्ने गरेका निहुँको क्रुरता यहाँ देखिन्छ । भिक्षुजस्ता शान्त दान्त नेपालीहरूलाई निराधार आरोप लगाएर सताएका गजब खालका निम्नस्तरका आरोप पाइन्छन् -

१) हिन्दु बौद्ध भएको भन्ने २) स्वीकृति नलिई बुद्धमूर्ति स्थापना गरेको ३) बुद्धधर्मको प्रचार गरेको जस्ता समाजविरोधी आरोप ।

५) धर्मदेशनाजस्तो आचरण शुद्धीका कुरा पनि श्रवण गर्न नहुने खालका जंगीकानुन लागु गरिराखिएको भएपनि धर्मदेशना सुन्न हजारौंको संख्यामा श्रोतागणको उपस्थिति रहन पुग्नुजस्तो सन्त र शान्तिपक्षका नेपालीहरूको तन्मयता र साहस सदाको लागि अनुकरणीय रहेको कुरा प्राप्त भएको छ ।



Downloaded from http://dhamma.digital/

६) आफ्नै देशमा पनि काठमाडौं छोडेर जिल्लामा बसोबास गर्दा पनि आफू बसेकै ठाउँमा व्रतबन्ध गर्न पनि सरकारको अनुमति लिनु पर्ने व्यवस्थाको अनौठो जानकारी प्राप्त हुन्छ। अनुमति प्राप्तिमा सफल बनाएर भोजपुरमा रहेकाले भोजपुरमै, तानसेनमा रहेकाले तानसेनमै, पोखरामा रहेकाले पोखरामै व्रतबन्ध गर्ने प्रथा चलाएर सुधार ल्याएको कुरा हेर्दा यो सामान्य देखिए पनि गहन विषयको रूपमा प्रस्तुत भएको छ।

## ४) संघनायक भिक्षु सुबोधानन्द महास्थविर -

१) बुद्धधर्मावलम्बीले कुन कस्ताप्रकारका धार्मिक विधि अपनाइन्छ भनी यहाँ जानकारी दिलाइएको छ। जस्तै - अष्टमीव्रत, गुंलाधर्मसेवा, सत्त्वपूजा, ताराधर्म, धारणीपाठ, स्तोत्रपाठ, नामसंगीतिपाठ आदि।

२) भिक्षुहरूमा ज्येष्ठताक्रम बुझ्ने र बुद्धधर्म मार्फत् कुन देशमा कसरी सम्बन्ध रहन गएको भन्ने कुराको जानकारी दिइएको छ।

## ५) नेपालका ज्येष्ठ अनगारिका त्रय -

१) पुरुषसरह महिलाले पनि मुण्डन गरी चीवर लगाई त्यागीजीवन बिताउने सुरूका तीन नेपाली महिलाहरूको परिचय दिइएको छ।

२) प्रव्रजित भएपछि गृहस्थमा रहँदाको न्वारानको नामसमेत परिवर्तन हुने कुराको समेत अवगत हुन आउने भएको छ।

## ६) अग्रश्रावक-अस्थिधातुयात्रा -

१) नेपालमा सामान्य जनतामासम्म अस्थिधातुको परिचय र ठूला बडाको अस्थिधातुको संरक्षण गर्ने तथा जात्रागर्ने परम्परा शुरू भएको इतिहास निर्माण भएको कुरा यहाँ खुलाइएको छ। विशिष्ट अग्रगण्य शान्तिका प्रतिमूर्ति बनेकाहरूमा नेपाली राजाहरू कसरी श्रद्धावान् बने भन्ने कुरालाई पनि औंल्याउने औसर यहाँबाट प्राप्त हुने भएको छ।



Downloaded from http://dhamma.digital/

२) भगवान् बुद्धका अग्रश्रावकद्वय सारिपुत्र एवं मौद्गल्यायन समेतको श्रद्धामा धर्मप्रतिको आस्था रहन गएको जस्ता कुरा जान्न पाइएको छ ।

## ७) प्राचीन अन्तर्राष्ट्रिय बौद्धशिक्षाकेन्द्र नालन्दा विश्वविद्यालय -

१) पूर्वीय शिक्षाका विश्वविद्यालयमा अग्रणी भूमिका निभाउने विश्वविद्यालयको परिचय गराउनु पूर्वीय जगत्कै गौरव हुन आएको छ । विश्वमा सबभन्दा पुरानो विश्वविद्यालय इटलीको मानिएको छ तापनि नालन्दा विश्वविद्यालय विश्वका सबभन्दा पुरानो विश्वविद्यालयको क्रममा नै गनिन्छ। यसउसले यो भारतको सबभन्दा पुराना विश्वविद्यालय हो भन्नुमा तर्क नरहने देखाइएको छ ।

२) १३ औं शताब्दीको पूर्वार्द्धमा पटकपटक गरी तुर्कसम्राट् मोहम्मद बिन बख्तियार खिलजीले भिक्षुहरूपर्यन्तको आमहत्या गरी नालन्दा विश्वविद्यालयका सबै भवनहरू ध्वंश गरे । पुस्तकालयहरू जलाइए। महिनौं जलेर पनि त्यहाँका ग्रन्थहरू नष्ट हुन सकेनन्। कति पुस्तक रहेका होलान् त्यहाँ। यो कुरा बौद्धजगतको मात्र नभै एशियाकै ठूलो गौरवको कुरा मान्न पाउने गरी प्रष्ट्याइएको छ ।

३) ८ औं शताब्दीमा निर्मित विक्रमशिला विश्वविद्यालय र त्यहाँ रहेका पुस्तकलाई त झन् पहिले नै तहसनहस पारिएको थियो । विहारसम्बन्धी भगनावशेषलाई हटाएर बख्तियारले ओदन्तपुर-पालवंशीय राजाको प्रमुख ठाउँमा मस्जिद बनाइएको जस्तो कुराले आज पनि शान्तिको स्थितिमा सिंग्रिंग लाग्ने कुरा संझाइएको छ ।

४) नालन्दा-किर्तिमान् ठूलठूला साहित्यिक, धार्मिक, दार्शनिकहरूको उत्पादनमा स्वनामधन्य दिङ्नाग, चन्द्रकीर्ति, धर्मकीर्ति, शान्तरक्षित जस्ता अद्भुत दार्शनिक, चन्द्रगोमी जस्ता महावैयाकरण



Downloaded from http://dhamma.digital/

अनि सरहपाद, भुसुक (आचार्य शान्तिदेव) जस्ता महान् कविहरू पर्यन्तको जानकारी प्राप्त गराउन उद्यत रहेको छ ।

८) प्राचीन अन्तर्राष्ट्रिय बौद्धशिक्षाकेन्द्र विक्रमशिला विश्वविद्यालय -

१) बौद्धविहार रहेर विश्वविद्यालयमा परिणत भएको कुरा विरलै सुनिन्छ । पालवंशका महाप्रतापी राजा धर्मपाल (सन् ७६९-८१५)ले आठौं शताब्दीमा बनाइएको महाविहार विश्वविद्यालयपंक्तिमा रही विशाल महाविहारको रूपमा ख्यातिप्राप्त रहन गएको कुरा एक ठूलोश्रद्धा, आस्था र इज्जतको विषय बनेको कुराले महत्त्व बढाइदिएको छ ।

२) पूर्वीभारतमा अवस्थित ४ वटा बौद्धशिक्षणालयको नाउँ सहजै जानकारी पाउनु ठूलो उपलब्धीपूर्ण कुरा हुन आएको छ । नालन्दा, ओदन्तपुरी, वज्रासन, विक्रमशिला विश्वविद्यालयहरू हाम्रो लागि शैक्षिक निधि रहेको कुरा हाम्रा सन्तानलाई सजिलै बताउन पाउने गरी देखाउन पाउने गरिदिएको छ ।

९) राहुलको पहिलो श्रीलंकायात्रा -

१. नेपाल र भारतमा बुद्धधर्म र साम्यवादी विचारधारालाई व्यापकरूपमा प्रचारप्रसार गर्नमा आफ्ना कृतिहरूद्वारा अमूल्य योगदान दिनुभएका केही भारतीय विद्वान्हरूमा महापण्डित राहुल सांकृत्यायनको नाम अग्रपंक्तिमा लिन सकिन्छ । त्यस्ताको परिचय यो पुस्तक हो । कैण्डी-बुद्धको दन्तधातुको मन्दिर रहेको र अनुराधपुर - श्रीलंकाको पुरानो राजधानी एवं बुद्धधर्मको त्यहाँको इतिहास सुरू भएको ठाउँ अर्थात् अशोकपुत्र महेन्द्र स्थविरले इशापूर्व तेस्रो शताब्दीमा आएर धर्मध्वजाको शुभारम्भ गरेको ठाउँ थियो भनेर श्रीलंकाकै पुस्तक



Downloaded from http://dhamma.digital/

खोजेर इतिहास पल्टाउन नपर्ने जमर्को नै गरेको छ भन्न सकिने भएको छ यहाँ ।

२. सिंहली युवतीसँग भन्दै प्रेमपाशमा बाँधिन लागेको तर आफ्नो लक्ष्यपूर्तिको कारण उक्त युवतीलाई त्याग गरेको जस्तो कुराले कोही कसैले पनि लक्ष्यपूर्ति गर्नको लागि निभाउनुपर्ने त्यागभावनालाई संझाई प्रेरणालाई जगाउनेखालको रहेको कुराको उल्लेख कम महत्त्वको रहँदैन ।

१०) राहुलको पहिलो तिब्बतयात्रा -

१. बुद्धवचनको आधिकारिक मानिआएको त्रिपिटकको सिलसिलामा तिब्बतमा कंग्युर र तंग्युर नाउँका ग्रन्थ त्रिपिटक नै रहेको कुरा ऐतिहासिकमात्र नभै पुरातात्त्विक र संरक्षण, संवर्धन आदिको बहुपक्षीय कुराको होशहवास दिलाउने ग्रन्थ भैदिएको विषय बनेको थाहा दिलाउनु यो रचनाको ठूलो विशेषता नभनी धरै पाइँदैन ।

२. भोटमा पनि संस्कृतभाषामा जप गरिन्छ । 'संस्कृतभाषा भोटभाषाको अगाडि अत्यन्त दरिद्र छ' भन्ने कुराको विवरणले संरक्षणपक्षलाई विशेष उच्च स्थानमा राख्ने गरेको अति गहन र मननयोग्य पाराले प्रस्तुत गरिदिएको छ ।

३. रामोदर पण्डित- विद्वान्मात्र नभएर विश्वसम्पदाको संरक्षणमा समर्पित इमान्दार व्यक्तित्वको रूपमा खडा गराई उनको परिचित गराइनुपर्नेखालका व्यक्तिका माझ उनलाई अवस्थित गराउनु पर्नेको रूपमा यो लेख प्रस्तुत गरिएको छ। रामोदरले कंग्युर, तंग्युरको अतिरिक्त करिब डेढ सयजति चित्रपट (Thanka), वज्रडाकतन्त्र तालपोथी र अन्य ऐतिहासिक पुरातात्त्विक वस्तुहरू २२ वटा खच्चरहरूलाई बोकाई ल्हासाबाट ग्याँची-सिगर्चे-फारी हुँदै कालिङपोङ



Downloaded from http://dhamma.digital/

पुगेको कुरा सधैं संझावनी दिइराख्नुपर्ने कुरा हो। यस कुराको उल्लेख हुनु विशेषतायुक्त कुरा हो।

यस पुस्तकमा १० विषय जुन छानिए, त्यसले लेखकको धर्मप्रतिको आस्था एवं कर्तव्य पुऱ्याउन प्रतिबद्धता जाहेर गरेको भित्री आशय छर्लङ्गिएको छ। सम्बन्धित बडे-बडे उल्लेखनीय व्यक्तिहरूको भनाई उद्धृत गर्ने गरेकोले लेखक अध्ययनशील र तथ्यमा जोड दिने रहेका छन् भन्ने थाहा दिने विषयवस्तु यहाँ रहेको छ। प्रत्येक ऐतिहासिक पुरुषको जन्ममिति र मृत्युमिति राखिदिई विशेषता ओगटिदिएको छ।

यहाँ लेखकको कद कति फीटको, वर्ण कुन रंगको, कुन वंशको, कति शिक्षा हासिल गरेको भन्नेतिर गई परिचय लिनुसट्टा उनी कुद हदको उच्च विचारको, कति धैर्यशील र कति धर्मानुकूल छ भनी परिचय पाउनुमा पाठकको यस पुस्तकप्रतिको भावनात्मक सम्बन्ध प्रष्टिने हुन्छ। यो पुस्तक स्वयं परिचित छ जाँगरको हिसाबमा, ज्ञानपिपाशा मेट्ने हिसाबमा।

२०६७ असार २६

- सुवर्ण शाक्य
ॐ बहाल
काठमाडौं।



Downloaded from http://dhamma.digital/

# आफ्नो मन्तव्य

'अतीतका गौरव-नालन्दा' नामक यस लेख-संग्रह पुस्तक यहाँको समक्ष प्रस्तुत गर्न पाउँदा अति हर्षित छु ।

बौद्धजगत् एवं एशियाका एक महान् बौद्धसम्राट् कनिष्क, प्राचीन एक चीनिया यात्री फाहियान, वर्तमान नेपालका संघनायकद्वय, नेपालका ज्येष्ठ अनगारिका त्रय, ऐतिहासिक शाक्यमुनि बुद्धका अग्रश्रावक द्वयका अस्थिधातु प्रसंग, प्राचीन बौद्धविश्वविद्यालयद्वय र २० औं शताब्दीका हुयनसाङ्ग एवं धर्मकीर्ति हुनुभएका राहुल सांकृत्यायनको यात्राद्वय प्रसंग गरी जम्मा १० वटा रचना यसमा समावेश गरेको छु ।

यी रचनाहरूको अध्ययनबाट यदि कसैले ईश्वीको प्रथम शताब्दीका कनिष्क, पाँचौ शताब्दीका फाहियान, नालन्दा विश्वविद्यालयको सुरुवात, आठौं शताब्दीमा विक्रमशिला विश्वविद्यालयको सुरुवात, सारिपुत्त र महामौद्गल्यायन महास्थविरद्वयको अस्थिधातु प्रसंग, वर्तमान नेपालका ज्येष्ठ भिक्षु एवं अनगारिकाहरूको चर्चा एवं महापण्डित राहुल सांकृत्यायनको परिचयबाट बुद्धधर्मको सत्य तथ्यमा लाग्ने प्रयास सुरु गरेमा आफ्नो लेखन प्रयास सफल भएको सम्झन्छु ।

यस पंक्तिका लेखक स्वयंले यी लेखहरू एक डेढ दशकअगाडि नै लेखिएका र त्यसैबेलादेखि बेलाबखत गरी विभिन्न पत्रिका ('आनन्दभूमि', 'विश्वशान्ति', 'भक्तपुर', 'मैत्री' आदि)हरूमा प्रकाशित गरिसकेका थिएँ । सोही लेखहरू १० वटा संकलन गरी प्रकाशनार्थ जम्मा गरि राखेको थिएँ, यसैलाई अहिले "अतीतका गौरव - नालन्दा" को रूपमा यहाँ समक्ष प्रस्तुत गर्दैछु ।

यस पुस्तक प्रकाशनका मूल हेतु हुनुभएका दिवंगत भीमराज वज्राचार्यसित यस पंक्तिका लेखकले पनि केही समय सहकार्य गर्ने



Downloaded from http://dhamma.digital/

अवसर पाएको थियो । यद्यपि उहाँसित 'बौद्ध संघ भक्तपुर' को कार्यसमितिमा रही सहकार्य गर्ने मौका केही महिना (भाद्र-फागुन २०४२)को मात्र थियो ।

भिक्षु विवेकानन्द महास्थविर (वि.सं. १९७३-२०४२) को धर्मानुशासकत्वमा १८ आश्विन २०२८, कार्त्तिक पूर्णिमाका दिन स्थापना भएको 'बौद्ध संघ भक्तपुर' को सुरुको गतिविधिहरू यस पंक्तिको लेखकको बाल्यस्मृतिको रूपमा रहेको छ ।

स्मरणीय छ, भिक्षु विवेकानन्द महास्थविरले भक्तपुरमा संघरत्न शाक्य, भीमराज वज्राचार्य, पूर्णचन्द्र शाक्य, सिद्धिरत्न शाक्य र धर्मसुन्दर शाक्य (हाल भिक्षु धम्मसोभन महास्थविर) को समूहलाई 'बौद्ध संघ भक्तपुर'को रूप दिइएको थियो त यसको दुईवर्ष पछि १ मंसिर २०३० का दिन काठमाडौंको श्रीघः विहारमा त्यस्तै बुद्ध-धर्मको प्रचार-प्रसार गर्ने चाहना भएका पञ्चबहादुर चित्रकार, बेखारत्न तुलाधर, रत्नबहादुर तन्डुकार, भक्तलाल तन्डुकार र आसभाइ तन्डुकारलाई सम्मिलित गरी "बुद्ध-धर्म सेवा संघ" स्थापना गरिएको थियो ।

बौद्ध संघ भक्तपुरको सुरूको गतिविधिमा विशेषत: जीर्णअवस्थामा पुगिसकेको कुटुवहिलाई यसका हकदारहरूसित सहमति प्राप्त गरी स्थविरवादी भिक्षुहरू राखी "बौद्ध समंकृत विहार"को रूप दिनु, श्रीलंकाका सुप्रसिद्ध धर्मकथिक भिक्षु प्रियदर्शी महास्थविर (सन् १९१४-९८) लगायत अन्य गण्यमान्य व्यक्तिहरूलाई २७ फागुन २०२९ का दिन निमन्त्रित गरी स्वागत समारोहका साथ धर्मोपदेश गराउनु, भक्तपुरबाट सर्वप्रथम वि.सं. २०३१ सालको पौष महिनामा बौद्ध तीर्थयात्राको आयोजना गर्नु आदि थिए ।

स्मरणीय छ, २०३१ सालमा भिक्षु विवेकानन्द महास्थविरको प्रमुख नेतृत्वमा सम्पन्न उक्त तीर्थयात्रामा भीमराज वज्राचार्यले पनि टोलीको नेतृत्व गरी बुद्धका संवेजनीय स्थलहरूको अवलोकन गर्ने अवसर पाउनुभएको थियो ।



Downloaded from http://dhamma.digital/



भीमराज वज्राचार्य-आफ्नो पिता कुलवज्र वज्राचार्य  र भाउजू इन्द्रमाया वज्राचार्यकासाथ-सारनाथको मूलगन्धकुटी विहारको सामु
(७ पौष २०३१)

Downloaded from http://dhamma.digital/

अब म उहाँ(भीमराज वज्राचार्य)सित नजिकिएको ३ वटा प्रसंग मात्र उल्लेख गर्न चाहन्छु -

१) वि. सं. २०३६ सालको आश्विन-कार्त्तिक महिनामा श्रीलंकाका सुप्रसिद्ध भिक्षु नारद महास्थविर - जसले २००१ सालको श्रावण महिनामा नेपालबाट निष्कासित गरिएका भिक्षु एवं श्रामणेरहरूलाई स्वदेश फर्काउन राणाप्रधानमन्त्री श्री ३ पद्मशम्शेरसित वार्ता गर्न आउनुभएको थियो ले नेपालको अन्तिम पटकको रूपमा यात्रा गर्न आइपुग्नुभएको थियो ।

यस पटकको ३ हप्ताको नेपालनिवासकालमा उहाँले उपत्यकाका विभिन्न स्थानहरूमा प्रवचन दिनुको साथै आनन्दकुटी विहारमा बिहान-बिहान नियमित रूपमा बौद्ध सिद्धान्त 'प्रतीत्यसमुत्पाद' (हेतुवाद) सम्बन्धी व्याख्यान दिनुभएको थियो सो को श्रवणार्थ भक्तपुरबाट हामी पनि एकदिन गएका थियौं जसमा भीमराज वज्राचार्य पनि सम्मिलित थिए ।

२) वि.सं. २०४२ सालको आश्विन महिनामा भारतका एक सुप्रसिद्ध बौद्ध विद्वान् भदन्त आनन्द कौशल्यायन (सन् १९०५-८८)ले पनि नेपालको अन्तिम पटकको यात्रा गर्न आउनुभएको थियो । त्यसताका सम्ममा यस पंक्तिका लेखकले भिक्षु सुदर्शन महास्थविरको थप प्रेरणामा महापण्डित राहुल सांकृत्यायनका कृतिहरूको अध्ययन मननको साथै उहाँका कृतिहरूको संकलन पनि गर्दै ल्याइसकेको थिएँ । अतः राहुल सांकृत्यायनका अभिन्नमित्रको रूपमा रहनुभएका धर्मोदय सभाका संस्थापक उपाध्यक्ष हुनुभएका भदन्त आनन्द कौशल्यायनको आगमन भएको थाहापाउनासाथ (भिक्षु धम्मसोभनमार्फत्) उहाँको दर्शन गर्ने एवं उहाँलाई भक्तपुरमा आमन्त्रित गरी धर्मव्याख्यान दिलाउने आफ्नो मनसाय राखी तत्काल नजदिकको सम्पर्कमा रहेका 'बौद्ध संघ भक्तपुर' का उपाध्यक्ष संघरत्न शाक्यसित अनुमति लिई बुद्धविहार, भृकुटीमण्डप पुगे ।



Downloaded from http://dhamma.digital/

त्यहाँ भिक्षु सुमंगल महास्थविर(वि.सं. १९८६-२०५५) सित अनुमति लिई उहाँकै तर्फबाट भदन्त आनन्द कौशल्यायनसमक्ष आफ्नो मनसाय व्यक्त गरे। उहाँले कार्यक्रम तालिका हेरी २७ आश्विन २०४२ का दिन सन्ध्याकाल (दिनको ३-४ बजे) तिर निश्चित गरिदिनु भयो। उहाँले सो दिन निश्चित (भक्तपुरमा आउने) गर्नुका अन्य हेतु थियो - त्यसताका रुग्नावस्थामा रहनुभएका एवं झण्डै जीवनको अन्तिम अवस्थामा पुगिसक्नुभएका भिक्षु विवेकानन्दलाई भेट्नु।

स्मरणीय छ, उहाँहरू एकआपसमा ३ दशकअगाडिदेखिनै परिचित थिए, भिक्षु विवेकानन्द- श्रामणेर काल (वि.सं. २००३-०७) एवं पछि पनि केही वर्ष कालिम्पोङ्को धर्मोदय विहारमा रहिसक्नुभएको थियो, त्यसताका कालिम्पोङ्को 'धर्मोदय विहार'का प्रमुख भदन्त आनन्द कौशल्यायन भइरहेको थियो।

२७ आश्विन २०४२ का दिन बौद्ध समकृत विहारको संघाराममा भदन्त आनन्द कौशल्यायनको धर्मव्याख्यान कार्यक्रम सम्पन्न गर्न भीमराज वज्राचार्यले पनि विशेष मद्दत गर्नुभएको यस पंक्तिका लेखकमा स्मरणीय रहेको छ।

३) वि.सं. २०४२ साल, कार्त्तिक ९ गते शुक्रबारका दिन बौद्ध संघ भक्तपुरका धर्मानुशासक हुनुभएका भिक्षु विवेकानन्द महास्थविरको निधन भयो। १० कार्त्तिक दिन उहाँको शवयात्रा भव्यरूपमा भक्तपुर नगरपरिक्रमा गरी हनुमानघाटमा पुऱ्याई दाहसंस्कार कार्य सम्पन्न गरेका थियो त ११ कार्त्तिकका दिन "संघाराम"मा उहाँको शोकसभा पनि सम्पन्न गरेका थियौं।

यसको भोलिपल्टै (१२ कार्त्तिक २०४२ का दिन) हामी 'बौद्ध संघ भक्तपुर'का कार्यसमितिका ३ जना - संघरत्न शाक्य, भीमराज वज्राचार्य र यस पंक्तिका लेखक र अन्य ३ जना सुगतरत्न वज्राचार्य,



Downloaded from http://dhamma.digital/

प्रेमरत्न शाक्य र प्रेमलाल जोशी गरी ६ जनाको समूह त्यसताका आनन्दकुटी विद्यापीठमा विपश्यनाचार्य कल्याणमित्र सत्यनारायण गोयनकाको समुपस्थितिमा संचालन हुन लागेको २६८ औं दशदिने विपश्यनाध्यानशिविरमा सम्मिलित हुन गएका थियौं।

त्यसबेला यस पंक्तिका लेखक एवं भीमराज वज्राचार्यको शयनकक्ष अर्थात् आवासस्थल एकै ठाउँ - 'मुदिता भवन'मा परेको थियो। अतः त्यसबेलाको १०-१२ दिनको सहवासमा उहाँसित आर्यमौन (Noble Silence)को स्थितिमा पनि आत्मीयता बोधको महशुस गरेको थिएँ।

अफशोच ! भीमराज वज्राचार्य विपश्यना शिविरमा साम्मिलित भई फर्कनुभएको केही महिनापछि नै आफ्नो पुरानो रोग (शायद घाँटीको डल्लो) र अन्य केही कारणवश महाराजगंजस्थित शिक्षण अस्पताल(Teaching Hospital)मा भर्ना हुन जानुपर्‍यो - ७ फागुन २०४२ का दिन।

१३ फागुन २०४२ का दिन यस पंक्तिका लेखकले सो अस्पतालमा पुगी उहाँको मुख हेरेर आएको थिएँ। १७ फागुन २०४२ का दिन उहाँले आफ्नो परिवारका साथ सम्पूर्ण इष्टमित्रहरूलाई छोडेर जानुभयो। २० फागुन २०४२ का दिन 'बौद्ध संघ भक्तपुर'द्वारा उहाँको शोकसभा "संघाराम" मै सम्पन्न गरिएको थियो।

यसप्रकार आज उहाँ निधन हुनुभएको पनि २५ वर्ष पुगिसक्यो। यसै प्रसंगमा उहाँको स्मृतिमा एक पुस्तक प्रकाशन गर्ने मनसाय उहाँकी श्रीमती एवं पुत्र-पुत्रीहरूले गर्नुभएको फलस्वरूप यस पुस्तक यहाँको समक्ष राख्न पाइएको छ।

दिवंगत भीमराज वज्राचार्यका पुत्र रोशन वज्राचार्य एवं ज्येष्ठ पुत्री भीमलक्ष्मी वज्राचार्यले पनि बौद्ध संघ भक्तपुरको कार्यसमितिमा



Downloaded from http://dhamma.digital/

रही कार्य गरिसक्नुभएको छ, अझ पुत्र रोशन वज्राचार्य 'कुटुवही विकास समिति'को कार्यकारिणी सदस्य भै कुटुवहीको संरक्षण सम्वर्धन तथा 'श्रद्धा शक्ति भवन'को भुई तल्ला लिजमा निर्माण कार्य पनि शुरु गरेका व्यक्ति थिए ।

अन्तमा, यसप्रकार आफ्नो पिताको पुण्यस्मृतिमा रोशन वज्राचार्यले यस कृति प्रकाशन गरिदिएकोमा उहाँप्रति कृतज्ञ छु । कृतज्ञ छु - यस पुस्तकको समीक्षात्मक रूपमा 'पुस्तकलाई कोट्याउँदा' लेखिदिनु हुने प्रा. सुवर्ण शाक्य, साधुवाद एवं निर्वाणकामना लेखिदिनुभएका फ्राखु विशाल भिक्षु धम्मसोभन महास्थविर, एवं दिवंगत भीमराज वज्राचार्यको स्मरणमा केही शब्दहरू लेखिदिनुहुने 'बौद्ध संघ भक्तपुर'का सल्लाहकार प्रा. सिद्धिरत्न शाक्य, अध्यक्ष - त्रिरत्न शाक्य एवं सचिव लोकेन्द्र वज्राचार्य प्रति पनि ।

२५९९ औं धर्मचक्रप्रवर्तन दिवस
१० श्रावण २०६७

- रत्नसुन्दर शाक्य
नागपोखरी, भक्तपुर



Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

आदरणीय बुबा भीमराज वज्राचार्य स्वर्गारोहण हुनुभएको आज २५ वर्ष पुगिसकेको छ। बुबाको सम्झनामा बुद्धधर्मसम्बन्धी एउटा पुस्तक प्रकाशन गर्ने विचार धेरै समय पहिलेदेखि भएकोमा अहिले आएर सो अवसर प्राप्त भएको छ।

बौद्धविद्वान् श्री रत्नसुन्दर शाक्यद्वारा बौद्धधर्मसम्बन्धी धेरै पुस्तक लेखी प्रकाशित गरिसक्नुभएको छ। मैलै पनि वहाँद्वारा लिखित पुस्तकहरू अध्ययन गर्ने मौका पाएको छु। वहाँद्वारा लिखित अधिकांश पुस्तकहरू मलाई साह्है राम्रो र प्रभावकारी लाग्यो।

गतः २५५४ औं वैशाखपूर्णिमाको केही दिनअगाडि एक दिन रत्नसुन्दर दाइलाई घरमा बोलाएर बुबाको सम्झनामा पुस्तक प्रकाशन गर्ने मनसाय रहेकोमा सहयोग गरिदिन आग्रह गरेको थिएँ जुन आग्रहलाई वहाँले सहर्ष स्वीकार गरी यथाशीघ्र पुस्तक तयार गर्ने वचन दिनुभएको थियो। वहाँको अथक प्रयाशस्वरूप यस 'अतीतका गौरव-नालन्दा' पुस्तक प्रकाशन गर्न पाएकोमा म पूर्णरूपमा सन्तुष्ट छु र वहाँलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु।

आजको युगमा साँच्चै नै हामीले बुद्ध र युद्धमध्ये एकलाई रोज्नु परेको छ। हामीलाई थाहा छ, विश्वका अधिकांश युद्धग्रष्ट राष्ट्रहरूमा मानिसहरू खानसमेत नपाएर ज्यान गुमाइरहेका छन् भने कति मानिसहरू आफ्नो पिसाब आफै पिएर बाँच्न बाध्य भइरहेका छन्।

त्यसैले आज हामीले शान्तिका प्रवर्तक गौतम बुद्धले देखाउनु भएको बहुजनहित र बहुजनसुखको बाटो रोजेर अघि बढ्नु परेको छ। हाम्रो देश संचालन गर्ने जिम्मेवारी लिएका राष्ट्रप्रमुखहरूमा प्रधान



Downloaded from http://dhamma.digital/

मन्त्री, मन्त्री, नेतागण एवं हामी सम्पूर्ण जनताहरूले बुद्धको उपदेशलाई अध्ययन मनन गरी व्यवहारमा लागु गर्न सकेमा हाम्रो देश सुन्दर र शान्त भई सधैं झिलिमिली भइरहनेछ।

अन्तमा, बुद्धधर्मसम्बन्धी लेखिएको यस पुस्तक "अतीतका गौरव-नालन्दा" अध्ययन गरेर यदि कसैले केही मात्रामा भए पनि बुद्ध इतिहास सम्बन्धी ज्ञान प्राप्त गर्न सक्यो भने त्यही नै यस पुस्तक प्रकाशनको उपलब्धी हुनेछ भने मैले विश्वास लिएको छु।

मिति - २०६७।४।४

- रोशन वज्राचार्य
इताछैँ



Downloaded from http://dhamma.digital/

# विषय-सूची


| विषय | पेज नं. |
| --- | --- |
| अ) साधुवाद एवं निर्वाणकामना | क |
| आ) पुस्तकलाई कोट्याउँदा | ग |
| इ) आफ्नो मन्तव्य | ट |
| ई) प्रकाशकीय | थ |
| १) सम्राट् कनिष्क | १ |
| २) महान् चीनिया यात्री फाहियान | ६ |
| ३) संघनायक भिक्षु शाक्यानन्द महास्थविर | १५ |
| ४) संघनायक भिक्षु सुबोधानन्द महास्थविर | ३० |
| ५) नेपालका ज्येष्ठ अनगारिका त्रय | ३७ |
| ६) अग्रश्रावक -अस्थिधातुयात्रा | ४३ |
| ७) प्राचीन नालन्दा विश्वविद्यालय | ५१ |
| ८) प्राचीन विक्रमशिला विश्वविद्यालय | ६३ |
| ९) राहुल सांकृत्यायनको पहिलो श्रीलंकायात्रा | ६९ |
| १०) राहुल सांकृत्यायनको पहिलो तिब्बतयात्रा | ७६ |
| - परिशिष्ट - | |
| १) भीमराज दाइ - सकलया नुगलय् प्यपुनाच्वनिम्ह मनू | I |
| २) मेरो स्मृति पटलमा - भीमराज वज्राचार्य | VI |
| ३) लुमन्तिइ -भीमराज दाइया | X |


Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# सम्राट् कनिष्क

बुद्धशासनको इतिहासमा बुद्धधर्मलाई प्रज्वलित पार्नमा विशेष मद्दत गरेका केही एशियाली सम्राट्हरूमा अशोक र मिलिन्दपछि कनिष्कको नाम अग्रपंक्तिमा आउँछ।

सम्राट् कनिष्कले प्रथम शताब्दी ईश्वीको अन्तिम चतुर्थांशमा भारतको शासन प्राप्त गरेका थिए। उहाँको शासनकालमा बौद्धधर्म एवं साहित्य निकै उत्थान भएको थियो।

शुरूमा कर्मफलमा नै विश्वास नभएका सम्राट् कनिष्क पछि दुई तीनवटा घटनाबाट बुद्धधर्ममा आकर्षित भएका थिए। एउटा प्रमुख घटना - एक दिन शिकारको बेला जंगलमा एक गोठाला बालकबाट ३ फूटको एक स्तूप बनाई पूजा गरिराखेको देखे। तब सम्राट् अशोकले जस्तै कलिंग विजयपछि जस्तै सम्राट् कनिष्कले काशगर, यारकन्द र खोटन विजयपश्चात् देखेको रक्तपातबाट संवेग उत्पन्न भई पश्चात्तापस्वरूप सदाको निमित्त बौद्ध-धर्मको शान्तिदायिनी शिक्षा स्वीकारेका थिए।

सम्राट् कनिष्कले अशोकले जस्तै धम्महितार्थ सँगायन पनि सम्पन्न गराएका थिए। उक्त सँगायन उहाँले काश्मिरको कुन्दनवन महाविहारमा सम्पन्न गराएका थिए। यस सँगायनका सभापति तत्कालीन सुप्रसिद्ध बौद्धविद्वान् भिक्षु वसुमित्रलाई नियुक्त गरिएको थियो त उप-सभापतिको निमित्त साकेतवासी आचार्य भिक्षु अश्वघोषलाई निमन्त्रित गरिएको थियो। उहाँलाई सँगायनपश्चात् सम्पूर्ण बौद्धसाहित्य



Downloaded from http://dhamma.digital/

सम्पादनकार्यको भार पनि सुम्पिएको थियो। भारतका विभिन्न क्षेत्रबाट ५०० जना बौद्धविद्वान् भिक्षुहरू आमन्त्रित गरी सम्पन्न गरिएको सो सँगायन बुद्धधर्मको इतिहासमा चौथो सँगायनकोरूपमा एवं स्थविरवादको सर्वास्तिवाद निकायको सिद्धान्त संकलन र त्यसको भाष्य (टीका) तयार गर्नको निमित्त थियो । सम्राट् कनिष्कलाई यो सँगायन गर्ने प्रेरणा तत्कालीन एक वृद्ध आचार्य भिक्षु पार्श्वले दिनुभएको थियो। सँगायनपश्चात् त्रिपिटकको अलग-अलग विभाषा-शास्त्र तयार गरियो। सूत्रपिटकको व्याख्यालाई उपदेशशास्त्रकोरूपमा एक लाख गाथाको रचना गरियो। यस्तै विनय-पिटकको व्याख्याकोरूपमा एक लाख गाथा रचना गरी "विनयविभाषाशास्त्र" तयार गरियो र अभिधर्मको पनि व्याख्याकोरूपमा एक लाख गाथा रचना गरी 'अभिधर्म-विभाषाशास्त्र' तयार गरियो। अतः सर्वास्तिवादीहरूलाई 'वैभाषिक' पनि भनिन्छ।

सँगायनकर्ताहरूद्वारा सम्पूर्ण विभाषाशास्त्र संस्कृतभाषामा रचना गरिएको थियो। यसै बेलादेखि पालीभाषाको स्थानमा संस्कृतभाषा एवं साहित्यको उत्थान (प्रतिष्ठा) बढ्दै आएको थियो ।

६ महिना बिताई सम्पन्न गरिएको त्यस सँगायनपश्चात् सम्राट् कनिष्कले अशोकले जस्तै विभिन्न राष्ट्रहरूमा धर्मदूतहरू पठाए। यी धर्मदूतहरूमध्येका केही एशिया र चीनसम्म पनि पुगेका थिए। सम्राट् कनिष्कको राज्य पूर्वमा पाटलिपुत्र (पटना) र बोधगयासम्म थियो त राजधानी पुरुषपुर (हाल पेशावर, पाकिस्तान) थियो । त्यहाँबाट काबुल (हाल अफगानिस्तान), काश्मिर एवं प्रायः सम्पूर्ण उत्तरभारत र नर्मदा (मध्यप्रदेश) सम्म पनि उनले शासन गरेका थिए। आफ्नो राज्यमा त उक्त सँगायनको प्रभाव बढी हुनु स्वाभाविक थियो किन्तु अशोकले



Downloaded from http://dhamma.digital/

पठाएका धर्मदूतहरूको जस्तो स्पष्ट विवरणमात्र भएन ।

सम्राट् कनिष्कको समयलाई बौद्धहरूले कदापि बिर्सन सक्दैनन् कारण उक्त समयमा उपर्युक्त कार्यहरूमात्र भएका थिएनन् कि गान्धारकलाकोरूपमा बुद्धमूर्तिको स्थानमा (प्रतीकस्वरूप) धर्मचक्र, बोधिवृक्ष आदि राखिन्थे । यसको स्पष्ट प्रमाण साँची आदि ठाउँमा पाइन्छ ।

सम्राट् कनिष्कको मुद्रा (Coin) बाट उहाँको शारीरिक बनोट पनि अनुमान गर्न सकिएको छ। उनी एक हृष्टपुष्ट, उच्च कदका व्यक्ति थिए । लामो नाक, दाढीवाल थिए । पहिरनमा पनि उनी प्रायः कोट लगाउँदथे, त्यस्तो कोट अहिले पनि तुर्किस्तानमा लगाउने भएको कुरा उल्लेख गरिएको छ । उनी आफ्नो दरबारमा पश्चिमेली ढंगबाट सजिसजावट गरिराख्थे । उनले आफ्नो देशको लागि ग्रीकलिपि स्वीकारेका थिए त भाषा इरानी या तोखारी थियो ।

जसरी सम्राट् आशोकले आफ्नो नामका साथ सम्मानकोरूपमा 'देवानांप्रिय प्रियदर्शी' उपाधि पाए त्यसरी नै सम्राट्, कनिष्कले पनि आफ्नो नामका साथ 'शाओवानोशाऔ' उपाधि पाएका थिए , यसको अर्थ हो - राजाहरूका पनि राजा । उहाँहरू दुवै सम्राट्को बीचमा ( समयावधिमा) अन्य एक प्रतापी राजा पनि थिए जसको नाम मिलिन्द हो । जसलाई 'धर्मराज' उपाधि प्राप्त भएको थियो । उनी ईशापूर्वका थिए ।

सम्राट् कनिष्कले लगभग ५ दशक (इ.सं. ७८-१२०) सम्म धार्मिकतापूर्वक राज्य गरे । त्यस समयावधिमा उहाँले राज्यविस्तारमात्र गरेका थिएनन् देशमा बुद्धधर्म प्रचारार्थ कयौं उल्लेखनीय कार्यहरू गरे । उनले काश्मिरमा 'कनिष्कपुर' नामक एक नगरको पनि निर्माण गरेका



Downloaded from http://dhamma.digital/

थिए जसलाई हाल पनि 'कनिष्कपुर' भनिन्छ। उनले आफ्नो राज्यमा या राजधानी पुरुषपुरमा एक भव्य 'कनिष्कचैत्य' निर्माण गरेका थिए जुन चैत्य ४०० फीट उचाइको थियो, यसै चैत्यको पश्चिममा उनले 'कनिष्क महाविहार' नामक एक विशाल विहार पनि निर्माण गरेका थिए। त्यस स्तूप एवं विहारको वर्णन चीनीया यात्री (फाहियान, सुंगयुन एवं हुयनसाङ्ग आदि) हरूले गरिराखेका थिए। यद्यपि सातौं शताब्दीका यात्री हुयनसाङ्गले कनिष्क महाविहारलाई भग्नावशेष हुन लागेको प्राचीन विहारकोरूपमा देखेका थिए तैपनि त्यहाँ तब पनि स्थविरवादी भिक्षुहरू रहँदै आएको कुरा पनि उल्लेख गरेका थिए। कनिष्कको समयमा उक्त विहारमा तत्कालीन सुप्रसिद्ध आचार्यहरू पार्श्व, वसुमित्र एवं महाकवि भदन्त अश्वघोष पनि अवश्य रहेका थिए।

उहाँहरू तीनैजनामा पनि विशेषरूपमा आचार्य भदन्त अश्वघोष महाकविमात्र थिएनन् एक दार्शनिक पनि थिए साथै नाटककार पनि जसको प्रमाणस्वरूप हालसम्म पनि उहाँको कीर्ति बौद्धजगत्मा या संस्कृतसाहित्यमा सुप्रसिद्ध छ। उहाँका प्रमुख कृतिहरू निम्न हुन् - बुद्धचरित(महाकाव्य), सौन्दरनन्द (महाकाव्य), सारिपुत्र प्रकरण (नाटक), राष्ट्रपाल (नाटक), वज्रसूची आदि। यी ग्रन्थहरूमा 'बुद्धचरित' महाकाव्य त उहाँले स्वयं सम्राट् कनिष्ककै आग्रहमा उहाँकै दरबारमा रही रचना गर्नुभएको थियो।

यसप्रकार सम्राट् कनिष्कले बुद्धधर्म प्रचारार्थ हरतरहले मद्दत गर्नुभएको थियो। तर यसैलाई उहाँका धर्मविरोधी (विशेषत: ब्राह्मणवादीहरूले उहाँको अन्तका कारण बनाए। जीवनको अन्तमा उहाँ रुग्नावस्थामा थिए नै। त्यसैबेला उहाँका ब्राम्हणवादी अमात्यहरूले



सम्राट् कनिष्कका शिरविहीन प्रतिमा र कनिष्कको एक मुद्रा

Downloaded from http://dhamma.digital/

षडयन्त्रपूर्वक एक ठूलो तकियाले उहाँको मुख छोपिदिए जसबाट उहाँको सास रोकिन गई अन्त भयो ।

सम्राट् कनिष्कको निधनपछि उहाँको गद्दीमा उहाँकै सुपुत्र हुविष्क रहे । हुविष्कले पनि पिताकै सरह बुद्धधर्मको समर्थनमा रहे । उनी आफैले पनि काश्मिरमा एक भव्य संघाराम निर्माण गरेका थिए ।

■■■

-सन्दर्भ-

१) एशियाके महान् बौद्ध सम्राट् - डा. भिक्षु मेधंकर
- बुद्धभूमि प्रकाशन
नागपुर - १९९४
(दोस्रो संस्करण)

२) भारतीय संस्कृति के स्रोत - भगवत शरण उपाध्याय
- पीपुल्स पब्लिशिङ्ग हाउस
नई दिल्ली -१९९३
(दोस्रो संस्करण)

'आनन्दभूमि'
वर्ष -२५, अंक - १०
(माघ, २०५४ वि.सं.)



Downloaded from http://dhamma.digital/

# महान् चीनियायात्री फाहियान

बुद्धको परिनिर्वाण (ईशापूर्व ५४४) पश्चात् पनि उहाँको धर्म द्रुतगतिमा प्रचार-प्रसार भएको फलस्वरूप शताब्दीको अवधिमै यो धर्म निकै व्यापक एवं लोकप्रिय धर्मकोरूपमा प्रतिस्थापित भएको हो । भारतका अतिरिक्त सुदूर देशहरूमध्ये चीन यस धर्मको प्रचार-प्रसार गर्नमा निकै अगाडि बढेको देखिन्छ ।

चीनमा बुद्धधर्मको प्रवेश प्रथम शताब्दीमा भएको मानिन्छ । त्यसताका पूर्वी हानवंशका सम्राट् मिङ-रो (राज्यकाल ५८-७५ ई.)ले एक दिन सपनामा एक स्वर्णमय पुरुष देखे । त्यस सपनाको कुरालाई लिएर मन्त्रीहरूले सम्राट्लाई अवगत गराए कि पश्चिममा गौतम (बुद्ध) नामका एक महान् ऋषि थिए सम्राट्ले उहाँकै दर्शन गरेको हुनुपर्छ ।

मन्त्रीहरूको कुरालाई हृदयंगम गरी सम्राट्ले एक चीनियापंडित र केही राजकर्मचारी(दूत)हरू भारत पठाए । ती दूतहरू भारतबाट 'काश्यप मातङ्ग' र धर्मग्रन्थहरू लिई चीन फर्केको थियो । यो सन् ७६ को कुरा हो ।

यसैबेलादेखि चीनको सांस्कृतिक जीवनमा बौद्धधर्मको अभूतपूर्व योगदान शुरू भयो । चीनमा जनकल्याण, नैतिक आचार एवं धार्मिक प्रवृत्तिको प्रतिष्ठापन बौद्धधर्मको तर्फबाट नै हुँदै आएको देखिन्छ । अतः चीनमा बौद्धधर्मको प्रचार तीव्र गतिमा हुँदै गएको परिणाम स्वरूप कैयौं चीनिया श्रद्धालुहरूले प्रव्रज्या एवं उपसम्पदा ग्रहण गरे र भिक्षु संघको प्रादुर्भाव भयो । चीनिया भिक्षुहरूले भारत-भूमिलाई पुण्यभूमिकोरूपमा स्वीकार गरी भारतको धर्मयात्रा शुरू गर्दै ल्याए ।



Downloaded from http://dhamma.digital/

ती यात्रीहरूमा भारत पुगी महत्त्वपूर्ण उपलब्धि हासिल गरेका प्रथम चीनिया भिक्षु, पूर्वी चीनियाकाल (सन् ३१७-४२०) का फाहियान (फा-शीन) थिए जसले भारतका अनेक नगर र देशहरूको विवरण लेखे ।

यहाँ उहाँकै संक्षिप्त जीवनवृत्ति प्रस्तुत गर्दैछु -

फाहियानको जन्म सन् ३७४ मा चीनको प्राचीन प्रदेश पिङयाङ्ग (हाल शान्सी) मा भएको थियो । उहाँका मातापिताले उहाँलाई सानै उमेरमा विहारमा लगी श्रामणेर गराएका थिए । २० वर्षको उमेरमा उहाँ उपसम्पन्न भई "भिक्षु फाहियान" कोरूपमा चिनिनुभयो ।

उहाँको गृहस्थनाम "कुङ्ग' थियो त उपसम्पदापश्चात्मात्र फाहियान अर्थात् धर्मरक्षित हुनुभयो । उहाँ भिक्षुनियम पढ्नमा निकै लालायित हुनुभयो । तर त्यसताका चीनमा विनयका पुस्तकहरू दुर्लभ थिए । अतः उहाँले विनयपिटक सुलभ गराउने एवं बुद्धको विचरणभूमि दर्शन गर्ने अभिप्रायका साथ भारतको यात्रा सन् ३९९ मा आरम्भ गर्नुभयो । शुरूमा ४ मित्रहरूका साथ यात्रारम्भ गरेका फाहियान आफ्नो स्थान चाङ्गयानबाट लुङ्ग कीनक्वेइ - सियाङ्ग -चाङ्गयी प्रदेश हुँदै तुन-ह्वाङ्ग नगरमा आइपुग्नुभयो ।

तुन-ह्वाङ्गबाट फाहियान एवं उहाँका मित्रहरू पश्चिमतर्फ हुँदै बडो कष्टपूर्वक १७ दिन बिताई गोवी रेगिस्तान् (मरुभूमि) पार गरी शेनशेन-उड करासहर हुँदै खोटन देशमा पुग्नुभयो ।

खोटनराज्य त्यसताका अति समृद्ध थियो बौद्धधर्म राज्यधर्मकोरूपमा खूब प्रचार प्रसार भइराखेको थियो । खोटन ४ शताब्दी पहिलेदेखि नै बौद्धदेश हुनाको कारण त्यसताका सम्ममा त्यहाँ



Downloaded from http://dhamma.digital/

सयौं विहार र हजारौं भिक्षुहरूसमेत भइसकेको देखिन्छ । त्यहाँका शासकले फाहियान एवं उहाँका मित्रमण्डलीलाई देशको सबभन्दा ठूलो एवं प्रमुख गोमती विहारमा रहन आवश्यक प्रबन्ध गरिदिए । त्यहाँ भिक्षुहरूको संयम र विनयपालनबाट फाहियान निकै प्रभावित हुनुभयो ।

फाहियान खोटनमा हुने भव्य रथ महोत्सव अवलोकनको निमित्त ३ महिनासम्म रहनुभएको थियो । हरसाल हुने रथ महोत्सवमा १४ दिनसम्म देशका १४ वटा महाविहारका बुद्ध-मूर्ति भव्य रथमा सुसज्जित गरी नगर परिक्रमा गराइन्थ्यो । ती रथहरू नगरको द्वारमा पुगेपछि राजा र रानी उपस्थित भई राजाले मुकुट हटाई, जुत्ता फुकाली अति श्रद्धाका साथ फूल र धूपले पूजा गर्दथे र रानी एवं अन्तःपुर (दरबार)का अन्य स्त्रीहरूले रथ दरबारअगाडि पुगेपछि माथिबाट रथमा पुष्पवृष्टि गर्दथे ।

यस प्रकारको भव्य रथमहोत्सवको अवलोकनपछि फाहियान एवं उहाँका मित्रहरू पुनः यात्रारम्भ गरी ३ महिनापछि "काशगर" पुग्नुभयो । काशगरमा पनि उहाँहरूले संयोगवश पंचवार्षिक महोत्सव देख्न पाउनुभयो । हरेक पाँच वर्षमा हुने सो महोत्सवमा बुद्धको अस्थिधातु पनि प्रदर्शन गर्ने गरिन्थ्यो । त्यहाँ एक विहारमा हजार जना भिक्षुहरू समेत रहेका थिए ।

काशगरबाट प्रस्थान गरेको केही हप्तापछि फाहियान एवं उहाँका मित्रहरू सिन्धुनदी पार गरी 'उद्यान' पुग्नुभयो । उद्यान पनि त्यसताका बौद्धधर्मको समृद्ध केन्द्र थियो । त्यहाँबाट उहाँहरू गान्धार तक्षशिला हुँदै पेशावर पुग्नुभयो । पेशावरमा फाहियानले सम्राट् कनिष्क (ईशाको प्रथम शताब्दी) द्वारा निर्मित अतुलनीय विशाल स्तूपको



Downloaded from http://dhamma.digital/

अवलोकन गर्न पाउनुभयो ।

पेशावरबाट फाहियान मथुरा-कान्यकुब्ज (कनौज)-शंकाश्य-साकेत हुँदै श्रावस्ती पुग्नुभएको थियो । श्रावस्तीको जेतवन महाविहार त्यसबेला नै खण्डहर भइसकेको थियो, तैपनि श्रावस्तीमा त्यसबेलासम्ममा यत्रतत्र गरी करिब २०० जति घर एवं अनेक स्तूप र विहार विद्यमान थिए नै । त्यही अन्य विहारमा रहेका भिक्षुहरूको तर्फबाट फाहियानलाई अवगत भएको थियो कि कुनैबेला श्रावस्तीमा जेतवन महाविहारको अतिरिक्त आसपासमा ९८ वटा विहारहरू थिए । फाहियानले श्रावस्तीको पूर्वान्तरण भागमा विशाखाद्वारा निर्मित्त पूर्वाराम विहारको पनि अवलोकन गर्नुभएको थियो ।

श्रावस्तीबाट फाहियान कपिलवस्तु आउनुभयो र कपिलवस्तुको खण्डहर अवलोकन गरी बुद्धको जन्मस्थल लुम्बिनीको दर्शन गर्न आई पुग्नुभयो । लुम्बिनीबाट रामग्राम हुँदै फाहियान कुशीनगरको निमित्त प्रस्थान गर्नुभयो ।

यसप्रकार फाहियान एवं उहाँका मित्रहरू उत्तरभारतका अनेक बौद्धस्थलहरूको अवलोकनपश्चात् विहारप्रदेशमा अवस्थित बौद्ध स्थलहरूको अवलोकनको क्रममा कुशीनगर (बुद्धको परिनिर्वाणस्थल-उत्तरप्रदेश, भारत) हुँदै त्यसको पूर्व दिशामास्थित वैशाली पुग्नुभयो । वैशालीबाट फाहियान एवं उहाँका मित्रहरू गंगानदी पार गरी पाटलिपुत्र (हाल पटना) नगरमा पुग्नुभयो । पाटलिपुत्रबाट फाहियान नालन्दा हुँदै राजगृह पुग्नुभयो । त्यसबेला नालन्दामा फाहियानबाट सिर्फ सारिपुत्र महास्थविरको परिनिर्वाणस्थलमा एक स्तूपमात्र देखेको कुरा उल्लेख गरिएको थियो । त्यसबेला प्राचीन नालन्दा विश्वविद्यालयको शुरूवात भएकै थिएन । अत:



Downloaded from http://dhamma.digital/

फाहियान नालन्दापश्चात् तुरुन्तै राजगृह पुग्नुभयो। राजगृह ५ वटा पहाडहरू समागम भएको एक रमणीय नगर थियो। तिनमा एक प्रमुख पहाड 'राजगिरी' थियो। यसै अन्तर्गत गृधकूट पर्वत (Vulture Peak) पनि पर्दथ्यो। यही तथागतले निकै लामो समयसम्म निवास गरी धर्मप्रचार गर्नुभएको थियो। यसै गृधकूट पर्वतमा चक्रमण गरिरहेको बेला तथागतलाई देवदत्तले माथिबाट ढुंगाले आक्रमण गरेको थियो। शिला (ढुंगा)को टुक्रा तथागतको खुट्टामा लागि केही चोट अवश्य भएको थियो र उसको उपचार राजचिकित्सक जीवक कौमारभृत्य वैद्यले गरिदिएका थिए।

फाहियान गृधकूट (रत्नगिरी) पर्वतमा पुगेको बेला भावविभोर भई रातभर बत्ती बाली पूजा-पाठ गरी भन्नुभएको थियो -

"म फाहियान यति लामो समय (अवधि) पछि जन्में कि भगवान् बुद्धसँग भेट गर्न पाइएन। मैले सिर्फ उहाँको चिन्ह र वासस्थानहरूमा एकटक भई हेरिरहन पाएँ।"

यसप्रकार फाहियान सुप्रसिद्ध राजगृह नगरको यत्रतत्रको अवलोकनपछि बोधगया जानुभयो र बोधगयाबाट काशी (वाराणसी), काशीबाट ऋषिपतन मृगदावन (सारनाथ) पुगी अनेक संघाराम (विहार) एवं धर्मचक्रप्रवर्तनस्तूपको दर्शन गर्नुभयो। सारनाथको अवलोकन पछि फाहियानले आफ्नो अर्को प्रमुख उद्देश्य अनुरूप बौद्ध ग्रन्थ विनयपिटकको अध्ययन अनुसन्धान सँग्रहको निमित्त पाटलिपुत्र नगर फर्की ३ वर्षसम्म संस्कृतभाषा एवं साहित्यको अध्ययन गर्नुभयो।

स्मरणीय छ, फाहियानले चौङ्गानबाट हवेकिङ्ग , तावचिङ्ग, हूयिङ्ग र हुवीई नामका ४ जना भिक्षुहरूका साथ यात्रा शुभारम्भ



Downloaded from http://dhamma.digital/

गर्नुभयो। उहाँहरू कान्सू देशको चैगयीमा पुगेको बेला त्यस्तै भारत यात्रा गर्न चाहने चेयेन, हूकिन, पाओन्युन, सांगशाओ र सांगकिंग नामका अन्य ५ जना भिक्षुहरू पनि सम्मिलित भएका थिए। भारतको मध्यदेशको एक प्रमुख नगर पाटलिपुत्र पुगेको बेला फाहियानका साथ एक दुई जना मित्रमात्र बाँकी रहेका थिए। यससम्बन्धमा स्वयं फाहियानले श्रावस्तीको जेतवन विहारमा पुगेको बेला भावविभोर भई भन्नुभएको थियो -

"पृथ्वीको एक भूभाग (प्रान्त) मा जन्मी आफ्ना मित्रहरूको साथ त्यतिका जनपद (देश) हुँदै आए, हामीमध्ये केही स्वदेशमै फर्के, कोही जीवनको असारता र क्षणिकता प्रमाणित गरेर गए। आज त्यस स्थानमा जहाँ बुद्धदेव रहनुभएको थियो पनि दर्शन गर्न पाए।"

पाटलिपुत्रबाट चम्पा ताम्रलिप्ति हुँदै सिंहल यात्रा गर्न लागेको बेलासम्ममा फाहियान एक्लै भइसक्नुभयो। उहाँ तमलूक (ताम्रलिप्ति) बाट एक व्यापारी जहाजमा १४ दिनको सवारपछि सिंहल पुग्नुभयो।

सिंहलमा २ वर्ष रही फाहियानले विनयपिटकका अनेकौं ग्रन्थ प्राप्त गरी स्वदेश फर्कनको निमित्त जहाजमा चढ्नुभयो। २०० यात्रुहरूका साथ प्रस्थान गरेको सो जहाजले पूर्वतर्फ लागेको दिन तूफानको सामना गर्नुपर्‍यो। त्यसको लगत्तै जहाजमा प्वाल परी पानी भर्दै आयो। अतः जहाज हलुका गर्नका निमित्त सबै यात्रुहरूले आ-आफ्ना भारी सामान समुद्रमा फ्याँके। फाहियानले पनि भारत र श्रीलंका (सिंहल)मा संकलन गरेको बौद्धग्रन्थ र अनेक चित्रहरूको एक पोकोबाहेक सम्पूर्ण भाडा वर्तनसहितका सामान समुद्रमा फ्याँक्नुपर्‍यो।

तूफान १३ दिनसम्म चलिरह्यो, बल्ल एक द्वीपको किनारामा



Downloaded from http://dhamma.digital/

लगी जहाजमा रहेको प्वाल पत्ता लगाई आवश्यक मर्मत गरेपछि पुनः प्रस्थान गर्न सक्षम भयो। सो जहाज ९० दिनपछि एउटा टापुमा पुग्यो जुन टापु 'यवद्वीप' अर्थात् वर्तमान जावा थियो। जावाबाट ५ महिनापछि फाहियान पुनः अर्को एक विशाल जहाजबाट आफ्नो देशको एक प्रमुख बन्दरगाह 'क्वाङ्चाओ'को निमित्त प्रस्थान गर्नुभयो। उहाँ आफ्नो देश पुग्ने आशयका साथ जहाजमा यात्रा गरिरहनुभएको थियो। तर अफशोच ! महिना दिन बितेकोमात्र थियो – एक्कासी रातको समयमा भयंकर तूफानको साथ पानी पऱ्यो। जहाजभित्र घोर अन्धकार भयो। सारा यात्रीहरू भयभीत एवं व्याकुल भए। फाहियान पनि रातभर अवलोकितेश्वरको ध्यान गरी पाठ गरिरहनुभयो। निद्रा कसैको आएको थिएन। दुर्भाग्य ! सो जहाजमा यात्रा गरिरहेका केही अन्धविश्वासी ब्राम्हणले यसको मूल कारण फाहियानलाई सम्झे। प्रायः सबै यात्रुहरूले ब्राम्हणको कुरालाई सही ठानी नजिक आउने कुनै टापुमा फाहियानलाई उतार्ने सहमति जनाए। सौभाग्यवश सोही जहाजमा यात्रा गरिरहेका एक प्रतिष्ठित सज्जन फाहियानको पक्षमा थिए र उनले भने –

"यस भिक्षुलाई कुनै पनि टापुमा ओराल्ने (उतार्ने) हो भने मलाई पनि उतार वा मारिदेऊ। अन्यथा यस भिक्षुलाई उतारे यसको खबर हान (चीन) देशको सम्राट्कहाँ पुऱ्याउनेछु। सो सम्राट् दृढ बौद्धधर्मानुयायी थिए। भिक्षुसंघका सम्मान गर्ने वाला थिए। यसबाट के परिणाम हुनेछ। सोच !"

ती सज्जनको लवजको कारण फाहियान पूर्णरूपमा मुक्त भए। उक्त जहाज रातको अन्धकारमा दिशाविहीन हुन गएको कारण ५० दिनमा 'क्वाङ्चाओ' पुग्नुपर्नेमा ७० दिनपश्चात्मात्र बल्ल चीनको कुनै



Downloaded from http://dhamma.digital/

एक टापुमा पुग्यो । सो टापु कुन थियो भन्ने बारेमा दुई जना शिकारीको लवजबाटमात्र चाङ्वाङ्ग वा शानतुङ्ग प्रायद्वीप भनेर थाहा पाउन सकियो ।

यसप्रकार फाहियानले सन् ३९९ मा शुभारम्भ गरेको यात्रा ६ वर्ष मध्यदेश (भारत) पुग्नमा, ६ वर्ष भ्रमण र ३ वर्ष फर्कन गरी चीनबाट प्रस्थान गरेको १५ वर्षपछि सन् ४१४ मा शानतुङ्ग पुगी सम्पन्न गर्नुभयो । शी-आनको पश्चिमतर्फ (स्थलमार्ग) बाट शुरू भएको उहाँको यात्रामा लगभग ३० वटा राज्यहरू पार गरी समुद्रमार्गबाट फर्केको कारण त्यो यात्रा एक पूरा दायराको थियो । ईशाको पाँचौ शताब्दीको एशियाको स्थिति र तत्कालीन संचारसाधनहरूको इतिहासप्रेमीहरूका लागि उहाँको यात्रा ऐतिहासिक मूल्यको र तथ्य हुनाको कारण उहाँको यात्राविवरण तिनीहरूको अध्ययन अनुशीलनको निमित्त अनिवार्य भएको देखिन्छ ।

अन्तमा, आफ्नो देशमा पुगेका फाहियानले आफूले संकलन गरिलगेका प्रायः संस्कृतका बौद्धग्रन्थहरू धराधर चीनिया भाषामा अनुवाद गर्नुभयो । यसका लागि उहाँलाई विशेष सहयोग नानकिङ्गमा रहँदै आउनुभएका नेपाली (कपिलवस्तुका) विद्वान् भिक्षु बुद्धभद्र (सन् ३५९-४२९) ले गर्नुभएको थियो ।

भिक्षु फाहियानले चोगम्वाँ(सिँगचाओ)-नानकिङ्गपश्चात् दक्षिणी चीनको किङ्चाओमा आउनुभई आफ्नो शेष जीवन विनयपिटकको प्रचार-प्रसारमा बिताई सन् ४६३ तिर ८८ वर्षको उमेरमा आफ्नो दीर्घजीवन समाप्त गर्नुभयो ।

■■■



Downloaded from http://dhamma.digital/

- सन्दर्भ -

१) फाहियान - जगन्मोहन वर्मा
(हिन्दी अनुवादक)- काशी नागरी प्रचारिणी सभा
वि.सं. १९७६

२) बौद्ध धर्मका एक अध्ययन - डा. अवधेश सिंह
रामानन्द विद्याभवन,
दिल्ली - १९७८

३) बौद्ध संस्कृति - महापण्डित राहुल सांकृत्यायन
आधुनिक पुस्तक भवन,
कलकत्ता - १९५२

४) चीन-भारत मैत्रीका संक्षिप्त इतिहास - प्रो. चिन खमू
(हिन्दी अनुवादक) - जानकी बल्लभ
विदेशी भाषा प्रकाशन गृह,
पेइचिङ्ग - १९८४

Dhamma.Digital

'मैत्री'
मैत्रेय युवा संघ
बु.सं. २५४५-वि.सं. २०५८



Downloaded from http://dhamma.digital/

# संघनायक भिक्षु शाक्यानन्द महास्थविर

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरुत्थान गर्नमा विशेष योगदान दिनुभएका महानुभावहरूमध्ये भिक्षु शाक्यानन्द महास्थविर पनि एक हुनुहुन्छ ।

उहाँको जन्म वि.सं. १९६६ साल, चैत्र महिनामा भोजपुरको टक्सारमा भएको थियो । उहाँ बाल्यकालदेखि नै विभिन्न धार्मिक क्रियाकलाप (धर्मचर्चा, बुद्धमन्त्रको जप, अष्टमीव्रत पालन गर्ने आदि) मा संलग्न हुँदै आउनुभएका व्यक्ति हुनुहुन्थ्यो ।

उहाँको पिताको नाम कुलधन शाक्य र आमाको नाम चिरीमाया शाक्य थिए । उहाँको एक दाजु पुण्यधन शाक्य हुनुहुन्छ र भाइहरूमा चैत्यधन शाक्य र कुलराज शाक्य हुनुहुन्छ । उहाँको नाम 'चक्रधन शाक्य' थियो । उहाँका दुबै भाइहरू पनि पछि प्रव्रजित हुनुभएको थियो ।

चक्रधन शाक्य सानै उमेरमा (१२ वर्षदेखि) बाजेबज्यैका साथ पाटनमा रहनुभएको थियो । त्यसबेला उहाँले सतोधर्मका ज्ञाता जुजुमान साहूकहाँ गई सतोधर्म को विधि पनि सिक्नुभएको थियो । उहाँ २० वर्ष पुग-नपुग भएको बेला उहाँका बाजे र बज्यैको निधन भएको थियो । त्यसबेला उहाँका बुबा ४५ दिनको क्रिया गर्नको निमित्त भोजपुरबाट काठमाडौं आउनुभएको थियो । क्रिया सिध्याई उहाँ पनि बुबासँगै भोजपुर जानुभएको थियो । भोजपुरमा पनि उहाँले सतोधर्म पालन गर्दै रहनुभयो ।

त्यसैताका महादान नामक एक बौद्ध त्यागी (लामाभिक्षु) भोजपुर आउनुभएको थियो । चक्रधन शाक्यले उहाँसित सम्पर्क एवं सत्सँगत गर्दै लगे जसको फलस्वरूप उहाँमा पनि वैराग उत्पन्न हुन थाल्यो ।



Downloaded from http://dhamma.digital/

अतः उहाँले पूरा २० वर्षको उमेर (वि.सं. १९८७ साल)मा गृहत्याग गर्नुभयो । उहाँका दाजु एवं भाइहरूले उहाँलाई फर्काउन कोशीश पनि गरेका थिए । तर उहाँले दृढसङ्कल्पका साथ त्याग गर्नुभएको प्रमाणस्वरूप घर फर्कन कुनै हालतमा पनि स्वीकार गर्नुभएन ।

उहाँ भोजपुरबाट धनकुटा र धरान हुँदै विराटनगर पुग्नुभयो । विराटनगरबाट पुनः जोगवनी जानुभई रेलबाट रक्सौल आउनुभयो । रक्सौलबाट पुनः नेपालभित्र आउनुभई काठमाडौंसम्म पुग्नुभयो। काठमाडौं उपत्यकामा केही दिन रहनुभई पश्चिमतर्फ लाग्नुभयो । मनकामना, बन्दिपुर, गोरखा, पोखरा हुँदै उहाँ वि.सं. १८८९ (सन् १९३२)मा पहिलो पल्ट तानसेन पुग्नुभयो ।

त्यसबेला तानसेनबासीहरूले उहाँलाई गेरुवावस्त्र लगाउनुभएका एक राम्रो अनुहार भएका नवयुवककोरूपमा देख्नुभएको थियो । उहाँ ३-४ महिना तानसेनमा रहनुभई विधिवत्‌रूपमा श्रामणेर हुनको निमित्त तथागतको परिनिर्वाणस्थल कुशीनगर जानुभयो, जहाँ ऊ चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२)ले केही समयसम्म परीक्षा लिनुभएपछि उहाँलाई वि.सं. १९८६ को चैत्र महिनामा वा चैत्र शुक्ल अष्टमीका दिन श्रामणेर गर्नुभयो। नाम उहाँको शाक्यकुलको स्मरण गरी "शाक्यानन्द" राख्नुभयो । श्रामणेर शाक्यानन्दले पनि एक महिनाभित्रैमा सारा श्रामणेर-शिक्षा अवगत गर्नुभई पालन गर्नुभएको थियो ।

त्यसबेला कुशीनगरमा एम.ए. पिरिस नामक एक सिंहली भिक्षु पनि थिए, उहाँ भिक्षु श्रद्धानन्द एवं लङ्काबाबाकोरूपमा पनि सुपरिचित रहनुभएको थियो । उहाँ ६० वर्षको उमेरमा नोकरीबाट



Downloaded from http://dhamma.digital/

रिटायर्ड हुनुभएपछि विशेष प्रसन्नताका साथ तथागतको पावनभूमि भारतमा आउनुभयो र कुशीनगरमा भगवान् बुद्धको परिनिर्वाणमूर्ति दर्शन गरी सन्तोष गर्नुभएको थियो । उहाँले कुशीनगरमा नै रही बौद्धधर्म पुनरुत्थानको निमित्त केही गर्ने संकल्प गर्नुभयो, जसअनुसार उहाँले कुशीनगर एवं आसपासका निर्धन, अशिक्षित र साधन विहीन जनताहरूको दुर्दशा देखी शिक्षामा विशेष जोड दिने संकल्प गर्नुभएको थियो । अतः उहाँले एक शिक्षकको प्रबन्ध गरी निःशुल्क पाठशालाको स्थापना गर्नुभयो, जसको निमित्त उहाँले गाउँ-गाउँमा घुमफिर गरी बच्चाहरू जम्मा गर्नुभएको थियो । बच्चाहरूलाई प्रसन्न गर्न उहाँले मिठाई, पैसा, चामल, फलफूल आदि पनि वितरण गर्ने गर्नुहुन्थ्यो । पछि आएर यो स्कुल जुनियर हाइस्कूल र इन्टर कलेजसम्म हुन आयो ।

यसरी कुशीनगरमा शिक्षाको केही प्रबन्ध गर्नुभएपछि लुम्बिनीमा पनि केही व्यवस्था गर्ने आशयले श्रामणेर शाक्यानन्दका साथ उहाँ सन् १९३३ को अप्रिल महिनामा लुम्बिनी आउनुभएको थियो । तर अफशोच ! लुम्बिनीमा गई केही गर्न नपाउँदै विषम जलवायुको कारण केही दिनको मलेरियाज्वरले गर्दा औषधी गर्दागर्दै पनि निको नभई अप्रिल महिनामा मै उहाँले लुम्बिनीमा आफ्नो प्राण त्याग गर्नुभएको थियो ।

यसको खबर श्रामणेर शाक्यानन्दले नै कुशीनगरमा जानुभई गुरुवर ऊ. चन्द्रमणि महास्थविरलाई सुनाउनुभएको थियो, जुन खबर सुन्नासाथ उहाँ निकै दुःखित हुनुभयो ।

त्यसवर्ष (सन् १९३३) को वैशाखपूर्णिमा श्रामणेर शाक्यानन्दले कुशीनगरमै मनाउँदै, केही दिनपछि बुटवल, तानसेन आउनुभयो । दुबै ठाउँमा गरी केही महिना बिताउनुभएपछि उहाँ सारनाथ (धर्मचक्रप्रवर्तन



Downloaded from http://dhamma.digital/

स्थल) जानुभयो । सारनाथमा उहाँको सम्पर्क ऊ. कित्तिमा महास्थविर (सन् १९०३-८७) सित भयो, त्यस्तै महावोधि सोसाइटीका आजीवन प्रधानमन्त्री नियुक्त हुनुभएका ब्रम्हचारी देवप्रिय बलिसिंहा (सन् १९०४-६८) सित पनि सारनाथको महाबोधि सोसाइटीमा भेटघाट भयो, उहाँले श्रामणेर शाक्यानन्दलाई 'धम्मपद' एउटा उपहारस्वरूप प्रदान गर्नुभएको थियो ।

यसरी उहाँ दुई महानुभावहरूसित सुपरिचित भइसकेपछि 'बोधगया' प्रस्थान गर्नुभएको थियो । त्यहाँ श्रीलङ्का विहारमा रहनुभई भदन्त शासनश्री महास्थविर (सन् १८९९-१९६६) बाट पनि परिचित हुनुभयो । उहाँ महास्थविर सन् १९२९ मा अनगारिक धर्मपालको आग्रहबाट भारतमा धर्मप्रचारार्थ प्रशिक्षित गरिएका १० जना श्रामणेरहरूको आचार्यत्वमा श्रीलङ्काबाट भारत आउनुभएको थियो । ती श्रामणेरहरूलाई उहाँले बङ्गालको शान्तिनिकेतन, विश्वभारती विश्वविद्यालयमा प्रशिक्षण दिन लगाउनुभएको थियो । १५ वर्षको उमेरमा सन् १९१४ मा श्रामणेर हुनुभएका भदन्त शासनश्री महास्थविर सन् १९२० मा उपसम्पन्न हुनुभएको थियो । उहाँले सन् १९६० मा विशिष्ट बौद्धविद्वानहरूको लेख सम्पादन गरी "बुद्धकी देन" नामक एक किताब पनि प्रकाशित गर्नुभएको स्मरणीय छ ।

उहाँसित पनि राम्रैतवरमा चिनापर्ची भइसकेपछि श्रामणेर शाक्यानन्द कुशीनगरमै फर्कनुभयो । कुशीनगरमा भिक्षु धम्मालोक (सन् १८९०-१९६७) पनि आइरहनुभएको कारण उहाँ खुशी हुनुभयो ।

त्यसबेला ऊ. चन्द्रमणि महास्थविरले आफ्ना एक शिष्य अच्युतानन्दलाई बर्मा पठाउने बन्दोवस्त गरिरहनुभएको थियो। उहाँसित

आफू पनि बर्मा जान चाहेको कुरा श्रामणेर शाक्यानन्दले ऊ. चन्द्रमणि महास्थविरसमक्ष व्यक्त गरे जसअनुसार खर्चको निमित्त गुरुवर र भिक्षु धम्मालोकको तर्फबाट पनि केही सहायता पाई श्रामणेर शाक्यानन्द वि.सं. १९९० अर्थात् सन् १९३४ मा बौद्धसाहित्य अध्ययन गर्न अच्युतानन्दका साथ बर्मा प्रस्थान गर्नुभयो ।

बर्मा पुगी, रंगूनको दर्शनीय स्थलहरूको अवलोकन गरिसकेपछि बर्माको एक अन्य शहर 'मोलमिन प्रस्थान गर्नुभयो, जहाँको' "टाऊ-पाउ-च्याउँ" विहारमा पुग्नुभई ऊ. चक्कपाल महास्थविर (सन् १८८०-१९५३) लाई भेट्नुभयो । उहाँ बर्माका एक अग्गमहापण्डित एवं पालिसाहित्यका महाआचार्य थिए । उहाँकै छत्र-छायामा रही श्रामणेर शाक्यानन्दले बर्मेली भाषा र बौद्धग्रन्थको अध्ययन शुरूगर्नुभएको थियो ।

ऊ. चक्कपाल महास्थविरकै सुझावअनुसार श्रामणेर शाक्यानन्द वि.सं. १९९२ सालको माघ कृष्णपक्षको सप्तमी रविवारका दिन ६६ जना भिक्षुहरूका साथ मेधें सयादो महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न हुनुभएको थियो ।

उहाँले बर्मामा बौद्धसाहित्यअन्तर्गत 'अभिधर्म' को पनि अध्ययन गर्नुभएको थियो । बर्मामा ६ वर्षजति रहनुभई वि.सं. १९९६ सालतिर स्वदेश फर्कनको निमित्त कलकत्ता आइपुग्नुभयो । कलकत्तामा भिक्षु कर्मशील (प्रज्ञानन्द), श्रामणेर प्रज्ञारश्मि एवं भाजुरत्न कंसाकार (वि.सं. १९४०-२०१३) लाई भेट्नुभयो ।

कलकत्ताबाट सिलगुडी हुँदै उहाँ कालिम्पोङ्ग पुग्नुभयो । कालिम्पोङ्गको त्रिपाई डाँडामा अवस्थित प्रज्ञाचैत्य महाविहारमा भिक्षु महाप्रज्ञा (भिक्षुत्वकाल सन् १९३१-४६) लाई भेट्नुभयो । उहाँलाई



Downloaded from http://dhamma.digital/

बर्मास्थित "बङ्गाली बुद्धिष्ट सोसाइटी"ले ११ थान बङ्गालीपुस्तकहरू भिक्षु शाक्यानन्दमार्फत् पठाएको रहेछ। अत: ती ग्रन्थहरू बुझाउन पनि भिक्षु शाक्यानन्द कालिम्पोङ्ग आउनुभएको थियो। कालिम्पोङ्गमा डेढ महिनाजति रहनुभएपछि 'दार्जिलिङ्ग एकपटक अवलोकन गरी उहाँ वैशाखपूर्णिमाको निमित्त कुशीनगर प्रस्थान गर्नुभयो।

यस अवधिभित्रमा उहाँको कनिष्ठ भाइ कुलराज (विमलज्योति) शाक्य पनि वि.सं.१९९६ को वैशाखपूर्णिमाको दिन कुशीनगरमा ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट "श्रामणेर सुबोधानन्द" भइसकेको थियो।

वि.सं. १९९३ (सन् १९३७) सालको पौष महिनामा भिक्षु महाप्रज्ञा, श्रामणेर अमृतानन्दको आग्रहमा कालिम्पोङ्गबाट सिलगुडी-जोगवनी-विराटनगर-धरान हुँदै भोजपुर पुगनुभएको थियो। भोजपुरमा उहाँलाई विशेषत: भिक्षु शाक्यानन्दका दाजु पुण्यधन र भाइहरू चैत्यधन र कुलराज शाक्यको अनुरोधमा एउटा बुद्ध-मूर्ति निर्माण गर्न लगाउनुभएको थियो जुन मूर्ति भिक्षु महाप्रज्ञाले १८ दिनमा तयार गर्नुभएको थियो।

मूर्तिमा रङ्ग-रोगन पनि सकिनासाथ पौष मसान्त (३० गते) का दिन भव्य रथयात्रा गरी ती बुद्ध-मूर्तिलाई विहार (धर्मस्थलकोरूपमा एकतल्ले गरी बनाइराखेको)मा प्रतिष्ठा गर्नुभयो र विहारको नाम पनि भिक्षु महाप्रज्ञाले नै "श्री शाक्यमुनि विहार" राख्नुभयो।

यसको भोलिपल्ट माघसंक्रान्तिको दिन विहारमा थुप्रै भक्तजनहरू भिक्षु महाप्रज्ञाको धर्म श्रवणार्थ जम्मा भइरहेका थिए। त्यसबेला भोजपुर जिल्लाका प्रतिष्ठित साहू देवबहादुर हलुवाईसहित कयौं मानिसहरू स्थविरवाद बुद्धधर्म (षड्यन्त्रकारीहरूका नजरमा नयाँ मत)मा लागेको

देखी असह्य भई जिल्लाका बडाहाकिम गरुडध्वजकहाँ चुग्ली पुगिसकेको थियो । अतः बडाहाकिम केही कर्मचारी र सिपाहीहरू साथ लिई विहारमा पुग्नुभयो ।

भिक्षु महाप्रज्ञा र बहाहाकिमका बीच अनेक सवाल-जवाफ भइसकेपछि भिक्षु महाप्रज्ञा सन् १९२७ (वि.सं. १९८४)मा देशबाट निर्वासित भएका व्यक्ति भन्ने थाहा पाउनासाथ, अन्य २/३ वटा आरोप पनि लगाई उहाँलाई पक्रेर लगेको थियो । ती अन्य आरोपहरू निम्न हुन् -

१) हिन्दू बौद्ध भएको ।

२) स्वीकृति नलिई बुद्ध-मूर्ति निर्माण गरेको र

३) बुद्धधर्म प्रचार गर्न नहुने, प्रचार गरेको आदि ।

भिक्षु महाप्रज्ञाको साथै उहाँलाई विशेष सहायता दिनुभएका श्रामणेर अमृतानन्द एवं अन्य ९ जना उपासकहरूलाई पनि बेलुका, मैन्टोलबत्ती २ वटा लिई, ती ११ जनालाई सिपाही र कर्मचारीहरूको बीचमा राखी बडा हाकिम अगाडि घोडामा चढ्दै पहाडको बाटोबाट अड्डा खानामा लगिरहेको दृश्य त्यसबेला उहाँहरूलाई अलि रमाइलो पनि लागेको थियो ।

बडाहाकिम एवं सरकारी कर्मचारीहरूले भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्दलाई जेलमा राखियो र उपासकहरूलाई महिनौं तारिखकोरूपमा हाजिर हुनुपर्ने गरी कष्ट दिए । उपासकहरूमा विशेषतः कुलराज शाक्य (पछि भिक्षु सुबोधानन्द) लाई स्थानीय प्रमुख मद्दती ठहऱ्याई निकै दुःख दिएको थियो ।

श्रामणेर सुबोधानन्द वि.सं. १९९७ साल कार्तिक महिनातिर कालिम्पोङ्गको प्रज्ञाचैत्य महाविहारमा रहनुभएको बेला श्रामणेर



Downloaded from http://dhamma.digital/

अमृतानन्दले उपसम्पन्न हुनको निम्ति श्रीलंकामा आएपनि हुन्छ भन्ने खबर पठाएकोले उहाँ श्रीलंका प्रस्थान गर्नुभयो र २५ जनवरी १९४० का दिन श्रामणेर अमृतानन्दका साथै उपसम्पन्न भई 'भिक्षु सुबोधानन्द' हुनुभयो । उहाँहरू कोलम्बो, वजिरारामका महानायक भिक्षु वज्रज्ञान (वजिरञाण) महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न हुनुभएको थियो ।

त्यसबेला दोस्रो विश्वयुद्ध शुरू भइरहेको थियो । अतः श्रीलंकामा पनि फौज पुग्न सक्ने सम्भाव्यताले भिक्षु अमृतानन्दले अध्ययन गराउनको निमित्त तानसेनबाट लगी राखेका दुईजना केटाहरूलाई श्रीलंकाबाट साथमा लिई भिक्षु अमृतानन्द सन् १९४१ को अन्ततिर स्वदेश फर्कनुभएको थियो ।

ती केटाहरू द्वय(नीरकाजी र मतिनाकाजी- भिक्षु अमृतानन्दकै काकातर्फका भाइहरू)मा मतिनाकाजी शाक्य पछि वि.सं. २००१ सालमा श्रीलंकामै "श्रामणेर विमलानन्द" हुनुभएको थियो ।

उहाँहरूलाई तानसेनमा छोडिसकेपछि भिक्षु अमृतानन्द स्वयम्भूको किण्डोलविहारमा आउनुभयो । उहाँले स्वयम्भूपर्वत स्थानमा वि.सं. १९९९ साल (सन् १९४२ मई) को कार्तिक महिनाभर विहान-विहान एक-एक घण्टा धर्मोपदेशको कार्यक्रम गर्नुभएको थियो । उहाँको धर्मोपदेश सुन्न त्यसताका (मानिसहरू एकत्रित हुन नपाउने जंगी कानून लागू भएको बेला) पनि हजारौंको संख्यामा श्रोतागणहरू उपस्थित हुँदै आएका थिए । धर्मोपदेश (विशेषतः विश्वन्तर जातकदेशना) समाप्तिको अवसरमा उहाँले ४ जना भिक्षुहरूद्वारा कार्तिकपूर्णिमाका दिन पहिलोपल्ट नेपालमा अहोरात्र महापरित्राण सम्पन्न गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital/

यस महापरित्राणको निमित्त भिक्षु अमृतानन्दले भोजपुरमा भिक्षु शाक्यानन्दलाई पत्र पठाउनुभएको थियो जुन पत्र पाउनासाथ भिक्षु शाक्यानन्द एउटा भरिया साथ लिई पहाडको बाटाबाट १०-११ दिनजति बिताई काठमाडौं आइपुग्नुभएको थियो।

भिक्षु सुबोधानन्द पनि श्रीलंकामा ३ वटा वर्षावास बिताई सन् १९४३ (वि.सं. २००० वैशाखपूर्णिमाअगाडि) मा श्रीलंकाबाट कालिम्पोङ्ग आउनुभयो। कालिम्पोङ्गबाट लगत्तै काठमाडौं आउनुभई किन्डोलविहारमा दाजु शाक्यानन्दलाई भेट्नुभयो, यो उहाँहरूको (दाजुभाइको) १२ वर्षपछिको मिलन थियो।

यस वर्ष काठमाडौंमा भिक्षुहरू प्रज्ञानन्द, धम्मालोक, अमृतानन्द, शाक्यानन्द र सुबोधानन्दहरूको सक्रिय सहयोगले भव्यरूपमा बुद्धजयन्ती मनाउनुभएको थियो।

वैशाखपूर्णिमा सिध्याई भिक्षु सुबोधानन्द वर्षाबासको निमित्त किन्डोलमै रहनुभयो। भिक्षु शाक्यानन्द वर्षाबासको निमित्त पुनः भोजपुर प्रस्थान गर्नुभयो।

यसैपटक (सन् १९४२-वि.सं. २०००) को वर्षाबास सिध्याई भिक्षु शाक्यानन्द भोजपुरबाट फर्कंदैथिए। बीच बाटैमा १६-१७ जवान पुलिसहरू आई उहाँलाई पक्री गोश्वरा लगिहाले। उहाँलाई, विवाहिता नारीहरूलाई अष्टशील दिएको र दुई चार जना पुरुषहरू र दुई चार जना स्त्रीहरूलाई कुशीनगरमा लगी बुद्धधर्ममा मोड्न लागेको आरोप लगाइएको थियो।

उहाँको सम्पूर्ण कुरालाई काठमाडौं पुऱ्याई, त्यसको जवाफ नआएसम्म भोजपुरकै ज्ञानज्योति गुभाजूको जमानीमा छोडिएको



Downloaded from http://dhamma.digital/

थियो । काठमाडौंबाट "बौद्धमार्गीहरूले बुद्धधर्ममा मोड्दा कुनै बाधा छैन" भन्ने जवाफ आइसकेपछिमात्र बडाहाकिम गरुडध्वजले उहाँलाई भोजपुरबाट बाहिर जान सक्ने आदेश दिएको थियो ।

उहाँ भोजपुरबाट कुशीनगर जानुभई ऊ. चन्द्रमणि महास्थविरको दर्शन गर्नुभयो र केही दिनपछि बुटवल तानसेन हुँदै पोखरा आउनुभयो । पोखराबाट उहाँले मुक्तिक्षेत्रको पनि यात्रा गर्नुभयो । मुक्तिनाथको यात्रापछि उहाँ पुनः पोखरा फर्कनुभई १५ दिनजति रही धर्म-देशनाको कार्यक्रम गर्नुभएको थियो ।

त्यसबेला पोखरामा भिक्षु महाप्रज्ञा पनि आइरहनुभएको थियो । उहाँले अनगागरिका धर्मशीला(वि.सं. १९७४-२०४३) को बुद्धविहारको निमित्त एउटा बुद्ध-मूर्ति निर्माण गरिदिनुभएको थियो । उहाँ २० दिनजति पोखरामा रहनुभई बुटवल प्रस्थान गर्नुभयो, भिक्षु शाक्यानन्द पनि बैशाख पूर्णिमा समाप्त हुने बित्तिकै तानसेन प्रस्थान गर्नुभयो । त्यस साल (२००१ साल)देखि प्रायः गरी उहाँ तानसेनमै रहनुभएको थियो ।

यसैक्रममा भिक्षु शाक्यानन्द महास्थविरले तानसेन निवासकालमा बिताउनुभएको भिक्षु-जीवनका केही प्रमुख घटनाहरूलाई याद गरौं -

१) वि.सं. २००६ साल (सन् १९४९) मा बुद्धरक्षित (बंगाली) र संघरक्षित (अंग्रेजी) नामका दुइजना श्रामणेरहरूलाई तानसेनमा धर्मप्रचारार्थ ऊ. चन्दमणि महास्थविरले कुशीनगरबाट पठाउनुभएको थियो । उहाँहरू चन्द्रमणि महास्थविरकै हातबाट १२ मई १९४६ (वैशाखपूर्णिमा)का दिन श्रामणेर हुनुभएको थियो । उहाँहरू तानसेनको टक्सारमा एक महिनाजति रहनुभएको थियो। अतः उहाँहरूको सम्पर्क भिक्षु शाक्यानन्द



Downloaded from http://dhamma.digital/

स्थविरसित घनिष्ठ रहेको कुरा स्वयम् भिक्षु संघरक्षितले आफ्नो यात्रा वर्णनकोरूपमा लेखिएको "The Thousand-Petalled Lotus" भन्ने ग्रन्थमा भिक्षु शाक्यानन्दको साथै आनन्द विहार र महाचैत्य विहार आदि तानसेनसम्बन्धी कुरा कृतज्ञस्वरूप लेख्नुभएको थियो ।

२) त्यसबेला भोजपुर, तानसेन र पोखरा आदि ठाउँहरूमा रहनुभएका शाक्य, वज्राचार्यहरूलाई आफ्ना छोराहरूको चूडाकर्म (व्रतबन्ध) गर्न काठमाडौं उपत्यकासम्म धाउनुपर्ने समस्याले निकै जटिलरूप लिँदै आएको थियो । यस समस्यालाई भिक्षु अमृतानन्द महास्थविर ( वि.सं. १९७५-२०४७)ले बेलैमा बुझ्नुभई भिक्षु शाक्यानन्द र भिक्षु सुबोधानन्दसहित तानसेन र भोजपुरका केही प्रतिनिधिहरूको एक टोली बनाई नारायणहिटी राजदरबारमा जानुभई श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११) समक्ष आ-आफ्नो ठाउँमै चूडाकर्म गर्न पाउने बिन्तिपत्र चढाउनुभएको थियो । सो बिन्तिपत्रलाई श्री ५ त्रिभुवनले सहर्ष स्वीकार गर्नुभई आ-आफ्नो ठाउँमा चूडाकर्म गर्ने हुकुम प्रमाङ्गी बक्सेको थियो - यो थियो २००८ सालको कुरा ।

३) सन् १९५४ मा बर्मामा छटठ सँगायना शुरूभएको थियो, जसको प्रथम सन्निपात (अधिवेशन) १५ मई १९५४ मा शुरू भई ८ जुलाई १९५४ का दिन समाप्त भएको थियो । त्यस्तै दोस्रो सन्निपात २५ नवम्बर १९५४ देखि शुरू हुने भएको थियो, जसको निमित्त नेपालको तर्फबाट सँगीतिकारककोरूपमा सहभागी हुन भिक्षु शाक्यानन्द र भिक्षु विवेकानन्द (वि.सं. १९७३-२०४३) १३ नवम्बरका दिन कलकत्ताबाट "रंगून" पुग्नुभएको थियो ।

द्वितीय सन्निपातको अवधिभित्रमा ३-५ डिसेम्बर १९५४ सम्म



Downloaded from http://dhamma.digital/

तृतीय विश्व बौद्ध सम्मेलन पनि सँगायना भएको ठाउँ "महापासान गुफा"मा सम्पन्न भएको थियो। विश्वबौद्ध सम्मेलनको साथै सँगायनाको द्वितीय सन्निपात सिध्याई भिक्षु शाक्यानन्द एक्लै स्वदेश (तानसेन) फर्कनुभएको थियो।

४) २०१३ (सन् १९५६) सालमा, नेपालमा चतुर्थ विश्व बौद्धसम्मेलन सम्पन्न भएको थियो, जुन सम्मेलन नवेम्बर (कार्तिक) महिनाको १५ देखि २१ तारिखसम्म ४२ राष्ट्रका प्रतिनिधिहरू सम्मिलित भई सुसम्पन्न भएको थियो।

सन् १९५६ को मई महिनामा २५०० औं बुद्धजयन्ती पनि पर्न आएको कारण धूमधामका साथ तानसेनमा पनि बुद्धजयन्ती मनाएको थियो। बुद्ध-जयन्ती एवं वर्षावासको समाप्तिपछि भिक्षु शाक्यानन्द, अनगारिका करुणा र सुशीलालाई साथ लिई भारतभ्रमणमा जानुभएको थियो, जुन भ्रमण अन्तर्गत उहाँहरू साँची, अजन्ता, एलौरा, बम्बई, दिल्ली र आग्रा हुँदै कुशीनगर पुग्नुभएको थियो। कुशीनगरबाट पुन:उहाँहरू अन्य अनगारिकाहरूलाई पनि साथ लिई चतुर्थ विश्व बौद्ध सम्मेलनमा सहभागी हुन काठमाडौं आइपुग्नुभएको थियो।

५) काठमाडौं उपत्यकाबाहिर नेपालभाषासाहित्य र बुद्धधर्ममा बढी जागरण भएको ठाउँ भोजपुर पनि एक थियो। त्यसताका नेपालमा भएका २५-२६ जवान भिक्षुहरूमा भोजपुरका (टक्सार टोलका) सुपुत्रहरूमात्रै ५ जना थिए, अझ अनगारिका हुनेहरू पनि थिए। पुन: सिर्फ कुलधन शाक्यका चार सुपुत्रहरूमा पुण्यधन शाक्य (ज्येष्ठ) बाहेक अन्य तीनै जना भाइहरू भिक्षु शाक्यानन्द, भिक्षु सुबोधानन्द र श्रामणेर सुगतानन्द प्रव्रजित हुनुभई बुद्धशासनमा सम्मिलित हुनुभएको थियो।



Downloaded from http://dhamma.digital/

चैत्यधन शाक्य - वि.सं. २०१८ सालको कार्तिक पूर्णिमाका दिन कुशीनगरमै ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट नै "श्रामणेर सुगतानन्द" हुनुभएको थियो । उहाँ कुशीनगरबाट बुटवल, रिडी र तानसेन हुँदै भिक्षु शाक्यानन्दका साथ पौष महिनामा भोजपुर पुग्नुभयो, जहाँ पौष २३ गतेदेखि माघसंक्रान्तिसम्म गरी ९ दिन भव्यरूपमा "शाक्यमुनि बौद्ध संघ"को तत्त्वावधानमा "शाक्यमुनि विहार" मा महापरित्राण सुसम्पन्न भएको थियो। ती महापरित्राणमा एकै परिवारका तीनै जना प्रव्रजितहरू सामेल हुनुभएको एक विशेष महत्त्वको कुरा मान्न सकिन्छ । श्रामणेर सुगतानन्दको महापरित्राण सिध्याई केही दिनमै (माघ ७ गते) पुरानो श्वास रोगको कारण आफ्नै गुरुभाइ एवं परिवारको साम्‌ ४९ वर्षको उमेरमा भोजपुरमै निधन भयो ।

६) वि.सं. २०४१ साल मंसिर १८ गतेदेखि २२ गतेसम्म अखिल नेपाल भिक्षु महासंघ"ले देश विदेशका भिक्षुहरूको समागम गरी "भिक्षुसम्मेलन" सम्पन्न गर्नुभएको थियो । त्यस सम्मेलनमा नेपालका ज्येष्ठ भिक्षु प्रज्ञानन्द महास्थविरलाई "संघमहानायक" र भिक्षु शाक्यानन्द महास्थविरलाई "उपसंघनायक" पदबाट विभूषित गरिएको थियो । उक्त सम्मेलनमा श्रीलङ्काबाट मदिहे पञ्ञासिंह महास्थविर र प्रियदर्शी महास्थविर, थाइलैण्डबाट फ्रा. धम्मधीर राजमहामुनि, बर्माबाट ऊ. सागराभिवंश महास्थविरहरू पनि आमन्त्रित हुनुभएको थियो ।

भिक्षु शाक्यानन्द महास्थविरलाई "उपसंघनायक"पदबाट विभूषित गरिएको खुशीयालीमा "तानसेन ज्ञानमाला संघ" परिवारले २२ पौष २०४१ का दिन 'आनन्द विहार' मा उपहारसहित 'अभिनन्दन समारोह' को आयोजना गरिएको थियो ।

७) वि.सं. २०४५ साल चैत्र १७-२१ गतेसम्म तामसेनबासी



Downloaded from http://dhamma.digital/

(विशेषतः ज्ञानमाला सभा, टक्सार महाचैत्य विहार)हरूले भिक्षु शाक्यानन्द महास्थविरको ८० औं वर्षप्रवेश र धर्मदेशनाको ४५ औं वर्षप्रवेशको उपलक्ष्यमा भव्यरूपमा अभिनन्दन समारोह र तृतीय राष्ट्रिय बौद्ध हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरिएको थियो जसमा भक्तपुरको बौद्ध समंकृत विहारको तर्फबाट यस पंक्तिका लेखकका साथ शाक्यन शाक्य, देवचन्द्र वज्राचार्य र प्रज्वलचन्द्र वज्राचार्यले सहभागी भई भाग लिएका थियौं ।

८) वि.सं. २०४९ फागुन २८ गतेका दिन "अग्गमहापण्डित" "अरिय धम्मरक्खित नेपाल बुद्धशासन वंसालंकार सिरि" हुनुभएका संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरको निधनपश्चात् "अखिल नेपाल भिक्षु महासंघ"ले "संघनायक सम्मान समर्पण समारोह समिति" तयार गरी २१ कार्तिक २०५० का दिन तत्कालीन सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा कीर्तिपुरको नगरमण्डप श्रीकीर्ति विहारमा "संघनायक" पद पूज्यपाद भिक्षु शाक्यानन्द महास्थविर प्रति सम्मान समर्पण गरिएको थियो ।

९) २३ मार्च १९९७ अर्थात् १० चैत्र २०५३ का दिन बर्मा सरकारले भिक्षु शाक्यानन्द महास्थविरबाट नेपालमा सद्धर्मको प्रचार-प्रसार गरेको योगदानको कदरस्वरूप "अग्गमहासद्धम्मपालक ज्योतकधज" नामक उपाधि प्रदान गरिएको थियो । सो उपाधि ग्रहण गर्न उहाँ भिक्षु सुदर्शन महास्थविर र प्रा. छत्रराज शाक्यका साथ बर्मा जानुभएको थियो ।

अफशोच ! उहाँहरू बर्मा एवं थाइलैण्डको पनि भ्रमण गरी



Downloaded from http://dhamma.digital/

सकुशल फर्कनुभएको ७ महिनापछि ८ कार्तिक २०५४ का दिन संघनायक भिक्षु शाक्यानन्द महास्थविरले आफ्नो ८८ वर्षको दीर्घ जीवनकाल तानसेनको मिशन अस्पतालमा समाप्त गर्नुभयो ।

■■■


- सन्दर्भ -

१) मेरो जीवन यात्रा - भिक्षु शाक्यानन्द महास्थविर,
आनन्दकुटी विहार गुठी,
काठमाडौं, स्वयम्भू-२०४३

२) शाक्यमुनि विहारया ऐतिहासक परिचय - भिक्षु सुबोधानन्द,
(सप्तबोध्यंग धर्म भावना),
पुण्यधन सपरिवार,
भोजपुर, टक्सार - २०३०

३) भिक्षु श्रद्धानन्द - रत्नसुन्दर शाक्य,
'आनन्दभूमि' वर्ष-२२, अंक - २,
(वि.सं. २०५१)

४) 'आनन्दभूमि',- वर्ष - १२, अंक - ९ र १०,
(वि.सं. २०४१)


'आनन्दभूमि'
वर्ष - १९, अंक - ३ र ४
(आषाढ, श्रावण, २०४८)



Downloaded from http://dhamma.digital/

# संघनायक
# भिक्षु सुबोधानन्द महास्थविर

२० औं शताब्दीको शुरूदेखि विशेषतः एशियाका विभिन्न देशहरूमा बुद्धधर्म पुनरुत्थान हुँदै आएको क्रममा नेपालमा पनि यस धर्म पुनरुत्थानको निमित्त वा बेजोड प्रचार-प्रसारको निमित्त आफ्नो सम्पूर्ण जीवन अर्पण गरेका ज्येष्ठतम भिक्षुहरूमा सुबोधानन्द महास्थविर पनि एक प्रमुख थिए ।

उहाँको जन्म वि.सं. १९७२ सालको माघ महिनामा नेपालको पूर्वाञ्चलस्थित भोजपुरको एक शाक्यपरिवारमा भएको थियो । उहाँ पिता कुलधन शाक्य र माता चिरिमाया शाक्यको कनिष्ठ पुत्र थिए ।

त्यसताका भोजपुरमा प्रचलन हुँदै आएअनुरूप उहाँले पनि आफ्नो दाजुहरूसरह धर्म-कर्ममा लागेका थिए । ती धर्म-कार्यहरू हुन् - अष्टमीव्रत, गुंलाधर्मसेवा, महायानका सत्त्वधर्म पूजा, ताराधर्म, धारणी, स्तोत्र, नासँगीतिपाठ आदि ।

माता-पिताको तर्फबाट कुलराज शाक्य नाम पाउनुभएका उहाँले आफ्नो माहिलो दाजु चक्रधन शाक्य जसले वि.सं. १९८७ सालमै गृहत्याग गरी वि.सं. १९८९ सालको चैत्र शुक्ल अष्टमी अर्थात् २१ चैत्र १९८९ का दिन कुशीनगरमा ऊ चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को आचार्यत्वमा प्रव्रजित भई "श्रामणेर शाक्यानन्द" हुनुभएको खबर पाएदेखि त्यस स्थविरवाद बुद्धधर्मप्रति झुकाव हुँदै आएको थियो । यसैमा जब वि.सं. १९९३ सालको पौषको अन्तमा उहाँहरूकै एक नातेदार



Downloaded from http://dhamma.digital/

(तानसेनका) लालकाजी शाक्य कुशीनगरबाट नै श्रामणेर अमृतानन्द भई कालिम्पोङबाट भोजपुर आइपुगे र यसको ३ हप्तापछि आधुनिक युगको पहिलो स्थविरवादी भिक्षु महाप्रज्ञा (प्रव्रजित-सन् १९२८) स्वयं पनि भोजपुर आइपुग्नुभएको प्रतिफलस्वरूप भोजपुरबासीहरूले उहाँहरू द्वयको तर्फबाट भगवान् बुद्धको सद्धर्मोपदेश सुन्ने अवसर प्राप्तभएको थियो ।

यसैको संस्कारअनुरूप कुलराज शाक्यले वि.सं. १९९६ को वैशाखपूर्णिमाका दिन (सन् १९३९) कुशीनगरमा ऊ चन्द्रमणि महास्थविरकै तर्फबाट "श्रामणेर सुबोधानन्द" हुने सुअवसर प्राप्त गर्नुभयो। प्रव्रज्यापश्चात् उहाँ कालिम्पोङ्गमा भिक्षु महाप्रज्ञासमक्ष (प्रज्ञाचैत्य महाविहार, त्रिपाईमा) रहनुभयो । यसै अवधिभित्रमा श्रामणेर अमृतानन्द बुद्धधर्म अध्ययनार्थ बर्माबाट श्रीलंका पुगिसकेका थिए । उहाँले नै कालिम्पोङ्गमा रहँदै आउनुभएका श्रामणेर सुबोधानन्दलाई उपसम्पन्न हुन श्रीलंका बोलाइएको थियो । श्रामणेर सुबोधानन्द-श्रामणेर अमृतानन्दको पत्र पाउनासाथ गुरुवर भिक्षु महाप्रज्ञासित अनुमति लिई कालिम्पोङबाट कलकत्ता-मण्डपम् कैम्प-धनुष्कोटी-तल्लैमनार हुँदै कोलम्बोको वजिरारामा पुग्नुभएको थियो ।

उहाँ श्रीलंका पुग्नुभएको दुई-अढाई महिनापछि नै वजिराराम विहारका प्रमुख भिक्षु पेलेन वजिरञाण महानायक महास्थविरको उपाध्यायत्वमा २५ जनवरी १९४० तदनुसार १२ माघ १९९६ का दिन उपसम्पन्न भई "भिक्षु अमृतानन्द" एवं "भिक्षु सुबोधानन्द" हुनुभएको थियो ।

भिक्षु अमृतानन्द उपसम्पन्न भएको दुई वर्ष पूरा नहुँदै अध्ययन



Downloaded from http://dhamma.digital/

समाप्त गरी नेपाल फर्कनुभयो त भिक्षु सुबोधानन्द ३ वर्षजति रही दोस्रो विश्वयुद्धको कारण अर्थात् स्थिति अनुकूल नभएको कारण फर्कनुभयो। उहाँ कलकत्ता एवं कालिम्पोङ्गमा केही महिना रही किन्डोल विहारमा आइपुग्नुभयो, जहाँ उहाँको भेट १२ वर्षपछि सहोदर दाजु भिक्षु शाक्यानन्दसित भयो। यो वि.सं. १९९९ साल, चैत्र महिनाको कुरा हो।

अफशोच ! भिक्षु सुबोधानन्दले नेपालमा आएर दुईवटा वर्षावास नै पूरा गर्न पाउनुभएन। उहाँ पनि २००१ सालको श्रावण महिनामा श्री ३ जुद्धशम्शेरको सरकारले निष्कासित गरिएका ८ जना स्थविरवादी भिक्षु एवं श्रामणेरहरूमा पर्नुभयो।

नेपालबाट निष्कासित भएको अवधिभरमा उहाँ प्रायः बनारसमा रही काशी हिन्दू-विश्वविद्यालयमा संस्कृतभाषा एवं साहित्य अध्ययन गर्न तल्लीन भए। वि.सं. २००३ सालको जेष्ठको शुरूमा भिक्षु अमृतानन्दको सत्प्रयासले वजिराराम विहारका एक प्रमुख भिक्षु नारद महास्थविर (सन् १८९८-१९८३)को नेतृत्वमा आएको शिष्टमण्डलले श्री ३ पद्मशम्शेरसित भेटवार्ता गरिसकेपछि (भिक्षुहरू स्वदेश फर्कन पाउने) प्रमाङ्गी प्राप्त भयो। अतः उहाँ पनि २००३ सालमै काठमाडौं आइपुग्नुभयो। उहाँ डेढ-दुई वर्ष आनन्दकुटी विहारमा रही २००५-६ सालदेखि भाजुरत्न साहू (वि.सं. १९४०-२०१३)को विशेष आग्रहमा काठमाडौंको मध्यस्थित नःघल टोलको श्रीघःविहारमा रहनुभयो।

भाजुरत्न साहूले सोही विहारको निमित्त एक सिंहशय्या बुद्ध मूर्ति (सँगमरमरको) बर्मामा बनाउन लगाई वि.सं. २००६ सालको अक्षयतृतीयाका दिन प्रतिष्ठा गरी सो विहार स्थविरवादी भिक्षुसंघलाई



Downloaded from http://dhamma.digital/

प्रदान गरिएको थियो। वि.सं. २००८ सालदेखि भिक्षु सुबोधानन्द उक्त विहारका विहार प्रमुखकोरूपमा नियुक्त गरिएको थियो । उहाँ सो विहारमा पूरा १२ वर्ष रहनुभएको थियो। त्यसपश्चात् उहाँ केही वर्ष आफ्नो जन्मस्थान भोजपुर, पाटनको सुमंगल विहार र बलम्बूको प्रणिधिपूर्ण महाविहारमा बिताउनुभएको थियो ।

उहाँको जीवनको विशेष स्मरणीय दिनहरूमा बर्मामा सन् १९५४-५६मा सम्पन्न भएको छठ्ठ सँगायनमा सँगीतिकारक भई सम्मिलित हुन पाएको र आफ्नै जन्मस्थान भोजपुरमा शाक्यमुनि विहारको स्थापनाको रजतवर्ष (वि.सं. १९९३-२०१८) भव्यरूपमा महापरित्राण गरी मनाउन पाएकोलाई लिन सकिन्छ । उक्त उत्सव ९ दिनसम्म सम्पन्न गरिएको थियो । महापरित्राणमा सम्मिलित १० जना भिक्षु श्रामणेरहरूमा भोजपुरकामात्र ५ जनामा पनि उहाँकै परिवार (कुलधन शाक्य र चिरीमाया शाक्यका सुपुत्रहरू तीन जना सम्मिलित भएका थिए। उहाँहरू हुनुहुन्छ -

१) चक्रधन शाक्य-भिक्षु शाक्यानन्द महास्थविर

२) कुलधन शाक्य- भिक्षु सुबोधानन्द महास्थविर

३) चैत्यधन शाक्य-श्रामणेर सुगतानन्द

भिक्षु सुबोधानन्द भोजपुरमा सम्पन्न भएको उक्त महापरित्राण पश्चात् चैनपुरका श्रद्धालुहरूको अनुरोधमा बौद्धऋषि महाप्रज्ञालाई साथ लिई केही दिनको सिमित चैनपुरको यात्रा गर्नुभएको थियो ।

केही दिनको निमित्त चैनपुरमा जानुभएका उहाँहरू ९ दिन रही भोजपुरमै फर्कनुभएको थियो। भोजपुरमा पुनः ४ महिनाको वसोबासमा भिक्षु सुबोधानन्द महास्थविरको आग्रहमा बौद्धऋषि महाप्रज्ञाले उहाँद्वारा



Downloaded from http://dhamma.digital/

नै अनूदित बुद्ध जीवनी ग्रन्थ "ललितविस्तर"को आधारमा "काव्यात्मक बुद्धजीवनी"को रचना पूर्ण गर्नुभएको थियो। यस कृति भिक्षु सुबोधानन्द महास्थविरले आफ्नो दाजु श्रामणेर सुगतानन्द (ने.सं. १०३३-८२) को स्मृतिमा ने.सं. १०८३ मै प्रकाशित गरिएको थियो।

वि.सं. २०२० सालमा श्रामणेर सुदर्शन(उपसम्पन्न-३० नवम्बर १९६४)को विशेष प्रयत्नमा गण महाविहारको जीर्णोद्धार कार्य सम्पन्न गरी त्यहाँ स्थविरवादी भिक्षु एवं श्रामणेरहरू रहँदै आउनुभएको थियो। यसै विहारमा वि.सं. २०२०-२१ देखि नै भिक्षु सुबोधानन्द महास्थविर पनि श्रामणेर सुदर्शन भिक्षु प्रज्ञारश्मि, भिक्षु सुमंगलका साथ सँगै रहँदै आउनुभएको थियो।

त्यसताका गण महाविहारमा विशेषत: भिक्षु सुमंगल र भिक्षु सुदर्शनको विशेष पहलमा "बुद्धशासन सेवा समिति"नामक एक संस्था स्थापना गरिएको थियो। यस संस्थामार्फत् त्यसताका विभिन्न बौद्धगति विधिहरू संचालन गर्दै धर्मप्रचार कार्यमा टेवा दिँदै आएको थियो।

यस संस्थाका सचिव भिक्षु सुमंगलको सम्पर्क देश विदेशमा बढी भएको कारणले देश विदेशका विद्वान् व्यक्तित्वहरूलाई निम्त्याई प्रवचन दिलाउने, स्वदेशका सम्पन्न श्रद्धालु व्यक्तिहरूलाई विदेशमा बुद्धधर्मको स्थिति अवगत गराउनको लागि पटक पटक विदेश भ्रमणको पनि आयोजना गर्दै आउनुभएको थियो। यसै क्रममा वि.सं. २०३२ सालको फागुन महिना (फरवरी, १९७६ ई.)मा थाइलैण्डमा सम्पन्न हुन लागेको ११ औं विश्व बौद्ध सम्मेलनको अवसर मिलाई गण महाविहारका भिक्षु सुबोधानन्द महास्थविर, भिक्षु प्रज्ञारश्मि महास्थविर एवं केही उपासकोपासिकाहरूलाई पनि साथ लिई भिक्षु सुमंगलले थाइलैण्ड



Downloaded from http://dhamma.digital/

लगायत बर्मा, सिँगापुर र मलेशियाको पनि भ्रमण सम्पन्न गराउनुभएको थियो ।

यसप्रकार भिक्षु सुबोधानन्द महास्थविरले स्थविरवादी बौद्ध देश श्रीलङ्का र बर्मापश्चात् थाइलैण्डको पनि अवलोकन गर्ने अवसर प्राप्त गर्नुभएको थियो ।

नेपालमा विशेषतः स्थविरवाद बुद्धधर्म पुनरुत्थानको दौरानमा एक ऐतिहासिक भिक्षु (राणाकालमा निष्काशित गरिएका एक भिक्षु) हुने अवसर पाउनुभएका भिक्षु सुबोधानन्द महास्थविरको धर्मोपदेश शैली पनि बेजोड रहेको एवं नेपालीबौद्धजगत्मा बेजोडरूपमा प्रचार-प्रसार हुँदै आएको ज्ञानमाला भजनका पनि उहाँ विशेष कृतिकार ( रचनाकार) हुनुहुन्छ । जसको प्रमाण उहाँको "सुबोध-बुद्धधर्म प्रकाश" कृतिबाट छर्लङ्ग हुन्छ । ज्ञानमाला भजन कृतिमा महाप्रज्ञापश्चात् उहाँको बढी रचना रहेको हामी पाउँछौं ।

उहाँको धर्मोपदेशशैली, ज्ञानमाला भजन कृतिको अतिरिक्त उहाँबाट विशेषतः सूत्र, जातक आदि बारे अढाई दर्जनजति कृति बौद्धजगत्लाई प्राप्त भएबाट बौद्धसमुदाय उहाँबाट प्रभावित हुनु स्वाभाविकै छ । उहाँको एक दर्जनजति रचनाहरू पनि सारनाथबाट प्रकाशित 'धर्मदूत' मासिक पत्रिकामा हामी पाउँछौं ।

वि.सं. २०२०-२१ सालदेखि गण महाविहारका भिक्षु हुनुभएका उहाँले पूरा ४ दशकभन्दा बढी समय यसै विहारमा रहनुभयो । त्यसभन्दा अगाडि उहाँ श्रीघः विहारका भिक्षुकोरूपमा पूरा एक दशक बिताउनुभएको कुरा माथि उल्लेख गरिनै सके ।

वि.सं. २०५९ फागुन ५ का दिन नेपालका तृतीय संघनायक



Downloaded from http://dhamma.digital/

हुनुभएका भिक्षु अनिरुद्ध महास्थविरको निधनपश्चात् भिक्षु सुबोधानन्द महास्थविर नेपालका "संघनायक"कोरूपमा नियुक्त हुनुभयो । सोही प्रसँगमा १९ आषाढ २०६१ का दिन "अखिल नेपाल भिक्षु महासंघ"को आयोजनामा उहाँको भव्यरूपमा सार्वजनिक अभिनन्दन पनि विश्व शान्ति विहार, मीनभवनमा सम्पन्न गरिएको थियो। त्यसबेला विभिन्न संघसंस्थाबाट पनि उहाँलाई सम्मान गरिएको थियो ।

यसको ठीक ७ महिनापछि "धर्म विजय पदनम गणविहार"को आयोजनामा सप्ताहव्यापीरूपमा उहाँको ९० औ जन्मोत्सव भव्यरूपमा मनाइएको थियो साथै "संघनायक भिक्षु सुबोधानन्द महास्थविर विशेषाङ्ककोरूपमा "सुभाषित" पत्रिका पनि प्रकाशन गरिएको थियो ।

अफशोच ! भिक्षु सुबोधानन्द महास्थविरले आफ्नो दीर्घ जीवनको अन्तमा स्मृतिलोपको आघात पनि सहन बाध्य भए। वि.सं. २०६३ जेष्ठ १ गतेका दिन (२५५० औ वैशाखपूर्णिमाको ३ दिनपछि) संघनायक भिक्षु सुबोधानन्द महास्थविरले आफ्नो ९ दशकको जीवनकाल गणमहाविहारकै भिक्षुकोरूपमा काठमाडौं नर्सिङ्ग होममा समाप्त गर्नुभएको थियो ।

उहाँको शवलाई दुइदिन गण महाविहारमा श्रद्धालुहरूको निमित्त अन्तिम दर्शनार्थ (श्रद्धाञ्जलीको निमित्त) राखिसकेपछि ३ जेष्ठ २०६३ का दिन उहाँको शवयात्रा गणमहाविहारबाट आरम्भ गरियो । सो शवयात्रा नगरपरिक्रमा गरी स्वयम्भू आनन्दकुटी विहारमुनि पुऱ्याइ दाहसंस्कार सम्पन्न गरिएको थियो । त्यसको केही घण्टापछि उहाँको भौतिक देह सदाको निमित विलिन भयो ।

■■■

# नेपालका ज्येष्ठ अनगारिका त्रय

नेपालमा स्थविरवादी बुद्धधर्म पुनरुत्थान गर्नमा जति योगदान भिक्षु एवं श्रामणेरहरूको रहेको छ, त्यति नै योगदान अनगारिकाहरूको पनि रहेको छ ।

आधुनिक नेपालमा अनगारिकाहरूको इतिहास वि.सं. १९८७ सालदेखि अनगारिका रत्नपाली, अनगारिका धर्मपाली र अनगारिका संघपालीले शुरू गर्नुभएका थिए ।

उनीहरूलाई बुद्धशासनमा भित्र्याउने प्रयास संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविर (वि.सं. १९५७ - २०४९) ले गर्नुभएको थियो । त्यसबेला (वि.सं. १९८७ को मध्यमा) उहाँ श्रामणेरकोरूपमा नै धर्मप्रचारार्थ कुशीनगरबाट नेपाल आउनुभएको थियो । उहाँलाई रक्सौलसम्म उहाँकै गुरु (घ्येलुं अवस्थादेखिको) श्रामणेर महाप्रज्ञाले छोड्न आउनुभएको थियो किनकि उहाँलाई वि.सं. १९८४ सालमा घ्येलुंरूपमा रहेको बेला ( राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा)निष्काशन गरेदेखि प्रत्यक्षरूपमा नेपाल आउन बन्देज थियो ।

अतः श्रामणेर कर्मशील नै अगुवा भई नेपालमा पहिलो स्थविरवादी भिक्षु (त्यसबेला श्रामणेर)कोरूपमा कान्तिपुरको सडकमा देखिन आएको थियो । शुरूमा उहाँले भिक्षाटनको निमित्त किन्डोल विहारका प्रबन्धक दशरत्न उपासक (पछि भिक्षु धम्मालोक)लाई साथ लिई भिक्षाटन गर्नुभएको थियो ।

त्यसबेला किन्दोल विहारमा अटुटरूपमा अष्टमीव्रत र न्यूनव्रत चलाउँदै आइरहेका थिए, जसमा कैयौं श्रद्धालुहरू उपस्थित हुन्थे ।



Downloaded from http://dhamma.digital/

तिनीहरूलाई श्रामणेर कर्मशीलले पनि विस्तारै पञ्चशील, अष्टशील, परित्राण आदिबारे राम्रो जानकारी दिँदै गएबाट विस्तारै ती श्रद्धालुहरूको झुकाव स्थविरवादी बुद्धधर्मतर्फ आकर्षित हुँदै आएको थियो । ती श्रद्धालुहरूमा प्रमुख माहिला नामक एक उपासक लगायत अन्य तीन जना महिलाहरूले पनि श्रामणेर कर्मशील समक्ष स्थविरवादी बुद्धधर्ममा आई त्यागीजीवन (भिक्षु एवं अनगारिका हुने) बिताउने आशय समेत व्यक्त गरेका थिए ।

तिनीहरूको मनोइच्छामा त्यसबेला झन् टेवा मिल्यो, जब श्रामणेर कर्मशीलको गुरु महाप्रज्ञा पनि गुप्तरूपमा त्यही साल (वि.सं. १९८७) शिवरात्रीको अवसर लिई कान्तिपुर आइपुग्नुभयो ।

श्रामणेर कर्मशीलमार्फत् ती श्रद्धालुहरूले महाप्रज्ञा गुरुको दर्शन गरे । तिनीहरूले एक आपसमा सरसल्लाह गरिसकेपछि श्रामणेर महाप्रज्ञा तिनीहरूलाई रक्सौलमा पर्खिरहने कुरा बताई आफू त्यसतर्फ केही दिनपछि प्रस्थान गरिनै हाले । श्रामणेर कर्मशील पनि तिनीहरूलाई साथ लिई महाप्रज्ञा रक्सौल पुग्नुभएको छैठौं दिनमा पुग्न गए । उहाँहरू सबै रक्सौलमा नेपालभाषाका सुप्रसिद्ध साहित्यकार एवं "श्रेष्ठसिरपाः" का दाता स्वम्भूलाल श्रेष्ठको बुबा ईश्वरीलाल श्रेष्ठकहाँ एक रात बिताई भोलिपल्ट कुशीनगर प्रस्थान गर्नुभएको थियो ।

कुशीनगर पुग्नासाथ तिनीहरूलाई ऊ चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को आचार्यत्वमा प्रव्रजित गराई निम्न नामकरण पनि गराउनुभएको थियो -

१) माहिला उपासक - श्रामणेर सासनज्योति ।

२) पुण्यतारा उपासिका - अनगारिका रत्नपाली ।



Downloaded from http://dhamma.digital/

३) लक्ष्मी (चंछिमि) उपासिका - अनगारिका धर्मपाली ।
४) संघतारा (चन्द्रमाया)उपासिका - अनगारिका संघपाली ।

यसरी नेपालमा, यी तीनजना अनगारिकाहरूले अनगारिकाहरूको इतिहास प्रारम्भ गर्नुभएका थिए ।

प्रव्रज्याकार्यपश्चात् केही दिन उहाँहरूले भिक्षाटनको अनुभव पनि गर्नुभएको थियो । त्यसबेला उहाँहरूले गरेको भिक्षाटनको एक स्मृति महाप्रज्ञा गुरुले आफ्नो आत्मकथामा यसरी उल्लेख गर्नुभएको छ -

"छन्हु अमितः भिक्षाचरण यायेत गामेपाखे यंका, भिक्षाचरण याका" मधेसियातय्सं थ:थ: पिंके दुथें दान बिल - गुलिसिनं जाकि ब्यूसा गुलिसिनं छ्व बिल, गुलिसिनं चाना बिल, गुलिसिनं केगु । अनेकसिनं अनेक प्रकारया दान बिल । विहारे ल्याहाँ वया जिं धया - 'गथे फ्वना हया अथे हे दय्का नयेमा' अमिसं अथेहे यात । न मसला दु, न हलु दु, मल्ता चि तया दायका: भाग तया व्यूबले, स्वये हे घच्चायापुसे च्वंगुलिं कथुं क्वतछ्वे मफया किचिकिचियाना नया च्वन । जि जा नयेगु प्राक्टिस भति भति दुम्ह जुया निंतिं जिगु भाग नये धुन । अनागारिकापिं साक्क नयाच्वंगु बानिपिं व मसा:गु नये मफुत । जिं धया-थथे नये मफेवं शरीर रक्षा जुइमखु, आवंलि गथे यो, अथे ज्वरे याना न, तर मती थ्व: विचार दय्कि - "गथे प्राप्त जुल अथे नये फय्के मा:गु ख:धका कोशीश नं देकी ।"

यसरी भिक्षाचरणको पनि केही अनुभव गरिसकेपछि अनगारिका रत्नपालीलाई कान्तिपुर पठाई अनगारिका धर्मपाली र संघपाली साथ लिई श्रामणेर कर्मशील कालिम्पोङ्ग प्रस्थान गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital/

उहाँ कालिम्पोङ्ग पुग्नुभएको केही दिनपछि भाइ आई अनगारिका संघपालीलाई पनि साथै इलाम लानुभएको थियो, जहाँ केही समयपछि संघपाली अनगारिकाकै अनुरोधपत्रानुसार श्रामणेर कर्मशील इलाम पुग्नुभएको थियो। उहाँले इलाममा संघपाली अनगारिकाका परिवारलाई धर्मावबोध गरी कालिम्पोङ्गमै फर्कनुभएको थियो।

कालिम्पोङ्ग फर्कनुभएको केही दिन पछि नै उहाँ पुनः अनगारिका धर्मपाली (वि.सं. १९६२-२०११)लाई साथ लिइ कान्तिपुर (काठमाडौं) आउनु भयो। तर अकस्मात् थानकोटमा एक बास मिलाई जब भोलिपल्ट शहरको निमित्त गमन गर्न लागेकोमात्र थियो, अनगारिका धर्मपाली झाडाबान्ता रोगले छट्पटिन्। श्रामणेर कर्मशीललाई निकै फसाद पऱ्यो, किनकि न त त्यहाँ कुनै वैद्य नै थियो न त कुनै औषधि उपचार। उहाँले त्रिरत्न-गुणानुस्मरण एवं परित्राण गरी रोग केही शान्त भएपछि उहाँ तुरुन्तै (धर्मपालीलाई हेरचाह गर्नेहरू बन्दोबस्त गरी) कान्तिपुर आउनुभई आफ्ना धनदाजु कहाँ केही आयुर्वेदिक औषधि लिई तत्कालै थानकोट फर्कनु भयो र रोगीलाई औषधि खुवाई रोग शान्त पार्नुभयो।

यसरी हाल संघनायक हुनुभएका भिक्षु प्रज्ञानन्द महास्थविरले श्रामणेर अवस्थामै नेपालमा स्थविरवादी बुद्धधर्म पुनरुत्थान गर्नमा निकै उत्साह एवं लगनका साथ डरत्रासको केही पर्वाह नगरिकन निर्भीकरूपमा शुद्ध बुद्ध शासनको उन्नति एवं अभिवृद्धिको निमित्त निरन्तररूपमा धर्मव्याख्यान एवं धर्मप्रचार गर्दै आउनुभएको थियो।

एक दिन किन्डोल विहारमा चीफसाहेबका एकजना आठपहरिया आई उहाँलाई समात्न आएको थियो। त्यस आठ पहरियाले कारण

बताएन । श्रामणेर कर्मशील पनि आफ्नो केही गल्ती नभएको कारण त्यस आठपहरियासित जान तयार भएकोमात्र थियो, त्यसबेलासम्म इलामबाट किन्डोल विहार आइपुगिसकेकी अनगारिका संघपालीले उहाँलाई आसनमै रहन अनुरोध गरी समात्न अएका आठपहरियासित चीफसाहेबले बोलाउन पठाएको भए त्यसको पूर्जी देखाउन जोड गरिन् । त्यस आठपहरियाले पहिले त पूर्जी देखाउन आनाकानी गरिरहे । तर पछि विहारमा आएका केही नवयुवकहरूले पनि अनगारिका संघपालीलाई साथ दिएपछि त्यसले पूर्जी देखाउन बाध्य भएको थियो ।

पूर्जी, जब देखायो, उल्टो सबैले आठपहरियालाई नै गालि-गलौज गरे, किनकी पूर्जी मञ्जुहर्ष घ्येलुं (अष्टमीव्रत र न्यूनव्रत चलाउँदै आएका)को नाममा थियो । पछि मञ्जुहर्षलाई पनि कसैले नदेखाएपछि ती आठपहरिया जुवामा हारेको व्यक्तिजस्तै नाजवाफ हुँदै फर्कनुपरेको थियो ।

यसरी नेपालमा स्थविरवादी बुद्धधर्म पुनरुत्थान गर्नमा भिक्षुहरू-श्रामणेरहरूकोमात्र देन नभै प्रत्यक्ष वा अप्रत्यक्षरूपमा भए पनि बुद्ध शासनको अभिवृद्धिको निमित्त कैयौं अनगारिकाहरूले महत्त्वपूर्ण कार्यहरू गरी आ-आफ्ना जीवन समर्पित गर्दै आइरहेको हामीले प्रत्यक्ष देख्दै आएका छौं ।

■■■



Downloaded from http://dhamma.digital/

-सन्दर्भ-

१) साहित्यसुता, कर्मस्थानाचार्य, बौद्धऋषि महाप्रज्ञाया आत्मकथा
(भाग १-२) सम्पादन- दरशा नेवामि
- सकलोपसकपासिका ऋषि आश्रम
डिल्लीबजार, ने.सं. ११०३-११०९

२) संघनायक भदन्त प्रज्ञानन्द महास्थविरया जीवनी - आर.बी. बन्द्य
- साहु तेजरत्न तुलाधर,
असन, काठमाडौं - वि. सं. २०३२
(न्हापाँगु संस्करण)

'सन्देश'
स्वाँयापुन्ही
बु.सं. २५३६ वि.सं. २०४९

Dhamma.Digital

# अग्रश्रावक-अस्थिधातुयात्रा

झण्डै एक शताब्दी (सन् १८५१-१९४७) सम्म विदेशिएको भारतका महान् विभूति सारिपुत्र र मौद्गल्यायन महास्थविरको अस्थिधातु जुन अलेक्जेण्डर कनिंघमले लण्डन पुऱ्याएको थियो लाई दोस्रो विश्वयुद्ध शुरू हुनुअगाडि सन् १९३८ मा भारतमा फर्काउन "महाबोधि-सभा" का प्रधानमन्त्री देवप्रिय बलिसिन्हा (सन् १९०४-६८)ले प्रयास शुरू गर्नुभएको थियो तर सम्पूर्ण कुरा ब्रिटिंश सरकारको स्वीकृतिसमेत पक्कापक्कीमात्र भएको थियो, सन् १९३९ देखि विश्वयुद्ध शुरूभइहाल्यो ।

युद्धकाल (सन् १९३९-४५) सम्म पवित्र धातु भारत फर्काउने कुरा बाध्यताबस रोक्नुपऱ्यो । विश्वयुद्ध सकिनासाथ "महाबोधि-सभा" का संस्थापक अनगारिक धर्मपाल (सन् १८६४-१९३३) का एक प्रमुख सम्बन्धित दया हेवावितारण(Daya Hewavitarne) सन् १९४७ को जनवरी महिनामा लण्डन पुग्नुभयो र २० फरवरी १९४७ का दिन त्यस अस्थिधातु भारतसरकार र महाबोधिसभाको तर्फबाट उहाँले ग्रहण गर्नुभएको थियो ।

त्यस अस्थिधातु लिई उहाँ (दया हेवावितारण) १४ मार्च १९४७ का दिन कोलम्बो (श्रीलंका) आइपुग्नुभएको थियो । श्रीलंकामा त्यस अग्रश्रावक अस्थिधातु ६ जनवरी १९४८ सम्म रहेको थियो । त्यस समयावधिभित्रमा प्राय: सम्पूर्ण श्रद्धावान् सिंहलवासीहरूले त्यस धातुको दर्शन गरेका थिए । धातु आगमनको बेला जुनरूपले भव्यताका साथ स्वागत गरेको थियो, त्यस्तै किसिमले ६ जनवरी १९४८ का दिन भारतको निमित धातुको बिदाई भएको बेलामा पनि भव्यरूपमा उत्सव सम्पन्न गरेको थियो ।



Downloaded from http://dhamma.digital/

१३ जनवरी १९४८ का दिन भगवान् बुद्धका दुई प्रधान शिष्य सारिपुत्र र महामौद्गल्यायनको अस्थिधातुलाई भारतभूमिले स्वागत गर्न पाइयो । त्यसदिनदेखि १९ मार्चसम्म ती धातु कलकत्ताको कलेज स्क्वायरस्थित महाबोधिसभाका प्रधान कार्यालयकोरूपमा रहेको "धर्मराजिक विहार" मा विशेषतः कलकत्तावासी श्रद्धावान्हरूको निम्ति दर्शनार्थ राखिएको थियो । त्यस पवित्र धातुलाई पं. जवाहरलाल नेहरू (सन् १८८९-१९६४)ले त्यही विहारमा आई दर्शन गर्न आउनुभएको थियो ।

२० मार्च १९४९ देखि त्यस धातु विहार सरकारको आग्रहमा विहार प्रदेशमा ल्याइयो । पहिले राजगृहमा केही दिन राखेपछि विहार प्रदेशको राजधानी पटनामा भएको स्वागत समारोहमा विहारसरकारका तत्कालीन प्रधानमन्त्रीले भन्नुभएको थियो -

"२५०० वर्ष के वाद सारिपुत्र और मौद्गल्यायनके पवित्र धातुओंका गृह-प्रत्यावर्तन इस प्रान्त के लिए विशेषरूपसे अभिमान की वस्तु है, क्योंकि यह विहार (नालन्दा) के ही दो सुपुत्रों के धातु है, जिन्होंने अपने धर्म के प्रकाश से संसारभरको प्रकाशित किया ।"

कार्तिकपूर्णिमाको रात सारिपुत्र महास्थविरको परिनिर्वाणको रात थियो, त्यस्तै कार्तिकपूर्णिमा आधुनिक युगमा तथागतको प्रथम धर्मचक्रप्रवर्तन भूमि ऋषिपतन मृगदावन (सारनाथ) मा बनिएको "मूलगन्धकुटी विहार"को स्थापना (उद्घाटन) दिवसको दिन पनि थियो अतः यस दिनको अवसर दिई तथागतका अग्रश्रावक द्वयको अस्थिधातुको स्वागत भव्यरूपमा सारनाथमा सम्पन्न गरेको थियो । यसको निमित्त उत्तरप्रदेश सरकारले काफी मद्दत गरेको थियो । ३-१४ नवम्बर १९४९

सम्म ती धातु सारनाथमा दर्शन एवं पूजाको निमित्त रह्यो ।

सन् १९५० मा अग्रश्रावकका अस्थिधातुले प्रमुखतः ३ राज्यमा यात्रा गरेका थिए -

१) बर्मा सरकारको निमन्त्रणमा ४ फरवरी १९५० का दिन अग्रश्रावक -अस्थिधातु बर्मा लगिएको थियो, यसको निमित्त स्वतन्त्र बर्मा (४ जनवरी १९४९ का दिन) पहिलो प्रधानमन्त्री ऊ. थाकिं नु धातु अंगीकार गर्न रंगूनबाट (हवाई जहाजद्वारा) कलकत्ता आइपुग्नुभएको थियो । "तीर" नामक जहाजबाट रंगून लगिएको अग्रश्रावकको अस्थिधातुलाई बर्मी सरकार एवं जनताले शानदाररूपमा स्वागत गरेको थियो। त्यस अस्थिधातु बर्मामा अढाई महिनासम्म बर्मेलीहरूलाई दर्शनार्थ राखिएको थियो ।

२) बर्मा सरकारको निमन्त्रणपछि दोस्रो निमन्त्रण भारतको आसामराज्य (प्रदेश)का बौद्धहरूमा विशेषतः आसामबौद्धसभा (All Assam Buddhist Association) को पूर्ण योग्य व्यवस्थाअन्तर्गत आसाम लगिएको थियो ।

३) तेस्रो निमन्त्रण काश्मीरस्थित लद्दाखका बौद्धहरूको आमन्त्रणमा २५ मई १९५० का दिन लेह (Leh) मा लगिएको थियो जहाँ त्यस धातु २४ अगस्त १९५० सम्म दर्शनार्थ राखिएको थियो । त्यसबेला ती धातुलाई बीचमा अवस्थित श्रीनगर र दिल्लीमा पनि राजकीयरूपमा स्वागतकार्य सम्पन्नगरेको थियो ।

सन् १९५१ मा विशेषतः दुईवटा राज्यमा अग्रश्रावक धातुले यात्रा गरिएको थियो -

१) तिब्बत र सिक्किमराज्यका प्रमुख एवं लामा गुरूहरूको



Downloaded from http://dhamma.digital/

निमन्त्रणमा २५ फरवरी १९५१ मा धातु त्यसतर्फ पुऱ्याएको थियो, २३ अप्रिल १९५१ सम्म सो पवित्र धातु ती राज्यहरूमा अवस्थित थियो ।

२) ६ नवम्बर १९५१ अर्थात् २० कार्तिक २००८ का दिन तथागतका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविर द्वयको अस्थिधातु काठमाडौंको हवाई अड्डामा पुऱ्याइयो । दिनको २:०० बजे अस्थिधातु रहेको हवाईजहाज आकाशमा देखिएको केही क्षणपछि हवाइमैदानमा ओर्ल्यो । क्रमशः धातुका साथ आउनुभएका महाबोधिसभाका प्रतिनिधि एवं अन्य अतिथिगणहरू पनि देखापर्न थाल्यो । महाबोधिसभाका प्रतिनिधि प्रमुख भिक्षु शीलभद्र महास्थविरको हातबाट अस्थिधातु रहेको सुवर्णमय चैत्य, "सारिपुत्र-मोगल्लान पवित्र धातु स्वागत समिति" नेपालका सभापति हुनुभएका श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव (वि.सं. १९६३-२०११) श्रद्धाका साथ आफ्नो हातमा अस्थिधातु चैत्य लिइबक्सियो । त्यस पवित्र धातुलाई उचित स्थानमा राखी धातुको स्वागत सलामी ३१ तोपका साथ गरेको थियो । त्यसपश्चात् सुसज्जित मोटरमा राखी अभूतपूर्व यात्राका साथ साढे ३ घण्टा बिताई नारायणहिटी राजदरबारमा पुऱ्याइएको थियो, जहाँ त्यस धातुले दुई रात निवास गरेको थियो ।

८ नवम्बर १९५१ का दिन "महाबोधिसभा"का प्रधानमन्त्री ब्रम्हचारी देवप्रिय बलिसिन्हा (सन् १९०४-६८) को तर्फबाट श्री ५ एवं श्री ५ बडामहारानीले पवित्र धातुको दर्शन गरिबक्सेको थियो । त्यसपछिमात्र पवित्र धातु सार्वजनिकरूपमा प्रर्दशन वा दर्शन गराउन कान्तिपुर (काठमाडौं) को टुँडिखेलमा निर्मित कलापूर्णरूपमा बनाइएको विशाल मण्डपमा ल्याइएको थियो ।



Downloaded from http://dhamma.digital/

त्यसदिन श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवको सभापतित्वमै स्वागत समारोह भएको थियो । संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर संमुख पञ्चशील प्रार्थना गरी शुरूभएको त्यस समारोहमा तत्कालीन प्रधानमन्त्री श्री ३ मोहनशम्शेर, महाबोधिसभाका प्रधानमन्त्री देवप्रिय बलिसिन्हा, धर्मोदयसभा प्रधानकेन्द्रका प्रधानमन्त्री भिक्षु महानाम, कम्बोडिया सभाका प्रतिनिधि प्रमुख भिक्षु धर्माराम स्थविर, ग्रीसका राजकुमार प्रिन्स पेटर, इङ्गलैण्डका विद्वान् भिक्षु संघरक्षित, भारतका विद्वान् भदन्त आनन्द कौशल्यायन, तानसेनका प्रतिनिधि प्रमुख भिक्षु शाक्यानन्द, कान्तिपुरका प्रतिनिधि प्रमुख भिक्षु सुबोधानन्द र आशाराम शाक्य आदिले दुई-दुई शब्द बोल्नुभएको थियो ।

त्यस समारोहमा तत्कालीन गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला (सन् १९१४-८२) ले स्पष्टरूपमा भन्नुभएको थियो -

'भगवान् बुद्धधर्मको दृष्टिकोणबाटमात्र होइन राजनैतिक दृष्टिकोणबाट पनि एक महान् पुरुष हुनुहुन्छ । जुन किसिमको प्रजातन्त्रको आशा एवं आकांक्षा हामी गर्दछौं, त्यस किसिमको प्रजातन्त्र (गणतन्त्र) रहेको देश वैशालीका उहाँ (बुद्ध) सदा प्रशंसक (विशेष पक्षपाती) हुनुहुन्छ । वैशाली (वज्जी या लिच्छवी) गणतन्त्रलाई अविच्छिन्न रहिरहन जुन सात अपरिहानीय धर्मको उपदेश बुद्धले दिनुभएको थियो त्यो हामीले पनि अध्ययन, मनन र पालन गर्नुपर्ने अत्यावश्यक देखिन्छ । ..........

आशा छ, सारिपुत्र र महामौद्गल्यायन महास्थविर द्वयको पवित्र अस्थिधातुको प्रभावबाट हामी सबैमा मातृभाव एवं मैत्रीभाव वृद्धि हुनेछ ।"



Downloaded from http://dhamma.digital/

२३ कार्तिकदेखि एक हप्तासम्म पवित्र धातु आनन्दकुटी विहारमा दर्शनको निमित्त राखिएको थियो। १ मंसिर २००८ का दिन अग्रश्रावक धातु ललितपुरवासी श्रद्धावानहरूको दर्शनार्थ ललितपुरको नागबहाल (स्वागतस्थल) मा लगियो, जहाँ ३ दिनसम्म धातुप्रदर्शनकार्य सम्पन्न भएको थियो। पहिलो दिन, तत्कालीन युवराज श्री ५ महेन्द्रवीर विक्रम शाहदेवको सभापतित्वमा स्वागत समारोह भएको थियो। त्यस दिन ललितपुर स्वागत समितिका प्रमुख धर्मादित्य धर्माचार्य (ने.सं. १०२२-८३) ले "महाबोधिसभा"का प्रधानमन्त्री देवप्रिय बलिसिन्हालाई स्वर्णाक्षरमा अङ्कित "एक अभिनन्दनपत्र" चढाउनुभएको थियो।

४ मंसिर २००८ का दिन पवित्र अस्थिधातु चैत्य सुसज्जित मोटरमा राखी पाटनबाट भक्तपुर ल्याइयो। त्यस दिन दिनको २:०० बजे नवनियुक्त प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको सभापतित्वमा एक बृहत् स्वागतसमारोह सम्पन्न भएको थियो। भक्तपुरको टौमढी टोल (पाँच तल्ले मन्दिरमा अवस्थित)मा सम्पन्न भएको त्यस कार्यक्रममा भक्तपुरका श्रद्धावान् महानुभावहरूले ५ मार्ग २००८ का दिन मध्यान्हसम्म धातुदर्शन गर्ने सौभाग्य पाएका थिए। दिनको १:०० बजे धातु बनेपा पुऱ्याइयो। बनेपामा पनि भव्यरूपमा स्वागत एवं दर्शन गराइसकेपछि बेलुकी पवित्रधातु धर्मोदयसभाको शाखाकार्यालय श्रीघ:विहार कान्तिपुर ल्याइयो।

६ मंसिर २००८ का दिन दिनभर श्रीघ:विहारमा कान्तिपुरवासीहरूले पुनः धातुदर्शन गर्न पाइयो। ७ मंसिर २००८ का दिन., मध्यान्हको २:०० बजे गौचरण हवाइअड्डामा आगमनका बेलामा जस्तै श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवले नै पवित्र धातु चैत्य महाबोधिसभाका उपसभापति डा. माधोराम साफटको हातमा अर्पण (जिम्मा) गरिदिनुभएको थियो।



Downloaded from http://dhamma.digital/




बुद्धका अग्रश्रावक सारिपुत्र र महामौद्गल्यान महास्थविरको अस्थिधातु

Downloaded from http://dhamma.digital/

त्यस दिन कान्तिपुरको पवित्र धातु स्वागतसमितिको तर्फबाट श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवले "महाबोधिसभा"लाई कृतज्ञतास्वरूप एक भव्य बुद्धमूर्ति प्रदान गरी विदाइ गर्नुभएको थियो ।

त्यस दिन धातु आगमनको दिनमा जस्तै सम्पूर्ण नेपालीहरूलाई सार्वजनिक छुट्टी(बिदा) नेपाल सरकारले दिएको थियो ।

यसको वर्षदिनपछि २९ नवम्बर १९५२ का दिन साँचीमै, जहाँ अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविरको अस्थिधातु उत्खनबाट अलेक्जेण्डर कनिंघम र उहाँको मित्र केपटन एफ. सी. मेसीले भेटाउनुभएको थियो, एक अन्तर्राष्ट्रिय संस्कृतिसम्मेलन सम्पन्न भएको थियो, जसमा तत्कालीन भारतका उपराष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णाको सभापतित्वमा सम्मेलन सम्पन्न भएको थियो । भारतका तत्कालीन प्रधानमन्त्री पं. जवाहरलाल नेहरू, बर्माका प्रधानमन्त्री ऊ नु आदि विशिष्ट व्यक्ति एवं बौद्धविद्वान्हरूले त्यस सम्मेलनमा साँचीको महत्त्वबारे बोल्नुभएको थियो ।

३० नवम्बर १९५२ का दिन त्यहाँ नवनिर्मित 'चेतियगिरी विहार' को समुद्घाटन पं. जवाहरलाल नेहरूको तर्फबाट सम्पन्न भयो र पवित्र अग्रश्रावक धातु त्यहाँ प्रतिष्ठित गरियो । विशेषतः यसैको निमित्त (पवित्र धातु राख्नको निमित्त) त्यस विहारको निर्माणकार्य सम्पन्न भएको थियो ।

■■■



Downloaded from http://dhamma.digital/

## - सन्दर्भ -

१) मनू म्हसीकेगु गय् ? - भिक्षु अश्वघोष

सम्पादक - रत्नसुन्दर शाक्य

- श्रीमती पञ्चमाया व्रजाचार्य

प्रमुख सकल परिवार

ईताछें, ख्वप - २०५०

२) अग्रश्रावक सारिपुत्र - मौद्गल्यायन तथा साँची

- भदन्त आनन्द कौशल्यायन

धर्मोदय सभा, कालिम्पोङ्ग-१९५१

३) 'आनन्दभूमि' - वर्ष - ५, अंक - १-२

कार्तिक-मंसिर २००८

(नवम्बर-डिसम्बर १९५१)

'आनन्दभूमि'

वर्ष - २०, अंक-६,

(आश्विन २०४९)



Downloaded from http://dhamma.digital/

# प्राचीन अन्तर्राष्ट्रिय बौद्ध शिक्षा केन्द्र नालन्दा विश्वविद्यालय

विश्वका प्राचीन विश्वविद्यालयहरूमा भारतको विहार प्रदेशस्थित नालन्दा विश्वविद्यालय अद्वितीय मानिन्छ । हाल प्राचीन अवशेष (भग्नावशेष) कोरूपमा रहेको यस विश्वविद्यालयको जीवितकालीन इतिहासबारे संक्षिप्त चर्चा गर्ने प्रयास यहाँ गरिएको छ ।

नालन्दा प्राचीन मगधको एक प्रमुख शहर हो । त्यस स्थान विहार प्रदेशको पटनाबाट ८८ कि.मी. दक्षिणपूर्व र राजगृह (प्राचीन बुद्धकालीन मगधको राजधानी) बाटमात्र १० कि.मी. उत्तरमा अवस्थित छ । तथागत गौतम बुद्ध (ई.पू. ६२४-५४४ परम्पराअनुसार) का अग्रश्रावक सारिपुत्र एवं मौदगल्यायन महास्थविरको जन्मस्थान एवं प्रज्ञावान्मा एतदग्ग (प्रमुख स्थान) प्राप्त सारिपुत्र महास्थविरको परिनिर्वाण स्थलसमेत रहेको कारण नालन्दाको स्थान बौद्धजगत्मा साँच्चै नै प्रज्ञा केन्द्रकोरूपमा त्यसबेलादेखि नै पूजितस्थान रहँदै आएको छ । तथागत गौतम बुद्ध र जैन महावीरको पनि विचरणभूमि हुनाको कारण बौद्धहरूको साथै जैन मतावलम्बीहरूको पनि यस स्थल पवित्र (श्रद्धास्थल) मानिएको छ ।

तथागत गौतम बुद्ध राजगृहबाट पाटलिग्राम (पाटलिपुत्र-हाल पटना) आवटजावट गर्नुहुने बेलामा प्रायः उहाँ नालन्दास्थित पावारिक नामको श्रेष्ठीको आम्रवनमा निवास गर्नुहुन्थ्यो । पटक-पटक उहाँ नालन्दा आउनुभई त्यहाँस्थित कैयौं श्रद्धालुहरूलाई धर्मावबोध गर्नुभएको थियो । यस नगरका एक प्रमुख व्यापारी-उपालि जो पहिले जैनमतावलम्बी



Downloaded from http://dhamma.digital/

थिए, पछि बुद्धका एक प्रमुख उपासक हुन आएका थिए ।

यसप्रकार तत्कालीन मगधको राजधानी राजगृहको एक वैभवशाली उपनगर मानिएको नालन्दामा बौद्ध धर्मावलम्बीहरूको आवागमन वृद्धि हुँदै आएको क्रममा ईशापूर्व तेस्रो शताब्दीका मगध (भारत) का महान् मौर्यसम्राट् अशोक नालन्दा आउनुभई सारिपुत्रचैत्य (उहाँको निर्वाण स्थानमा निर्माण गरिएको बुद्धकालमै) को पूजा गर्नुको साथै भिक्षु महासंघको निमित्त एक विहारको पनि निर्माण गरिएको कुरा तिब्बती इतिहासकार लामा तारानाथ (१६ औं शताब्दी)ले 'भारतमा बौद्धधर्मको इतिहास' नामक आफ्नो ग्रन्थमा उल्लेख गर्नुभएको छ ।

सम्राट् अशोकले धर्मयात्रा गर्नुभएको केही शताब्दीपछि नालन्दाको प्रतिष्ठा केही घट्न गएको प्रमाण ईशाको पाँचौ शताब्दीको शुरूमा भारत यात्रा गर्न आउनुभएका चीनीयायात्री फाहियान (यात्राकाल सन् ३९९-४१४)ले नालन्दामा सारिपुत्रचैत्यको मात्र दर्शन गरेको कुरा उल्लेख गरेबाट स्पष्ट हुन्छ अर्थात् त्यसताका नालन्दा बौद्धशिक्षा केन्द्रकोरूपमा प्रतिष्ठापन हुन बाँकी नै रहेको कुरा प्रमाणित हुन्छ । तर उहाँपछि सातौं शताब्दीमा भारत यात्रा गर्न आउनुभएका अन्य सुप्रसिद्ध चीनीयायात्री हुयनसाङ्गले नालन्दाको ख्यातिको बारेमा पर्याप्त वर्णन गरिराखेबाट स्पष्ट हुन्छ कि नालन्दा यसको एक डेढ शताब्दीअघि प्रमुख बौद्धशिक्षा केन्द्रको रूपमा अर्थात् पाँचौ शताब्दीमा नै स्थापना भइसकेको थियो ।

यसको स्थापना फाहियानको यात्रापश्चात् मगधका गुप्तसम्राट् शक्रादित्य (जो पछि कुमारगुप्तको नामले भिक्षु हुनुभएको थियो) ले सन् ४२५ तिर एक विहार र एक सानो ग्रन्थालयबाट शुरू गरिसकेको मानिन्छ । पछि क्रमशः उहाँका उत्तराधिकारीहरूमा उहाँकै पुत्र बुद्धगुप्तले



Downloaded from http://dhamma.digital/

पहिलो विहारको दक्षिणतर्फ, तथागत गुप्तले पूर्वतर्फ र वज्र राजाले पुनः उत्तरतर्फ एक-एक ठूल्ठूला महाविहार (भवन)हरू बनाइ नालन्दा शिक्षा केन्द्रलाई उत्तरोत्तर बृहत् बनाउँदै ल्याएका थिए । यसैमा पुनः राजा बालादित्यले ३०० फीट उचाइको अन्य एक भव्य (उच्च) विहार बनाई विश्वविद्यालयको योजनालाई पूर्ण टेवा दिनुभएको थियो । चीनीयायात्री हुयनसाङ्गले उपर्युक्त अनेक राजाहरूले बनाइदिएका भवनहरूको बारेमामात्र उल्लेख गर्नुभएको थिएन उहाँकै समकालीन राजा हर्षवर्द्धनद्वारा निर्मित विहार एवं नालन्दा विश्वविद्यालयको चारैतर्फ अग्ला अग्ला किल्लाहरू र विभिन्न भवनहरूको अगाडि विशाल सिंहद्वार पनि निर्माण गरिदिएको कुरा पनि उल्लेख गरेका छन् ।

हुयनसाङ्गले आफ्नो यात्रा विवरणमा नालन्दा विश्वविद्यालयको प्रवेश नियमदेखि लिएर विद्यार्थी अध्यापकहरूको संख्या, अध्यापन, ग्रन्थालय (पुस्तकालय), रहनसहन, खानपिन आदि कैयौं विषयको समेत चर्चा गरिराखेको छ । उहाँले नालन्दा विश्वविद्यालयमा प्रवेश हुन आउने विद्यार्थीहरूमा १५ जनामा केवल ३ जनालेमात्र प्रवेश हुन पाएको (देखेको) कुरा उल्लेख गरेका छन् । यद्यपि ती विद्यार्थीहरू कैयौं दूर देशहरूबाट हजारौं कोश पार गरी कैयौं पहाड पर्वत, नदीनाला पार गरी वन्यजन्तु एवं डाँकाहरूबाट बच्दै नालन्दा आइपुगेका हुन्थे । तर अफशोच ! नालन्दा पुग्दैमा सजिलै प्रवेश हुन सक्ने स्थिति (प्रावधान) थिएन । प्रवेशद्वारमा अवस्थित कैयौं शास्त्रका ज्ञाता हुनुभएका द्वार पण्डितका प्रश्नहरूको समुचित उत्तर दिन सकेमात्र यस विशाल बौद्ध शिक्षाकेन्द्रमा प्रवेश हुन सकिन्थ्यो ।

यति भएर पनि त्यसताका नालन्दा विश्वविद्यालयमा



Downloaded from http://dhamma.digital/

विद्यार्थीहरूको संख्या १० हजार रहेको, अध्यापकहरूको संख्या १५ सयभन्दा बढी रहेको कुरा चीनीयायात्रीले स्पष्ट उल्लेख गरिराखेका छन्। ती अध्यापकहरूमा एक हजार जना यस्ता थिए जसले २० वटा शास्त्रको विषयमा अध्यापन (व्याख्या) गर्न सक्दथे, ५ सय जना यस्ता थिए जसले ३० वटा शास्त्रको विषयमा अध्यापन गर्न सक्दथे त १० जना यस्ता धुरन्धर महाण्डितहरू थिए जो ५० वटा विषयमा अध्यापन दिन सक्षम थिए। यी सम्पूर्णहरूमा विज्ञ हुनुभएका भिक्षु शीलभद्र महास्थविर नालन्दा विश्वविद्यालयका प्रधानाचार्य (कुलपति) थिए।

यसप्रकार नालन्दा विश्वविद्यालयको विद्यार्थीहरू एवं अध्यापकहरूको संख्याबाट नै त्यस शिक्षा केन्द्रको विशालता, त्यहाँको पठनपाठनको महानता, विशाल ग्रन्थालय आदिको अनुमान सजिलै गर्न सकिन्छ। त्यसताकासम्म विस्तृत भइसकेको बुद्धधर्मको १८ निकायहरूकोमात्र त्यहाँ पठनपाठनको व्यवस्था थिएन बल्कि तत्कालीन प्रचलित १८ विधानअनुसार आयुर्वेद, विज्ञान, इतिहास, कला आदि विषयको शिक्षा प्रबन्ध पनि थियो। हुयनसाङ्गले पनि यहाँ वेद, हेतुविद्या (Logic), शब्दविद्या (व्याकरण), चिकित्सा विद्या, ज्योतिष, अथर्ववेद तथा सांख्यको पनि अध्ययन अध्यापनको व्यवस्था भएको कुरा उल्लेख गर्नुभएको छ। हुयनसाङ्ग स्वयंले दण्डनीति तथा पाणिनीय संस्कृत व्याकरणको पनि अध्ययन गरेको कुरा उल्लेख गर्नुभएको छ।

यस्ता विशाल शिक्षा केन्द्रमा सम्पूर्ण विद्यार्थी एवं अध्यापकहरूलाई चतुप्रत्यय (भोजन, वस्त्र, निवास र उपचार)को प्रबन्ध निःशुल्क गरिएको थियो। राज्यको तर्फबाट नै यस विश्वविद्यालयलाई १०० वटा ग्राम्हको आम्दानी स्रोत दिइराखेको थियो। ती ग्रामका २००



Downloaded from http://dhamma.digital/

परिवारहरूले दिनहुँ खाद्यसामग्री पुऱ्याउने गर्दथे। हुयनसाङ्ग (यात्राकाल सन् ६२९-६४५)को ३५-४० वर्षपछि भारत यात्रा गर्न आउनुभएका अन्य चीनीयायात्री ईत्सिङ्गले नालन्दा विश्वविद्यालयको निमित्त २०० ग्रामबाट चामल, दूध आदिको आय प्रबन्ध हुने कुरा उल्लेख गर्नुभएको छ। हुयनसाङ्गले नालन्दा विश्वविद्यालयमा राजाहरूद्वारा निर्मित ६ वटा विशाल संघाराम(विहार)हरू देखेको कुरा उल्लेख गरेका थिए त ईत्सिङ्गले ८ वटा संघारामको चर्चा गर्नुभएको छ।

नालन्दा विश्वविद्यालयको निमित्त आर्थिक भार व्यय गर्नेहरूमा भारतीय राजाहरूमात्र थिएन सुदूर देश सुवर्णद्वीप (सुमात्रा)का शैलेन्द्रवंशी राजा बालपुत्रदेवले पनि एक महाविहार बनाइदिएको सप्रमाण छ। त्यसको संचालन एवं सुरक्षार्थ आफ्नो एक मन्त्रीसमेत त्यहाँका तत्कालीन राजा देवपालदेवकहाँ पठाएको कुरा नालन्दामा प्राप्त देवपालको ताम्रलेखमा उल्लेख गरिएको छ। यस नालन्दा विश्वविद्यालयमा अध्ययन गराउन तिब्बतका राजा श्रोङ्ग-चङ्ग-गम्पो (सातौं शताब्दी)ले आफ्नो एक मन्त्री थोनमिकोलाई यहाँ पठाएको थियो त अन्य राजा श्रोङ-डे -स्तन (सन् ७४३-८९) ले त नालन्दाका महापण्डित आचार्य शान्तरक्षित, आचार्य पद्मसम्भव एवं आचार्य कमलशीललाई तिब्बतमा निम्त्याइ बौद्धधर्म प्रचारप्रसार गराएको सुविख्यात रहेबाट पनि नालन्दाको प्रसिद्धि एवं यहाँका आचार्यहरूको क्षमताबारे स्पष्ट हुन आउँछ।

## नालन्दा ग्रन्थालय -

पाँचौ शताब्दीमा शक्रादित्य (भिक्षु कुमारगुप्त)ले एक विहार र एक ग्रन्थालयबाट शुभारम्भ गरिएको नालन्दा बौद्ध शिक्षालय एक दुई शताब्दीपछि नै विशाल (अन्तर्राष्ट्रिय) विश्वविद्यालयकोरूपमा परिणत



Downloaded from http://dhamma.digital/

हुनुमा प्रमुख कारण यहाँ शुरूदेखि नै राजाश्रय पाउँदै जानु हो । सातौं शताब्दीमा आएर कैयौं राजाहरूबाट अनेकौं संघाराम(भवन)हरू निर्माण हुनु १० हजार विद्यार्थी एवं १५ सय अध्यापकहरू रहिसकेको उक्त विश्वविद्यालयको क्षेत्रअनुरूप यसको ग्रन्थालयको विशालताको पनि सजिलै अनुमान गर्न सकिन्छ ।

त्यसताका नालन्दा विश्वविद्यालयमा पुस्तकालय (ग्रन्थालय) हरूको एक अलग्गै क्षेत्र नै भइसकेको थियो । जुन ठाउँलाई 'धर्मगंज' नामकरण समेत गरिएको थियो । ती पुस्तकालयहरू विशेषतः ९ तले, ७ तले र ५ तलेका क्रमशः रत्नसागर, रत्नोदधि र रत्नरंजक नामका ३ विशाल ग्रन्थालय भवनहरू रहेको कुरा चीनीयायात्रीहरूले मात्र उल्लेख गरेका थिएनन् तिब्बती विद्यार्थी एवं अन्य विदेशी यात्रीहरूले पनि उल्लेख गरिराखेको पाइन्छ ।

धर्मगञ्जस्थित ती विशाल ग्रन्थालय भवनहरू जुन विद्यालय भवनहरूदेखि अलग्ग (अलि टाढा) निर्मल जलाशय र सुविस्तृत आम्रवनहरूको बीचमा रमणीय स्थलमा अवस्थित थियो मा धर्मदर्शन, ज्योतिष, तन्त्र आदि कैयौं विषयका लाखौं ग्रन्थहरू व्यवस्थितरूपमा सजाइराखेका थिए । दुर्लभ एवं महत्त्वपूर्ण ग्रन्थहरू राम्रो टिकाउ वस्त्रहरूबाट बेरी सुरक्षित गरिराखेको हुन्थ्यो । प्रायः ग्रन्थहरू पत्रकार हुनाको कारण माथि र तल काठको जिल्द राखी सुरक्षित गरिएको हुन्थ्यो । यदि कुनै ग्रन्थ जीर्ण हुन लागेको भए तुरुन्तै त्यसको प्रतिलिपि तयार गरिन्थे ।

स्मरणीय छ, त्यसताका नालन्दाका उक्त ग्रन्थालयहरूमा प्रतिलिपिकर्ताहरूको एक अलग्ग विभाग नै थियो । तिनीहरूले नालन्दाका



Downloaded from http://dhamma.digital/

कैयौं विद्वानहरूले लेखेका ग्रन्थहरूलाई धराधर प्रतिलिपि बनाई जो जसलाई चाहिएको हो तयार गरी पुऱ्याइदिन्थे। सुदूर देशका विद्वानहरूले यहाँबाट विभिन्न यस्ता प्रतिलिपिहरू माग गरिनै राखेका हुन्थे । विशेषतः यहाँ बौद्धधर्मका ग्रन्थहरूको माग बढी हुनु स्वाभाविकै थियो। चीनीयायात्री हुयनसाङ्गले ३ वर्ष नालन्दामा रही ६५७ ग्रन्थहरूको प्रतिलिपिहरू तयार गरी लगेको थियो त उहाँ पछिका चीनीयायात्री ईत्सिङ्ग (यात्राकाल सन् ६७१-९५)ले १० वर्ष नालन्दामा रही ४०० ग्रन्थहरूको (५ लाख श्लोक बराबर) को प्रतिलिपिहरू लिई जहाज (सामुद्रिक) बाटै सुमात्रा हुँदै स्वदेश फर्केका थिए।

अन्य एक स्मरणीय कुरा, नालन्दाका प्रतिलिपिकारहरूले आफूले लेखेको प्रत्येक प्रतिलिपिमा आ-आफ्नो नामको अतिरिक्त तत्कालीन राजा र राजकालको पनि उल्लेख गर्ने गर्दथे जसबाट ग्रन्थको कालबोध सजिलैसित थाहा पाउन सकिन्थ्यो । नालन्दाको ११ औं र १२ औं शताब्दीका असंख्य ग्रन्थहरू आजसम्म पनि रोयल एशियाटिक सोसाइटी, लण्डन र अक्सफोर्ड विश्वविद्यालयको ग्रन्थालय (पुस्तकालय)मा सुरक्षित रहेको कुरा प्रत्यक्षदर्शीहरूले उल्लेख गरेका छन्। सो प्रतिलिपिहरूमा प्रायः पालवंशी राजाहरूले लेखिएका अधिक थिए।

यस्तै एक पालवंशी राजा महिपाल (सन् ९८०-१०२६) को समयमा तयार गरिएको 'अष्टसाहश्रिका प्रज्ञापारमिता'को प्रतिलिपि हाल लण्डनको क्याम्ब्रिज विश्वविद्यालयमा सुरक्षित रहेको कुरा थाहा हुन आएको छ। महिपालपश्चात् न्यायपालको शासनकालमा पनि नालन्दाको प्रतिष्ठा पूर्ववतरूपमा रहेको, प्रशस्त ग्रन्थहरू रचना भएको एवं यहाँका आचार्यहरू तिब्बतमा धर्मप्रचारार्थ जानुभएको प्रमाण पनि उल्लेख छन्।



Downloaded from http://dhamma.digital/

यसप्रकार नालन्दा बौद्ध विश्वविद्यालयको अनेक गतिविधिबाट स्पष्ट हुन आउँछ – यस विश्वविद्यालय भारतकोमात्र होइन विश्वको सबभन्दा पुरानो विश्वविद्यालय (संसारमा सबभन्दा पुरानो इटालीको पाविया विश्वविद्यालयलाई मानिएको छ – स्थापना सन् ८२५) कोरूपमा प्रमाणित भएको छ । यस विश्वविद्यालयमा भव्य-भव्य (गगनचुम्बी) भवनहरूमात्र होइन विशाल-विशाल बुद्धका मूर्तिहरू पनि रहेको कुरा प्राचीन यात्रीहरूले उल्लेख गरेका छन् । स्वयं हुयनसाङ्ले यहाँ सम्राट् अशोकका अन्तिम वंशज राजा पूर्णवर्माले बनाइदिएको ८० फीट उचाइको बुद्ध-मूर्ति (तामाको) समेत रहेको कुरा उल्लेख गरिराखेको छ । नालन्दा कलाक्षेत्रमा प्रवीण रहेको सप्रमाण हामी स्वयं हाल त्यहाँको भग्नावशेषको अंश हेरेर पनि स्पष्ट पार्न सकिन्छ । यहाँका असंख्य मूर्तिहरू (उत्खननबाट प्राप्त) म्यूजियम हाउस पटना र कलकत्ताको सँग्रहालयमा पनि देख्न सकिन्छ ।

३० अक्टोबर १९३५ का दिन 'प्राचीन नालन्दा विश्वविद्यालय पुनः निर्माण समिति' को स्थापनापछि एक सँग्रहालयको पनि निर्माण गरियो । त्यहाँ उत्खननमा प्राप्त अनकौं वस्तु, ताम्रपत्र, शिलालेख एवं अनेकौं मूर्तिहरू सुरक्षितका साथ राखिएको हामी पाउँछौं त भारतको स्वतन्त्रतापछि २० नवम्बर १९५१ का दिन विहार सरकारको तर्फबाट भिक्षु जगदीश काश्यप (सन् १९०८-७६) को निर्देशकत्वमा 'नालन्दा पाली प्रतिष्ठान' अर्थात् 'नव नालन्दा महाविहार'को स्थापना गरी पुनः देशविदेशका विद्यार्थीहरूलाई नालन्दामा अध्ययनार्थ आकर्षित गराइयो ।

पाँचौं शताब्दीमा स्थापना गरिएको प्राचीन नालन्दा विश्वविद्यालय १२ औं शताब्दीमा आएर विशेषतः तुर्क (मुस्लिम) आक्रमण एवं अन्य

केही कारणहरूबाट पतन भई शताब्दीयौंको निमित्त मगधको गर्भमा परिरह्यो। १९ औं शताब्दीमा पाश्चात्य पुरातत्त्वविद् बुचनान हेमिल्टनको ध्यान सर्वप्रथम सन् १८११-१२ मा नालन्दा खण्डहरतर्फ आकृष्ट भयो। त्यसपश्चात् सन् १८६० मा चीनीया यात्री हुयनसाङ्गको यात्रा विवरणको आधारमा पुरातत्त्वविद् जनरल अलेक्जण्डर कनिंघम (सन् १८१४-९३) ले नालन्दा विश्वविद्यालयको खण्डहर साबित प्रमाण गरिसकेपछि सन् १९१५ देखि 'भारतीय पुरातत्त्व सर्वेक्षण विभाग' ले वैज्ञानिक तवरबाट उत्खनन शुरू गर्दै ल्याएबाट आजको स्थितिमा पुगेको हो।

प्राचीन नालन्दा विश्वविद्यालय पतन हुनुका केही कारणहरूमा ८ औं शताब्दीमा विहार (भागलपुर) मै विक्रमशीला विश्वविद्यालयको स्थापना हुनु, पालवंशीय राजाहरूको संरक्षण नालन्दामा भन्दा बढी विक्रमशीलामा हुँदै जानु, नालन्दा महाविहारका भवनहरू भग्नावशेषकोरूपमा परिणत हुँदै आउनु एवं अन्तमा १२ औं शताब्दीको अन्तदेखि १३ औं शताब्दीको पूर्वार्द्धसम्ममा पटक-पटक गरी तुर्क सम्राट् मोहम्मद बिन बख्तियार खिलजीले आफ्नो केवल २०० जति घोडसवार सैनिकहरूको सहयोगबाट केही समयमै भयंकर रक्तपात (भिक्षुहरूको आमहत्या) गरी नालन्दा विश्वविद्यालयका सम्पूर्ण भवनहरू निर्दयतापूर्वक ध्वंश गरेको थियो साथै नालन्दाको विद्यापरम्पराको सुरक्षित गरिराखेको विशाल पुस्तकालयहरूलाई पनि जलाई नष्ट गरिदिएको थियो। ती पुस्तकालयहरूमा कति ग्रन्थ रहेका होलान् कि महिनौं जलेर पनि त्यहाँको ग्रन्थहरू पूर्ण नष्ट हुन सकेको थिएन। त्यसको व्यवस्थित गर्नेवाला समेत त्यहाँ कोही बाँकी रहेन।

तुर्क (मुस्लिम) सम्राट् बख्तियार खिलजीले १३ औं शताब्दीको



Downloaded from http://dhamma.digital/

शुरूमा नालन्दामात्र होइन यसको ७ माइलको नजिक (उत्तर) मा रहेको ओदन्तपुर (हाल विहार शरीफ) महाविहार एवं त्यसको पुस्तकालय र आठौं शताब्दीमा निर्मित विक्रमशीला विश्वविद्यालय र त्यहाँको पुस्तकालयलाई पनि तहस-नहस गरिदिएको थियो। स्मरणीय छ, तुर्क सम्राट् बख्तियार खिलजीले पालवंशीय राजाहरूको प्रमुख स्थानकोरूपमा रहेको ओदन्तपुरलाई नष्ट प्रायः गरी विहारहरूको भग्नावशेषहरूलाई हटाई मस्जिदहरू बनाएका थिए र ओदन्तपुर (विहार शरीफ शहर) को २०-२५ कि.मी. उत्तरमा 'बख्तियारपुर' नामबाटै अहिलेसम्म पनि प्रमुख शहर रहेको कुरा हामीलाई अवगत नै छ।

अन्तमा, पुनः एक पटक भारतको एक प्रमुख कला तीर्थकोरूपमा रहेको नालन्दा खण्डहर-जुन एक रोमाञ्चित स्थान (अतीतको गौरवगाथाबाट विश्वका पर्यटकहरू तुरुन्त आकर्षित हुने) थियो- को अतीतकै सम्झनालाई लिएर त्यसताका (प्राचीन महान् बौद्धशिक्षणालय नालन्दा)का महान् आचार्यहरूको ग्रन्थहरूको आधुनिक एक उद्धारकर्ता, बौद्धसंस्कृतिका महान् ज्ञाता महापण्डित राहुल सांकृत्यायन (सन् १८९३-१९६३) ले ती विश्वविद्यालयलाई लण्डनको क्याम्ब्रिज र अक्सफोर्ड विश्वविद्यालयसित तुलना गरेको प्रसँग उल्लेख गर्न चाहन्छु -

'मुझे तो खयाल आता था, क्या नालन्दा विहारियोका अक्सफोर्ड-क्याम्ब्रिज नहीं बन सकता ? वह भी राजधानी पटनासे उतनी ही दूर है जितनी कि लण्डन से उक्त विद्यालय। उसके पीछे भी ७-८ शताब्दीयौंका भव्य इतिहास है। यदि इन्हे मिल्स और स्पेंशर जैसे कवि, न्युटन और डार्विन जैसे वैज्ञानिक तथा दार्शनिक पैदा करनेका अभिमान है तो नालन्दाको भी दिङनाग, चन्द्रकीर्ति, धर्मकीर्ति और



Downloaded from http://dhamma.digital/



राहुल सांकृत्यायन–आफ्नो अध्ययनकक्षमा
(सन् १९५६–५७)

Downloaded from http://dhamma.digital/

शान्तरक्षित जैसे अदभूत दार्शनिक चन्द्रगोमी जैसे महावैयाकरण, सरहपाद भुसूक (आचार्य शान्तिदेव) जैसे हिन्दीके कवि पैदा करनेका सौभाग्य प्राप्त है । यदि आज दुनियाँ के कोने कोने से इन विश्वविद्यालयोंमे विद्यार्थी आते है तो किसी समय नालन्दामें भी इरान, मध्य एशिया, चीन और कोरिया, चम्पा और कम्बोज, जावा और सुमात्रा, बर्मा और सीलोन (श्रीलंका) के विद्यार्थी पढ्ने आते थे । अगर क्याम्ब्रिज और अक्सफोर्ड अपने तीन सौं वर्ष पुराने मेचौं, चार सौं वर्ष पुराने चुल्हो, सात सौं वर्ष पुरानी दिवारौं और दरबाजों दिखलाकर उस समयका जीवन्त चित्र हमारे सामने रख सकते है तो नालन्दा भी छठी सदीकी दीवारों और द्वारों, आठवी सदीके कुऔं, सातवी और नवीं सदीके ताम्रपत्रों, हजार वर्ष पुराने चुल्हों, नाना मूर्तियों और स्तूपों तथा पुराने आचार्योंमे से किन्ही-किन्हीका हड्डियों तकको हमारे सम्म्मुख रखकर हमारे इतिहासको क्या सजीव नही दिखा सकता ? दरअसल उन विश्वविद्यालयोंको देखते समय क्षण-क्षणमे मेरा मन, शरीरको इंग्लैण्डमें छोडकर नालन्दामें पहुँच जाता था। उनकी दिवारोंकी सुरक्षित अवस्थाको देखकर मन कहता था - नालन्दाकी भी दश बारह हाथ उँची दिवारों को तथा और सभी निचेकी चीजोंकी भी रक्षा की जा सकती है ।"

■■■



Downloaded from http://dhamma.digital/

- सन्दर्भ -

१. नालन्दा विश्वविद्यालय - प्रो चन्द्रिका सिंह उपासक
नालन्दा कलेज,
विहार शरीफ - १९५४

२. चीनीया यात्री सुयनच्वाङ्ग (हुयनसाङ्ग) - सत्यजीवन वर्मा
(जीवन वृत्तान्त और भारत यात्रा) -(हिन्दी अनुवादक) -
शारदा प्रेस, प्रयाग - १९४२

३. मेरी युरोप यात्रा - राहुल सांकृत्यायन,
किताब महल, इलाहावाद - १९४५
(दोस्रो संस्करण)

४. 'नालन्दा' सम्बन्धी लिखित - सारनाथबाट प्रकाशित विभिन्न
'धर्मदूत' पत्रिकाहरू

'भक्तपुर'
वर्ष - २०, अंक-१०
(भाद्र, २०५९)

# प्राचीन अन्तर्राष्ट्रिय बौद्ध शिक्षा केन्द्र विक्रमशिला विश्वविद्यालय

विश्वका प्राचीन विश्वविद्यालयहरूमा नालन्दा विश्वविद्यालय पश्चात विक्रमशिला विश्वविद्यालयको नाम अग्रपंक्तिमा हुन आउँछ ।

भारतको सुप्रसिद्ध गंगानदीको किनार (तट) मा पालवंशका महाप्रतापी राजा धर्मपाल (सन् ७६९-८१५)ले आठौं शताब्दीको अन्तमा बनाइएको यस महाविहार(विश्वविद्यालय) डेढ-दुई शताब्दी पछि नै एक विशाल महाविहारकोरूपमा आफ्नो ख्याति प्राप्त गरिसकेको थियो । पछि आएर नालन्दा विश्वविद्यालयमा भन्दा बढी विदेशी विद्यार्थीहरू अध्ययनार्थ आउने गरेको यस विश्वविद्यालयमा नालन्दामा जस्तै प्रवेशको निमित्त द्वारपण्डितहरूकहाँ परीक्षा दिनुपर्ने नियम थियो ।

बंगालको राजा कनकश्रीको राज्यकालमा एक तिब्बती लामा सर्वज्ञ पण्डरिकले आफ्नो 'धर्मोद्भव' नामक ग्रन्थमा त्यसताका विक्रमशिलामा रहनुभएका ६ जना द्वारपण्डितहरूको नाम यसप्रकार उल्लेख गरेका छन् -

१) पूर्वद्वारको द्वारपण्डित - आचार्य रत्नाकर शान्ति ।

२) पश्चिमद्वारको द्वारपण्डित - आचार्य प्रज्ञाकरमति ।

३) उत्तरद्वारको द्वारपण्डित - आचार्य नारोपा (नरोत्तमपाद) ।

४) दक्षिणद्वारको द्वारपण्डित - आचार्य वागीश्वरकीर्ति ।

५) प्रथमद्वार को द्वारपण्डित - आचार्य रत्नवज्र ।

६) द्वितीय प्रमुखद्वारको द्वारपण्डित - आचार्य ज्ञानश्रीमित्र ।



Downloaded from http://dhamma.digital/

स्वयम् राजा धर्मपालले नै विशेष दिलचस्पी राखी निर्माणकार्य वृद्धि गर्दै लगेको यस विक्रमशिला विश्वविद्यालयमा ८ जना महापण्डित र १०८ जना पण्डित(अध्यापक)हरूको व्यवस्था गरिएको थियो ।

यस महाविहारको मध्यमा अवलोकितेश्वरको मन्दिर बनाइएको थियो त यसको चारैतर्फ साना-ठूला ५३ वटा तान्त्रिक देवालय एवं विहारहरू पनि निर्माण गरिएको थियो ।

विश्वविद्यालयको प्रबन्ध संचालनको निमित्त ६ जना प्रमुख भिक्षुहरूको व्यवस्था गरिएको थियो त शिक्षाव्यवस्थाको निमित्त पनि उपर्युक्त ६ जना द्वारपण्डितहरूको एक समिति बनाइराखेको थियो । विश्वविद्यालयको सम्पूर्ण व्यवस्थाको हेरचाहको जिम्मा विश्वविद्यालयका प्रधानाचार्य (कुलपति) बाट हुन्थ्यो जुन अद्यावधिजस्तै थियो ।

यस विश्वविद्यालयमा बौद्धधर्मका अनेकौं ग्रन्थहरूको अतिरिक्त न्याय, प्रमाणशास्त्र, तर्कविद्या, व्याकरण आदि कयौं विषयको अध्ययन-अध्यापनको व्यवस्था गरिएको थियो । त्यसताका यस विश्वविद्यालयले एक नयाँ विशेषता देखाइएको थियो, त्यो हो - त्यहाँको स्नातक उत्तीर्ण हुनेहरूलाई बंगालका राजाको तर्फबाट डिग्री प्राप्त गराउनु । यसको विवरण विशेषतः तिब्बतीहरूको ग्रन्थबाट स्पष्ट थियो ।

नालन्दा विश्वविद्यालयमा जस्तै यहाँ पनि एक भव्य पुस्तकालय रहेको कुरा मुस्लिम इतिहासकार मिनहोजेले उल्लेख गरेका छन् ।

यसप्रकार त्यसताका पूर्वभारतमा अवस्थित ४ वटा प्रमुख बौद्धशिक्षणालय (नालन्दा, ओदन्तपुरी, वज्रासन र विक्रमशिला)मा विक्रमशिला विश्वविद्यालय दशौं-एघारौं शताब्दीमा आएर नालन्दा विश्वविद्यालयमा भन्दा बढी सुप्रबन्ध भएको र अध्ययन -अध्यापनमा

पनि विशेष प्रगति भएको फलस्वरूप पछि आएर यस विश्वविद्यालयमा विदेशी विद्यार्थीहरू थपिँदै गएको प्रमाणित छन् । जसमा विशेषत तिब्बती विद्यार्थीहरूको आवागमन बढी थियो । यसैको फलस्वरूप एघारौं शताब्दीको मध्य(सन् १०४०-४१)मा तिब्बती लामा येशे-ओ को अनुरोध (निमन्त्रणा)मा विक्रमशिला विश्वविद्यालयका ८ जना पण्डितहरूमा प्रमुख हुनुभएका आचार्य दीपंकर श्रीज्ञान (सन् ९८२-१०५४) तिब्बतमा बुद्धधर्म सुधारार्थ एवं धर्मप्रचारार्थ पुग्नुभएको थियो ।

तर, अफशोचको कुरा, आचार्य दीपंकर श्रीज्ञानले तिब्बतमा बुद्धधर्मको प्रचार-प्रसार त बेजोडरूपमा गरे तर भारतको निमित्त त्यो समय नाजुक स्थिति साबित हुन आएको थियो जसको आभास दीपंकर श्रीज्ञानलाई निमन्त्रणा गर्न आएका १० जना तिब्बतीहरूको साम् त्यसताकाका विक्रमशिला विश्वविद्यालयका प्रधानाचार्य (कुलपति) रत्नाकर शान्तिले भनेका थिए -

"भोट आयुष्मानहरू ! तिमीहरू पढ्नको निम्ति आएका हौ भन्छौ । के तिमीहरू अतिशा (दीपंकर श्रीज्ञान)लाई लिएर जानको निमित्त आएका त होइनौ ? यस बेला अतिशा भारतीय(बौद्ध)हरूको आँखासमान भएका छन् । तिमीहरूले देखेकै छौ पश्चिम (दिशा)मा तुर्क (मुसलमान)हरूले आक्रमण गर्दै आएका छन् । यदि यस समय अतिशा यहाँ बाट गइदियो भन्ने तथागतको धर्मसूर्य पनि यहाँबाट अस्त हुनेछ ।"

तर, आचार्य दीपंकर श्रीज्ञानले ती तिब्बतीहरूलाई तिब्बत आउने अनुमति (स्वीकृति) दिइसकेका थिए । सिर्फ विक्रमशिला विश्वविद्यालयमा आफ्नो ऊपर रहेको १०८ वटा माथि उल्लिखित देवालय एवं विहारहरूको भार र अन्य कामहरूबाट मुक्ति लिन



Downloaded from http://dhamma.digital/

मात्र बाँकी थियो । यसको निमित्त (प्रबन्ध मिलाउनको निमित्त) १८ महिनाभित्रमा सम्पूर्ण कार्य सिध्याई साथै जाने सल्लाह मिलाइसकेको थियो ।

आचार्य दीपंकर श्रीज्ञानले आफू तिब्बतमा नगइनहुने स्थिति देखिसक्नुभएको थियो । उहाँले आफूलाई बोलाउन आएका तिब्बतीहरूको तर्फबाट आफ्नो (दीपंकर श्रीज्ञानलाई तिब्बतमा धर्मप्रचारार्थ ल्याउन) निमित्त तिब्बती राजा येशे-ओले गरेको त्याग र तपस्याको बारे काफी सुनिसकेका थिए । उहाँले पहिले दुईपटक तिब्बत आउने (जान) अस्वीकार गरिसकेका थिए । अतः तेस्रो पटकको यस निमन्त्रणलाई उहाँले सहर्ष स्वीकार गरिसकेका थिए ।

स्मरणीय छ, उपासक गुङ-थङ-पाको नेतृत्वमा आएका ती तिब्बती यात्रुहरू (दीपंकर श्रीज्ञानलाई बोलाउन आएका) नेपालको बाटोबाट विक्रमशिला पुगेका थिए । उहाँहरू सूर्यास्तको समय गंगावारी पुगेको बेला विक्रमशिलाका विहारको अग्लो गजूर देख्नासाथै आ-आफ्नो बाटोका कष्ट बिर्सिदिएका थिए । तिनीहरूले नाव (डुंगा) बाट गंगा पार गरिसकेको बेला नगरको द्वार बन्द भइसकेको कारण नगर बाहिर रहेको पश्चिमी धर्मशालामा एक रात बिताई दोस्रो दिनमामात्र विक्रमशिला महाविहारको दृश्यावलोकन गर्न अवसर पाएको थियो ।

साँच्चै नै आचार्य दीपंकर श्रीज्ञान तिब्बत गमन गर्नुभएको डेढ शताब्दीपछि प्रधानाचार्य रत्नाकर शान्तिले शंका गरेअनुरूप १३ औं शताब्दीका शुरू(सन् १२०३)मा मुहम्मद बिन बख्तियार खिलजीले नालन्दा विश्वविद्यालयपश्चात् विक्रमशिला विश्वविद्यालयलाई पनि सैनिक गढ सम्झी पूर्णरूपमा तहस-नहस पारिदिए जसबाट नालन्दा विश्वविद्यालयले

७०० वर्षको र विक्रमशिला विश्वविद्यालयले ४०० वर्षको शैक्षिक अध्ययन अध्यापनको इतिहासलाई सदियौंको निमित्त अतीतको गर्भमा विलीन गराइदिए ।

अन्तमा, ऐतिहासिक विक्रमशिला विश्वविद्यालयको सही स्थानको वारेमा सुप्रसिद्ध तिब्बतयात्रु महापंण्डित राहुल सांकृत्यायन(सन् १८९३-१९६३)ले तिब्बती ग्रन्थ 'गुरु गुण धर्माकर'को आधारमा लेखिएका पंक्तिहरू उद्‌धृत गर्दछु -

"भारत पूर्वदिशा सहोर देशोत्तम मे भगल नामक पुर है । उसके स्वामी धर्मराज कल्याणश्री ........ (थे) । मनुष्यौं के घर एक लाख (उस नगर मे थे ) । धर्मराजकी रानी श्री प्रभावती ........... उस प्रासादकी उत्तरी दिशा मे विक्रमपुरी (विक्रमशिला) है ।"

श्री वज्रासन(बुद्धगया) की पूर्व दिशामे भगल महादेश है । उस भगल देशमे बडा नगर है - विक्रमपुरी ................ इस देशका नामोत्तर सहोर है जिसके भीतर विक्रमपुरी नामक नगर है ।"

तिब्बती ग्रन्थों से पत्ता लगता है -

१) सहोर भारत के पूर्व दिशामे एक देश था । आज भी सबोर परगना भागलपुर जिलेमे मौजूद है जो पूर्वमे है ।

२) राजधानी भगलपुर था, जो भागलपुरका हीरूपान्तर है ।

३) राजधानी से उत्तरमे विक्रमशिला विहार था । यह स्थान सुल्तानगंज मालूम पडता है ।

४) विक्रमशिला गंगाके तटपर एक पहाडी पर अवस्थित था । सुल्तानगंजमे आज भी अवगैवीनाथ और मुरली की दो पहाडीयो मौजूद है - जिनमे पहिली गंगाके भीतर और दूसरी किनारे पर अवस्थित है ।

■■■



Downloaded from http://dhamma.digital/

- सन्दर्भ -

१) तिब्बतमे सवा बरस - राहुल सांकृत्यायन
शारदामन्दिर, नईदिल्ली-१९३३

२) अतीत से वर्तमान - राहुल सांकृत्यायन
विद्या मन्दिर प्रेस, बाराणसी-१९५०

३) पुरातत्त्व निबन्धावली - राहुल सांकृत्यायन
किताब महल, इलाहावाद - १९५८

४) प्राचीन बौद्ध शिक्षा केन्द्र - श्री चन्द्रिकासिंह उपासक
"धर्मदूत" वर्ष-३३ अंक १-२
(मई, जून १९५७)

'युवा पुस्तकालय'
रजत जयन्ती स्मारिका
(बु.सं. २५४१, वि.सं. २०५४)

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# राहुलको पहिलो श्रीलंका यात्रा

नेपाल एवं भारतमा बुद्धधर्म र साम्यवादी विचारधारालाई व्यापकरूपमा प्रचार-प्रसार गर्नमा आफ्ना कृतिहरूद्वारा अमूल्य योगदान दिनुभएका केही भारतीय विद्वानहरूमा महापण्डित राहुल सांकृत्यायनको नाम अग्रपंक्तिमा लिन सकिन्छ ।

२० औं शताब्दीका एक बेजोड प्रतिभाशाली व्यक्तित्व हुनुभएका राहुल सांकृत्यायनले विशेषतः संस्कृत, पाली, तिब्बती, अंग्रेजी, चीनी, रुसी आदि दर्जनौं भाषामा रहेका प्राचीन र नवीन साहित्यको अनवरत अध्ययन मनन गरी धर्म, दर्शन, लोकसाहित्य, यात्रासाहित्य, इतिहास, राजनीति, जीवनी, कोश, प्राचीन तालपोथिहरूको सम्पादन आदि गरी हामीलाई १५० वटा भन्दा बढी कृति छोडेर जानुभएको छ ।

आश्चर्यको कुरा यो छ कि उहाँ सिर्फ मिडिल पासका विद्यार्थी थिए । उहाँलाई पण्डित, साहित्यवाचस्पति आदि उहाँको घुमक्कड जीवनले नै बनाएको कुरा उहाँले स्पष्ट उल्लेख गरिराख्नुभएको छ । घुमक्कड जीवनमा नै उहाँले यत्रतत्र रही आफ्नो अध्ययन प्रवृत्तिलाई सर्वोपरी बनाए । सन् १९०९ मा १६ वर्षको उमेरदेखि घरबार त्यागी घुमक्कड बन्नुभएका उहाँले सन् १९४९ मा आएर ४ दशकको घुमक्कडको अनुभवपश्चात् भावी घुमक्कडहरूको लागि एक यस्तो कृति लेख्नुभयो, जुन कृतिमा घुमक्कड बन्नको निम्ति आवश्यक पूर्वाधारहरू के-के हुन् साथै प्रथम श्रेणीका घुमक्कड हुन् के कस्ता योग्यता हुनुपर्छ सो को वर्णन विभिन्न विषयहरूमा स्पष्ट गरिराख्नुभएको छ । सो कृतिको नाम हो -'घुमक्कड शास्त्र' ।



Downloaded from http://dhamma.digital/

उहाँको पहिलो श्रीलंका यात्रा पनि अध्ययनकै प्रवृत्तिको क्रममा थियो । सन् १९१२ को सेप्टेम्बर महिनादेखि हिन्दुसाधु भई सारा भारत दुईपटक घुमिसक्नुभएका उहाँ सन् १९१५ देखि आर्यसमाजी विचारधाराका व्यक्ति हुनुभएको थियो । आर्यसमाजको पूर्ण अध्ययनको निम्ति आग्राबाट लाहौर (हाल पाकिस्तान) पुग्नुभएका उहाँले त्यहाँ आर्यसमाजीको पूर्ण अध्ययनपछि यसको प्रचार-प्रसारमा द्रुतगतिमा लाग्नुभएको थियो । यसैको प्रचार-प्रसारको क्रममा जब उहाँ लखनऊ पुग्नुभयो, त्यहाँ उहाँले एक बौद्ध भिक्षु बोधानन्द महास्थविर (सन् १८७४-१९५२) सित सम्पर्क भए । त्यसपश्चात्‌देखि उहाँको विचारधारामा पुनः परिवर्तन भयो - अब उहाँको विचारधारा राजनैतिक जीवनको अतिरिक्त धार्मिक विचारमा वैष्णव (साधु भएको बेला) एवं आर्यसमाजी - स्वामी दयानन्द (सन् १८२४-८३)को विचारधारा पनि आवश्यक नभएको बौद्ध-धर्म-दर्शनतर्फ आकर्षित हुँदै गए यसैको विस्तृत अध्ययनको निम्ति रामोदर (साधु भएको बेलादेखिको नाम) पहिलोपटक देश बाहिर श्रीलंका जाने तरखरमा लागे । यसको निम्ति प्राप्त भएको संयोग एवं सहयोगको बारेमा उहाँ उल्लेख गर्नुहुन्छ -

"बौद्ध धर्मके विशेष अध्ययनकी मेरी इच्छा, जो लद्दाखयात्रा (सन् १९२६) से जग उठी थी, अब मुझ पर भारी जोर दे रही थी । २२ फरवरी १९२७ को सारनाथ जाने पर मैंने अपना विचार भिक्षु श्रीनिवासजी से कहा, उन्होंने मेरे विचारोंका समर्थन करते हुए कहा-इस वक्त अच्छा अवसर भी है । लंकाका विद्यालंकार भी एक संस्कृत अध्यापक की खोज में है, आप वहाँ चले जायें, बडी अनुकूलता रहेगी । ........... कलकत्तामे महाबोधि सोसाइटीमें (९-११ मई १९२७) ठहरा ।



Downloaded from http://dhamma.digital/

ब्रम्हचारी देवप्रियसे बोधगया कमिटिके सम्बन्धसे काफी परिचय हो गया था, और उन्होनें मेरी निर्णयको बहुत पसन्द किया । भिक्षु श्रीनिवासने मेरे बारे में भिक्षु नाराविल धर्मरत्नको लिख दिया था। वह विद्यालंकार के छात्र थे, और भारतके लिए प्रचारक बननेकी तैयारी कर रहे थे। उनके विहार ने उनसे भी किसी संस्कृत पण्डित के भेजने के लिए आग्रह किया था। नाराविलजीने मुझसे वेतन के बारे मे पुछा। मैंने कहा-मुझे वेतनको आवश्यकता नहीं, खाना, कपडा और पुस्तकें मिलनी चाहिए, और सबसे जरूरी बात पाली पढ्नेका अच्छा प्रबन्ध। ........ उसी वक्त विद्यालंकारको उन्होंने तार दिया, और दूसरे या तीसरे दिन सौरूपये मार्ग व्यय के लिए आ गये।"

यसप्रकार निश्चितरूपमा रामोदर श्वेत धोती, कुर्ता, चादरको विनीत भेषमा कलकत्ताबाट मद्रास-मंडपम्-धनुष्कोटी हुँदै जहाज (Steamer)बाट तल्लइमनार हुँदै १६ मई १९२७ का दिन श्रीलंकाको केलनियास्थित विद्यालंकार विहारमा पुग्नुभएको थियो।

रामोदर साधुको यस पहिलो श्रीलंका निवासकालमा उहाँले अध्ययन अध्यापनमामात्र समय बिताउनुभएको थिएन अपितु श्रीलंकाका केही प्रमुख नगरहरू एवं ऐतिहासिक स्थलहरूको भ्रमण गरी सोबारे धारावाहिकरूपमा केही लेखहरू लेखी भारतको 'सरस्वती', 'विश्वामित्र' र 'मिलाप' आदि पत्रिकाहरूमा प्रकाशनार्थ पठाउँदै गरे - यी नै लेखहरूको तर्फबाट उहाँको साहित्यिक जीवन प्रारम्भ भएको उहाँले स्वीकार्नुभएको छ। यी लेखहरूको संकलनपछि 'श्रीलंका' पुस्तककोरूपमा प्रकाशित भयो।

उहाँ श्रीलंकामा रहनुभएको बेला उहाँका केही मित्रहरू जसमा



Downloaded from http://dhamma.digital/

भारतका भावी प्रथम राष्ट्रपति डा. राजेन्द्रप्रसाद (सन् १८८४-१९६३) पनि थिए र श्रीलंकाका भ्रमणमा पुगे। उहाँहरू सन् १९२७ को डिसेम्बर महिनामा मद्रासमा सम्पन्न कांग्रेस सम्मेलनपश्चात् आउनुभएको थियो। राजेन्द्रप्रसादका समूह ३ जनवरी १९२८ का दिन श्रीलंका पुगेका थिए त भावी भदन्त आनन्द कौशल्यायन हुने रामोदरका मित्र विश्वनाथ साधु पनि सोही सम्मेलनमा भाग लिई ५ जनवरीका दिन श्रीलंका आइपुगेको थियो । रामोदर सांकृत्यायनले विशेषत: राजेन्द्रप्रसादका समूहलाई मार्गदर्शक भई कोलम्बोको डक म्युजियम, टाउन हाल, हेबलाक टाउनस्थित एक नयाँ बुद्धविहारको अवलोकनपश्चात् नूर-एलिया कैण्डी अनुराधापुरको निम्ति प्रस्थान गरेको थियो ।

स्मरणीय छ, नूर एलिया (नगर आलोक) श्रीलंकाको सिमला थियो - जुन समुद्री सतहबाट ६ हजार फीटको उचाइमा रहेको रमणीय स्थान थियो। कैण्डी-बुद्धको दन्तधातुको मन्दिर रहेको ठाउँ र अनुराधापुर लंकाको पुरानो राजधानी एवं बुद्धधर्मको इतिहास शुरू भएको ठाउँ अर्थात् अशोकपुत्र महेन्द्र महास्थविरले ईशापूर्व तेस्रो शताब्दीमा आउनुभई धर्मध्वजा शुभारम्भ गरेको ठाउँ थियो ।

यही स्थानमा अशोकपुत्री भिक्षुणी संघमित्राद्वारा ल्याइएको बोधिवृक्षको शाखाको सम्मानको प्रत्यक्षानुभूति पनि रामोदरले गरेका थिए साथै भारतस्थित बोधिवृक्षको मूलप्रति भइरहेको बेवास्ताको पनि अवगत गराएको थियो ।

यसप्रकार रामोदर सांकृत्यायनको मार्गदर्शकत्वमा राजेन्द्रप्रसादका यात्रुदल केही दिनको श्रीलंका भ्रमणपश्चात् अनुराधापुरबाट रेलमार्गबाट तल्लइमन्नार हुँदै भारत फर्क्यो । स्मरणीय छ, भारत स्वतन्त्रपश्चात्



Downloaded from http://dhamma.digital/

राष्ट्रपति डा. राजेन्द्रप्रसाद कै तर्फबाट बुद्धगया मन्दिरको उद्धारकार्य शुरूभएको थियो । रामोदर सांकृत्यायनले आफ्नो पहिलो श्रीलंका निवासकालको गतिविधिको बारेमा उल्लेख गर्नुहुन्छ -

"लंकामे पहिली वारका १९ मासका निवास गम्भीर अध्ययन अध्यापनका जीवन था। रात-दिनमे आठ नौ घण्टे खाने सोने टहलनेमे लगते बाँकी समयमे पाँच घण्टे पढाने और आठ नौ घण्टे अपने पढ्नेके लिए निश्चित थे ।"

यस्तै उहाँको पहिलो श्रीलंका निवासकालको बारेमा त्यसताका वर्षदिन साथ रहनुभएका भदन्त आनन्द कौशल्यायन (सन् १९०५-८८) उल्लेख गर्नुहुन्छ -

'आठ नौ महिनोंमे उन्होने सारा त्रिपिटक और उसकी अर्थकथाओंको जो तीन महाभारत के बराबर है, छान मारा। और, यह उन्होने उस समय किया, जब उन्हे लगभग ६ घण्टे रोज दूसरोंको संस्कृत पढानी पढती थी ।

त्रिपिटक लगभग पाँच-पाँच सौ पृष्ठके पैतालिस ग्रन्थोंका नाम है। हर ग्रन्थपर उनके भाष्य या अर्थकथाएँ है। राहुलजी जब उन्हे पढते थे, तो भिन्न-भिन्न कापियों मे उनके नोट लेते जाते थे ।

त्रिपिटक और उनकी अर्थकथाओंका अध्ययन पूरा हुआ, तो राहुल (२२ जून १९३० का दिन प्रव्रज्यापश्चात्का नाम) जीने अपनी कापियों मे लिखे उन नोटों के आधार पर 'बुद्धचर्या' जैसा अदभुत ग्रन्थ तैयार कर डाला, प्राचीन भारतीय इतिहासकी उपादान सामग्रीकी दृष्टि से बेजोड । किसी भी भारतीय या विदेशी भाषा मे उसकी टक्कर की दूसरी पुस्तक है ही नहीं ।'



Downloaded from http://dhamma.digital/

रामोदर सांकृत्यायनले श्रीलंकामा पालीसाहित्य अध्ययन-अध्यापन गरिरहेकै बेला उहाँले तिब्बतमा पनि एकपटक गई त्यहाँस्थित बौद्धग्रन्थको अध्ययनविना बौद्धदर्शनको पूर्ण शिक्षा र भारतमा बौद्ध-धर्मको इतिहासको जिज्ञासा पूर्ण नहुने देखी श्रीलंकाबाट नै तिब्बत जाने प्रण गर्नुभएको थियो । तिब्बतमा स्थविरवादी भिक्षु वेश बाधक हुनाको कारण उहाँ प्रव्रजित हुने इच्छा (त्यसताका) रहँदा रहँदै पनि पछिको निम्ति छोड्नुभएको थियो ।

रामोदर सांकृत्यायनले तिब्बतको निम्ति श्रीलंका छोड्नुभयो - १ डिसम्बर १९२८ का दिन । स्मरणीय छ, बौद्धधर्मदर्शनको निम्ति तिब्बत प्रस्थान गर्ने लक्ष्य लिएका रामोदरलाई विद्यालंकार परिवेणले ३ सेप्टेम्बर १९२८ का दिन 'त्रिपिटकाचार्य' उपाधि प्रदान गरेको थियो ।

अन्तमा, ३४ वर्षको उमेरमा श्रीलंका पुग्नुभएका रामोदरको यस पहिलो श्रीलंका निवासकालमा एक सिंहली युवतीसित झण्डै प्रेमपाश (सन्निकट)मा बाध्न लागेको, तर आफ्नो स्वभाव एवं लक्ष्यको कारण उक्त युवतीलाई त्याग गरेको र संसारको स्वभाविक धर्मको यथार्थता छर्लङ्ग देखिएको उक्त प्रसँग पनि एकपटक उहाँकै शब्दमा स्पष्ट पारौं -

'मद्रासको भाँति सिंहलेमें भी पर्दाका नामतक नही हैं । ......

विद्यालंकार विहारके बाहर सडकके दूसरी तरफ एक गृहस्थका घर था, उसमे एक तरुण कन्या रहती थी । मुझे टहलने तथा डाक खानेमें जाते वक्त उधरसे गुजरना पढ्ता था । एकाधबार हमारी चार आँखे हुइ, उसके वाद मैं देखने लगा, कि जब भी मैं उधरसे गुजरता, धर्मोपदेश सुनने या पूजा करने वह विहारमे आती, तो मेरी ओर निस्संकोच हो-हाँ दूसरों से दृष्टि बचाकर देखती । मेरा हृदय भी उधर



Downloaded from http://dhamma.digital/

आकर्षित हुआ था, क्योंकि वह गोरी और कुछ सुन्दर भी थी। इसमे भी शक नहीं, कुमारी होने से उसके साथ ब्याह करने में कोइ बाधा नहीं हो सकती थी, किन्तु ब्याहका नाम आते ही मेरे रोंगते खडे हो जाति ...... ।

मैंने दृढतासे काम लिया, लेकिन साथ ही इस दृढतामें मेरा स्वभाविक संकोच और इस लड्कीकी लज्जाशीलता मुख्यतः सहायक हुइ, नहीं तो, उसकी तरफसे मामला आगे बढ्ने पर मेरे लिए बचना मुश्किल होता। तीन साल वाद मैंने उसी तरुणीको एक बच्चेकी मां हुइ देखा। उसका वह सौन्दर्य न जाने कहाँ उड गया था, जिसके कारण कि मैं उस ओर आकर्षित हुआ था।"

■■■

-सन्दर्भ-

१) मेरी जीवन यात्रा, भाग-१, - राहुल सांकृत्यायन
आधुनिक पुस्तक भवन,
कलकत्ता - १९५१

२) मेरी जीवन यात्रा भाग-२, - राहुल सांकृत्यायन
किताब महल,
इलाहावाद - १९५०

३) भिक्खुत्रयी - रत्नसुन्दर शाक्य
धर्मोदय सभा, भक्तपुर शाखा- २०४९

'त:मूंज्या'
नेपालभाषा साहित्य त:मूंज्या
२०६६ असोज-कौलाथ्व ११२९



Downloaded from http://dhamma.digital/

# राहुलको पहिलो तिब्बत यात्रा

नेपाल एवं भारतमा विशेषतः बौद्ध एवं साम्यवादी जगत्मा राहुल सांकृत्यायनको नाम नसुनेका एवं उहाँका कुनै न कुनै ग्रन्थ अध्ययन नगरेका व्यक्ति सायदैमात्र होला ।

उहाँको जन्म ९ अप्रिल १८९३ का दिन भारतको उत्तर प्रदेशस्थित आजमगढ जिल्लाको 'पन्दहा' भन्ने गाउँमा एक पाण्डे (ब्राम्हण) कुलमा भएको थियो । उहाँले प्राथमिक शिक्षापछि माध्यमिकशिक्षा आफ्नै गाउँको नजिक (३-४ माइलस्थित) रहेको निजामावादमा पूर्ण गर्नुभएको थियो । माध्यमिक शिक्षापछि उहाँमा वैराग्यभावनाको साथै घुमक्कड हुने लालसा हुन आएबाट उहाँ पटक-पटक गरी घरबाट भागी बनारस (काशी) - कलकत्ता जाने गर्दै रहे ।

सन् १९१० देखि त उहाँ साधु नै हुनुभयो । साधु भई भारतमा सारा हिन्दूतीर्थस्थलको भ्रमण गर्नुभयो । सन् १९१२ देखि १९१५ सम्म उहाँ वैष्णवी साधु हुनुभयो । त्यसबेला उहाँको नाम पनि बदलियो - केदारनाथ पाण्डेबाट 'रामोदर साधु' हुनुभयो । सन् १९१५ देखि पुनः उहाँको विचारधारा बदलियो वा स्वामी दयानन्द(सन् १८२४-८३) को आर्यसमाजी विचारधाराबाट प्रभावित भई यसैको अध्ययन-मननको निम्ति आग्रास्थित 'आर्य मुसाफिर विद्यालय' मा भर्ना हुनुभयो । यहाँबाट पनि पुनः आर्यसमाजको गढ लाहौरमा पनि अध्ययननार्थ जानुभयो । लाहौरको डी.ए.बी. कलेजबाट अध्ययन पूरा गरिसकेपछि उहाँ आर्य समाजको प्रचारार्थ लाहौरबाट ठाउँ-ठाउँमा व्याख्यान दिंदै उत्तरप्रदेश तर्फ लाग्नुभयो । यसैको दौरानमा उहाँ लखनऊ पुग्नुभएको बेला लखनऊको लाटूस रोड(हाल गौतम बुद्ध मार्ग)मा अवस्थित बुद्ध-विहारमा

एक भिक्षु रहनुभएको कुरा थाहा पाउनासाथ उहाँ भेट्न जानुभयो । उक्त भिक्षु हुनुहुन्छ - बोधानन्द महास्थविर (सन् १८७४-१९५२) ।

बौद्धभिक्षुहरूको धर्मप्रचारको लगनको बारेमा धेरै सुनिराखेका रामोदर साधुले भिक्षु बोधानन्दबाट विशेषतः बौद्धसाहित्य अध्ययनको निमित्त बंगालीभाषामा लेखिएका वा प्रकाशित पुस्तकहरूका साथै - 'जगज्योति' पत्रिका पारायण गर्नुपर्ने र पालीत्रिपिटकको निमित्त अनगारिक धर्मपाल (१८६४-१९३३) सित लेखापढी गर्ने जानकारी (सल्लाह) प्राप्त गर्नुभयो ।

यसै बेलादेखि उहाँमा बुद्धधर्मप्रति भएको झुकाव बढ्दै गयो । जब सन् १९२६ मा लद्दाखको यात्रा गर्नुभयो तब झन् विशेष अध्ययन गर्दै जाने इच्छा भएबाट सो इच्छाको जानकारी सारनाथस्थित महाबोधि सभाका सचिव भिक्षु श्रीनिवास(सन् १८९४-१९६८) समक्ष व्यक्त गरे । भिक्षु श्री निवासले उहाँको विचारको समर्थन गरी समय उपयुक्त (अवसर) भएको कुरा पनि जानकारी दिनुभयो । त्यसताका श्रीलंकाको केलनियास्थित विद्यालंकार परिवेणको निमित्त एक संस्कृत अध्यापकको जरूरत भइरहेको थियो । सो को पूर्ति पनि हुने गरी विशेषतः भिक्षु श्रीनिवासले रामोदर साधुलाई श्रीलंका जाने प्रबन्ध गरिदिए जसअनुसार रामोदर साधुले आफूले पाली अध्ययन गर्ने र संस्कृत अध्यापन गराउने लक्ष्यअनुसार १६ मई १९२७ का दिन श्री लंकाको विद्यालंकार परिवेणमा पुगे ।

उहाँको यो पहिलो श्रीलंका निवासकाल(अध्ययन र अध्यापन काल) १९ महिनाको थियो । यस कालमा उहाँले गर्नुभएको अथक परिश्रमको बारेमा प्रत्यक्षदर्शी भदन्त आनन्द कौशल्यायन



Downloaded from http://dhamma.digital/

(सन् १९०५-८८) उल्लेख गर्नुहुन्छ -

"आठ नौ महिनों मे उन्होंने सारा त्रिपिटक और उसको अट्ठकथाओंको, जो तीन महाभारतके बराबर है, छानमारा। और यह उन्होंने उस समय किया, जब उन्हे लगभग ६ घण्टे रोज दूसरोंको संस्कृत पढानी पडती थी। त्रिपिटक लगभग पाँच-पाँच सौ पृष्ठके पैतालीस ग्रन्थोंका नाम है। हर ग्रन्थ पर उनके भाष्य या अठ्टकथा है। राहुलजी जब उन्हे पढते थे तो भिन्न भिन्न कापियों मे उनके नोट लेते जाते थे।"

रामोदर साधुले श्रीलंकामा 'त्रिपिटकाचार्य' उपाधि (३ सेप्तेम्बर १९२८ का दिन) प्राप्त गरेदेखि उनले आफ्नो नाममा साधुको सट्टा 'सांकृत्यायन' राख्नुभयो। उहाँले पाली साहित्य अध्ययन गर्दै जाँदा महशुस गर्नुभयो कि बौद्ध वाङ्मय सिर्फ पालीमामात्र सीमित थिएन। संस्कृतमा पनि प्रशस्तै रहेको कुरा अवगत गर्नुभयो। सो को अध्ययन विना बौद्धदर्शनको अध्ययन पूरा नहुने सोचाई लिनुभयो। तर अफसोच ! संस्कृतका प्राचीनतम ती बौद्धग्रन्थहरू भारतमा लुप्त प्रायः भइसकेको र तिब्बतीभाषामामात्र सुलभ रहेको कुरा पनि अवगत गर्नुभयो। अतः ती तिब्बतीसाहित्यको रूपमा रहेको ग्रन्थहरू अध्ययन गर्नको निमित्त उहाँ तिब्बतमै जाने विचार गर्नुभयो। यस सोचाई राखेको प्रसँगलाई पनि उहाँकै शब्दमा उल्लेख गरौं -

"मैने अबतक तै कर लिया था कि लंका से एकबार तिब्बत जाना जरूरी है, क्योकि वहाँ गए विना बौद्ध-दर्शन की शिक्षा और भारतके बौद्ध -धर्म के इतिहासको जिज्ञासा पूरी नही हो सकती। मै यह भी जानता था कि तिब्बत मे मैं छीपकर ही जा सकता है और इसमे



Downloaded from http://dhamma.digital/

मेरा भिक्षुका बाना बाधक होगा, इसलिए मैं इच्छा रहते भी अभी भिक्षु नही बनना चाहता था।"

साँच्चै नै उहाँले आफ्नो पहिलो तिब्बतयात्रा जब श्रीलंकाबाट १ डिसेम्बर १९२८ का दिन शुरू गर्नुभयो। त्यसबारे जानकारी न भारतस्थित अंग्रेजसरकारलाई, न नेपालस्थित राणासरकारलाई न त तिब्बतीसरकारलाई नै दिइएको थियो।

छद्म भेषमा तिब्बत प्रस्थान गर्ने उद्देश्य लिएका रामोदर सांकृत्यायनले भारतमा ३ महिना विशेषतः बौद्धधर्मका ऐतिहासिक स्थलहरूको अवलोकनमा बिताई ६ मार्च १९२९ का दिन काठमाडौं पुग्नुभएको थियो। नेपालमा सिर्फ शिवरात्रीको अवसरमामात्र आउन सकिने हुनाको कारण उहाँले भारतमा रही शिवरात्री (वि.सं.१९८५ साल)को प्रतीक्षामा रहेका थिए। काठमाडौं पुग्नुभएका उहाँ थापाथलीको वैरागी मठमा रहनुभएको थियो त भोलिपल्टै उहाँ पशुपति र गुह्येश्वरी मन्दिरको अवलोकन गरी बौद्धस्तुप जानुभएको थियो।

त्यसताका पनि बौद्धस्तूप वरपरको घरहरूमा प्रायः भोटिया (तिब्बती)हरू रहने हुनाकोकारण त्यस इलाका एककिसिमले तिब्बतकै एक भागजस्तो महशुस सबैलाई हुने गर्दथ्यो। अतः उहाँ तीनै तिब्बतीहरूको माँझबाट तिब्बत जाने कुनै सहायकको खोजीमा थिए। संयोगवश त्यसै बेला बौद्धमा शेरापदोर्जे नामका एक भूटानी (डुक्पा) लामासँग भेट भयो। उहाँ महिनादिनपछि आफ्ना शिष्य-शिष्याहरूका साथ तिब्बत जान लागेका थिए।

यस अवधि (महिनादिन) भित्रमा उहाँले पूरा तिब्बतीभेष अपनाइसकेका थिए। ९-३० मार्च १९२९ सम्म उहाँ पूरा कैदीरूपमा नै



Downloaded from http://dhamma.digital/

रहनुभएको थियो । दिनमा बाहिर आउने त कुरै थिएन । सिर्फ बेलुका एक-एकपटक स्तूप परिक्रमा गर्नका निमित्तमात्र आउने गर्दथे ।

मार्चको अवधिभित्रमै बौद्धमा डुक्पा लामाको कार्य (पुस्तक छाप्ने) सिध्याइसकेको कारण अब उहाँहरू केही दिन श्रद्धालुहरूको अनुरोधमा किन्डोल विहार, स्वयम्भूमा आई पूजा पाठ गर्न आए । अतः रामोदर सांकृत्यायन पनि किन्डोल विहारमा आए । तर श्रद्धालु (पूजा पाठ गराउने)हरू वृद्धि हुँदै आएको कारण डुक्पा लामाले आजभोलि गर्दै रहे जसबाट रामोदर सांकृत्यायनलाई निकै अप्ठयारो भयो, कुनै सरकारी व्यक्तिहरूले थाहा पायो कि त तुरुन्तै रक्सौल पुऱ्याइ दिने निश्चित थियो । अतः उहाँले आफ्नो समस्या त्यसताका किन्डोल विहारका प्रबन्धक हुनुभएका दशरत्न साहू (पछि भिक्षु धम्मालोक)लाई सुनाए । दशरत्न साहूले उहाँको समस्या एवं लक्ष्य अवगत गरी केही दिन किन्डोलको एक खाली घरमा अज्ञातवास गराए । पछि रामोदर सांकृत्यायनलाई अप्ठयारोपन बढ्दै आएको कारण डुक्पा लामा जाने बाटो यल्मो (हेलम्बू) सम्म आफै साथ गई पुऱ्याईदिए । ८ अप्रिल १९२९ का दिन किन्डोलबाट प्रस्थान गरेका उहाँहरू ११ अप्रिलका दिन यल्मो पुग्नुभयो । अब रामोदर सांकृत्यायनलाई ढुक्क भयो । उहाँ एक तिब्बतीको घरमा महिना दिन डुक्पा लामाको प्रतीक्षामा रहे । तर अफसोच ! डुक्पा लामा यल्मोको बाटो छोडी अन्य बाटोबाट 'कुटी' तर्फ प्रस्थान गरिसकेको कुरा लामाकै एक शिष्यबाट थाहा पाए । यस खबरबाट उहाँ केही स्तब्ध भए । डुक्पा लामासँगै नेपाल सीमा पार गरी तिब्बत प्रवेश गर्नुपर्ने हुनाको कारण उहाँ भोलिपल्टै (१४ मई १९२९)का दिन एक मित्रका साथ काठमाडौंबाट येनम् (कुटी) जाने बाटो तर्फ लागे । ३-



रामोदर र सुमतिप्रज्ञ

Downloaded from http://dhamma.digital/

४ दिनपछि उहाँहरूले डुक्पा लामालाई एक गाउँमा भेटे। अब उहाँलाई ढुक्क भयो। डुक्पा लामाका साथै विस्तारै यात्रा गमन शुरू भयो। तर जब सीमान्त नजिकिँदै आयो उहाँलाई भय हुन थाल्यो। कतै पहरदारहरूले 'तुम मधेसका आदमी कहाँ से आया ?' भन्ने त होइन ?

उहाँ सफल हुनुभयो - 'खुन्नुछवङ' नामबाट। चार लामा र चार गृहस्थको उहाँहरूको जमात सबैले आफूहरूलाई केरुङ्गका अवतारी लामाका शिष्य भनिएबाट उहाँ पनि पूर्णरूपमा तिब्बत प्रवेश गर्न सफल भए - २० मई १९२९ का दिन।

खुशीको कुरा हो, तिब्बती सीमा पार गरेको केही दिनमै उहाँको भेट एक मंगोल भिक्षु लोब-जङ्- श्यरव (सुमतिप्रज्ञ) सित भयो। जोसित ५-६ महिनाअगाडि बोधगयामा भेट भएको थियो। त्यसबेला बोधगयामा रामोदरले उहाँसित तिब्बतीभाषाबाट वार्तालाप गर्न सकेको थिएन तर अबचाहिँ पूर्णरूपले वार्तालाप गर्न सकेको थियो। अतः कुटीसम्म डुक्पा लामाका साथ जानुभएका रामोदर सांकृत्यायन कुटीदेखि सुमतिप्रज्ञका साथ प्रस्थान गरे। रामोदर सांकृत्यायनले १६ मई १९२९ का दिनदेखि तिब्बती भिक्षुवस्त्र लगाउँदै आएका थिए। १ जून १९२९ का दिन कुटीबाट प्रस्थान गर्नुभएका उहाँहरू जूनको अन्तमा शिगर्चे पुग्नुभयो। महिनादिनको सहयात्रीपश्चात् प्रकृतिको स्वभावअनुसार रामोदर सांकृत्यायन, सुमतिप्रज्ञका साथ पुनः यात्रा गर्न असमर्थ भए अर्थात् उनको बोली - व्यवहारबाट रामोदर दिक्क भइसकेका थिए। अतः शिगर्चेबाट पुनः उहाँले साथ फेरे- शिगर्चेस्थित एक नेपाली साहूको खच्चरवालासित।

३ जुलाई १९२९ का दिन शिगर्चेबाट यात्रा शुरू गरेको ५



Downloaded from http://dhamma.digital/

दिनपछि ग्याँची पुगनुभयो र ग्याँचीबाट प्रस्थान गरेको (१० जुलाई) ९ दिनपछि ल्हासा पुगनुभयो । पोटाला दरबारको सर्वप्रथम दर्शन गरेको प्रसँगमा उहाँ उल्लेख गर्नुहुन्छ -

"१९ जुलाईको हमें कई मील दूर से पोटालाकी सुनहली छत दिखलाई दी। उस वक्त नजाने क्या-क्या भाव दिल मे पैदा हो रहे थे। हिन्दुस्तान और सिलोनमे रहते तिब्बतके बारे मे जो कुछ पढा सुना था, उससे मै अच्छी तरह समझता था कि पोटाला की दर्शन दुनियाँ की सबसे कठिन चीजो मे है और आज उसी पोटालाको मैं अपने सामने देख रहा था।"

२१ जुलाई १९२९ का दिन रामोदर सांकृत्यायनले दलाई लामा (१३ औं) समक्ष आफ्नो बिन्तिपत्र चढाउन संस्कृतमा १५ वटा श्लोकको रचना गर्नुभएको थियो, सो रचनालाई तिब्बतीमा अनुवाद गर्नुभएको थियो, सो रचना धीरेन्द्रवज्र नामक एक गुरुभाजुले साथमा लिएर दलाई लामाको राजोद्यान नोर्वुलिङ्ग (मणिउद्यान) जानुभएको थियो । अनुवादसहितको सो श्लोक पत्रको साथ एक रेशमी खादा दलाई लामाका एक विश्वसनीय दरबारिया ङरी लामाको हातमा दिइ उहाँ फर्केका थिए ।

संयोगको कुरा, रामोदर सांकृत्यायन ल्हासा पुगेको महिना दिन नहुँदै केही कारणवश नेपाल र तिब्बतको बीच युद्ध हुने सम्भावना देखियो । त्यसबेला ल्हासामा नेपालीहरूको पसल सयौं रहेको र त्यसमा प्रमुख छु - सिङ-श्याको कोठी रहेको कुरा राहुल सांकृत्यायनले उल्लेख गर्नुभएको छ । ती पसलहरू पनि बराबर बन्द (हडताल) गर्नुपर्ने स्थिति आएको कुरा पनि उहाँले उल्लेख गर्नुभएको छ ।

यस्तो स्थितिमा, रामोदर सांकृत्यायनले ल्हासामा रही तिब्बती



Downloaded from http://dhamma.digital/

साहित्य अध्ययन गरेका थिए। २५ नवम्बर १९२९ का दिन नेपालका प्रधानमन्त्री श्री ३ चन्द्रशम्शेरको निधनपश्चात् युद्धको स्थिति शान्त हुँदै गयो। यद्यपि युद्धको स्थिति शान्त पार्ने श्रेय एक कुशल वार्ताकार सरदार बहादुर ले-दन-लाको थियो। उसैले युद्ध हुने निश्चित भएको स्थितिलाई आफ्नो कुशलताबाट साम्य पारिदिएको थियो।

रामोदर सांकृत्यायनले दलाई लामाको तर्फबाट ल्हासामा रही अध्ययन लेखन गर्न सक्ने आज्ञा पाएपछिमात्र उहाँले गहनरूपमा तिब्बतीसाहित्यको खोजविन गरी अध्ययन गरेका थिए। उहाँ दीर्घकालसम्म तिब्बतमा रही अध्ययन अन्वेषण गर्ने उद्देश्यले गएका थिए तर त्यही युद्ध स्थितिको कारण बाध्य भई वर्षदिनमात्र रहने योजना बनाए।

रामोदर सांकृत्यायनले तिब्बत (ल्हासा) मा रही कंजूर-तंजूरका सम्पूर्ण साहित्यमात्र अध्ययन गर्नुभएको थिएन तिब्बती-संस्कृत-शब्दकोष तयार गर्ने क्रममा १५ हजार शब्द पनि जम्मा गर्नुभएको थियो।

स्मरणीय छ, कंजूर-तिब्बतको बुद्धवचनामृत त्रिपिटक मानिन्छ त तंजूर महायानशास्त्र ग्रन्थको अतिरिक्त व्याकरण, चिकित्सा आदि ग्रन्थहरूको सम्पादन सँग्रह मानिन्छ। रामोदर सांकृत्यायन ल्हासामा पूरा ९ महिना रहनुभएको थियो। यस अवधि (जुलाई १९२९- अप्रिल १९३०) भित्रमा उहाँले एक मंगोल लामा धर्मकीर्तिका साथ 'सम्-ये विहार'को यात्रा गर्नु जानुभएको थियो जुन विहार नालन्दाका आचार्य शान्तरक्षित (सन् ६५०-७५०)ले आठौं शताब्दीमा भारतको ओदन्तपुरी विहारको नमूनामा बनाइएको थियो।

रामोदर सांकृत्यायनको यस पहिलो तिब्बतयात्रा कालमा उहाँलाई विशेषतः धर्ममान साहू(वि.सं. १९१८-९४)को ल्हासास्थित कोठी छु-



Downloaded from http://dhamma.digital/

सिङ-श्याले मद्दत गरेको बारे उहाँ स्वयं उल्लेख गर्नुहुन्छ -

"धर्मा (धर्ममान) साहू की चिठ्ठी पाकर उनके दोनो पुत्रों (त्रिरत्नमान र ज्ञानमान)ने मेरे रहनेका ऐसा निश्चिन्त प्रबन्ध कर दिया, कि मेरे लिये अगर चिन्ता हो सकती थी, तो यही कि मै उनकी उदारता के भार से दबने लगा। दो बार ल्हासामे मैं महिनों रहा। पहली बार तो प्रायः एक वर्ष तक। इस समय सारा खानेपीनेका भार 'छु-सिङ-श्या'ने उठाया।"

छु-सिङ-श्याको अतिरिक्त रामोदर सांकृत्यायनलाई विशेष मद्दत श्रीलंकामा बुद्धधर्म अध्ययनरत उहाँका परम मित्र भदन्त आनन्द कौशल्यायन(सन् १९०५-८८) र काशी विद्यापीठका कुलपति आचार्य नरेन्द्रदेव (सन् १८८९-१९५६)ले गरेको थियो। उहाँहरू द्वयले रामोदर सांकृत्यायनलाई तिब्बतमा स्थायीरूपमा रहने प्रबन्ध गर्दैरहेको खबर तब पाए जब उहाँले महिनौं रहेर पनि कुनै विहारमा रहने प्रबन्ध गर्न नसकेपछि प्राप्त सम्पूर्ण ग्रन्थहरू किनी श्रीलंका फर्कने निश्चय गरिसकेका थिए। यस बारेमा पनि उहाँले स्पष्ट उल्लेख गर्नुभएको छ -

"मैने पहले सोचा था कि मेरा संस्कृतका ज्ञान लंकाकी तरह तिब्बतमे भी सहायता करेगा, लेकिन यहाँ संस्कृतको कोई पूछनेवाला नहीं था। मन्त्र तिब्बतमे भी संस्कृत ही मे जपे जाते है, लेकिन भोट भाषाको वह संस्कृतसे कम पवित्र नही मानते। और वैसे भी देखाजाय तो जहाँतक बौद्धसाहित्यका सम्बन्ध है, आज संस्कृत भाषा भोट भाषाके सामने अत्यन्त दरिद्र है।"

यस पहिलो तिब्बतयात्राकालमा रामोदर सांकृत्यायनले तिब्बती-साहित्य (कंजूर-तंजूर)को अतिरिक्त करिब डेढ सय जति चित्रपट,

वज्रडाकतन्त्र नामक एक तालपोथी एवं अन्य ऐतिहासिक पुरातात्त्विक वस्तुहरू २२ वटा खच्चरहरूलाई बोकाई उहाँ ल्हासाबाट ग्यांची-शिगर्चे-फारी हुँदै ५ जून १९३० का दिन कालिम्पोङ्ग पुग्नुभएको थियो। उहाँ एवं उहाँको एक सहयोगी मित्र धर्मकीर्ति कालिम्पोङ्गमा भाजुरत्न साहु (वि.सं. १९४०-२०१३)को कोठीमा रहनुभएको थियो। त्यसबेला उक्त कोठीमा नेपालका बौद्धविद्वान् धर्मादित्य धर्माचार्य (वि.सं. १९५९-२०२०)को साथै भावी नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर (त्यसबेला महायानी घ्येलुं-कर्मशील) पनि भाजुरत्न साहुको आश्रयमा रहँदैथिए।

रामोदर सांकृत्यायन आफ्नो मित्रका साथ भोलिपल्टै मोटरबाट सिलिगुडी आए। सिलिगुडीबाट कलकत्ता हुँदै १० जूनका दिन पटना पुगी पण्डित जयचन्द्र विद्यालंकारकहाँ रहे। त्यहाँबाट बनारस (काशी) जानुभई आचार्य नरेन्द्रदेवलाई भेटी उहाँले गर्नुभएको सहयोगको निमित्त कृतज्ञताभाव व्यक्त गरे। बनारसबाट पुनः १५ जूनका दिन कलकत्ता पुगी १६ जूनकै दिन मद्रासको गाडीमा रहनुभयो। मद्रासबाट २० जून १९३० का दिन श्रीलंकाको केलनियास्थित विद्यालंकार परिवेणमा पुग्नुभयो जहाँबाट उहाँको यस पहिलो तिब्बतयात्रा शुभारम्भ भएको थियो।

स्मरणीय छ, महापण्डित (श्री काशी-पण्डित सभाबाट वि.सं. १९८६ मा प्राप्त) राहुल सांकृत्यायन (२२ जून १९३० का दिन विद्यालंकार परिवेणका प्रधानाचार्य लु. धम्मानन्द महास्थविरको आचार्यत्वमा प्रव्रज्या भएपश्चातका नाम) को यस पहिलो तिब्बतयात्राको वर्णन उहाँले कृतिकोरूपमा नै 'तिब्बत में सवा वरस'कोरूपमा लेखिएको छ। जुन ग्रन्थ वि.सं. १९९० सालमा शारदा मन्दिर, नई दिल्लीबाट पहिलो संस्करण प्रकाशित भएको थियो। यस ग्रन्थ सम्पादन एवं प्रकाशन गर्ने



Downloaded from http://dhamma.digital/

श्रेय इतिहासकार पं. जयचन्द्र विद्यालंकारलाई रहेको छ। अतः उहाँले यस ग्रन्थमा विषय-सूचीका साथ आफ्नो १० पेजको परिचय पनि दिनुभएको छ।

■■■

- सन्दर्भ -


१) मेरी जीवन यात्रा, भाग-१ - राहुल सांकृत्यायन,
आधुनिक पुस्तक भवन
कलकत्ता-१९५१ ई.
(दोस्रो संस्करण)

२) मेरी जीवन यात्रा, भाग-२ - राहुल सांकृत्यायन
किताब महल
इलाहावाद-१९५० ई.

३) तिब्बत मे सवा बरस - राहुल सांकृत्यायन
शारदा मन्दिर, नई दिल्ली
वि.सं. १९९०


४) जिनका मैं कृतज्ञ- राहुल सांकृत्यायन
किताब महल, इलाहावाद - १९५७ ई.


'विश्व शान्ति'
वर्ष - ८, अंक-८,
(बु.सं.२५४२-वि.सं.२०५५)

# -परिशिष्ट-

Dhamma.Digital

Downloaded from http://dhamma.digital/



दिवंगत भीमराज वज्राचार्य



श्रीमती तेजशोभा वज्राचार्य



बौद्धसंघ ख्वपया रजतजयन्तीया लसताय् जुगू प्रतियोगितात्मक
कवि सम्मेलनस उद्घोषकया रुपय् रोशन वज्राचार्य
(१२ श्रावण २०५३)

Downloaded from http://dhamma.digital/

# भीमराज दाइ - सकलया नुगलय् प्यपुनाच्वनिम्ह मनू

-त्रिरत्न शाक्य

वि.सं. २०४२ साल बौद्धसंघ भक्तपुरया जीवनय् तःधंगु दुखान्तया वर्ष जुया बिल। वहे सालय् बौद्धसंघ नीस्वनाया इलं निस्यें धर्मानुशासकत्वया भाला कुबिया बिज्याम्ह श्रद्धेय भिक्षु विवेकानन्द महास्थविर परलोक जुया बिज्यात । अथेहे बौद्ध संघ भक्तपुरया छम्ह संस्थापक सक्रिय कार्यकर्ता भाजु भीमराज बज्राचार्य नं वहे सालय् मन्त । थौंकन्हे वसपोलपिं मदुगु नं नीन्यादँ दयेधुंकल । नीन्यादँया ई फपुले धुंकूसां ख्वपया थेरवादी बुद्ध-शासनया ख्यलय् वसपोलपिनि अनुपस्थितिया हयाकीं थौं तक ल्यना: हे च्वन ।

बौद्ध विद्वान् एवं जीवनीया ग्रन्थकार भाजु रत्नसुन्दर शाक्यजुं श्रद्धेय विवेकानन्द महास्थविरया जीवनी व वसपोलं ख्वपदेशय् याना बिज्यागु कुतःया वारे दुग्यंक च्वये धुंकूगुलिं थुगु लेखय् भाजु भीमराज वज्राचार्य नापंया लुमन्तियात जक उल्लेख याना च्वना -

भाजु भीमराज वज्राचार्य ४३ दँया उमेरय् मन्त । ४३ दँया उमेर धैगु मनुया जीवनय् जख्खु ल्यायम्हमा उमेर खः । थः,व थःगु परिवारया नापं थः ब्वलंगु समाजयात छुं याना क्यनेगु उमेर खः। मेकथं धाय्गु खःसा ४३ दँ या उमेर धायेगु थः अग्रजपिनि उत्तराधिकार पुवंकेगु उमेर खः । उकिं भीमराज वज्राचार्यया मृत्यु छगू पीडादायी मृत्यु खः, अस्वाभाविक मृत्यु खः । थः व थः परिवार व समाजप्रतिया



Downloaded from http://dhamma.digital/

भाला गुलि पुवंकेमागु खः सायद व पुवंके मफुत जुइफु। तर भीमराज थः म्वाना ज्वछि ईं यात सार्थक ढंगः छ्य्‌ला वंगु दु। थः नुगलय दनावगु सचेतनतां थ्व थः म्वानागु व हुर्के जुगू परिवेशयात भिंकेत माक्व कुतः याना वंगु दु। झीगु संस्कार व संस्कृति दुने सुल्प्या थें प्यपुना च्वंगु मभिंगु विचाः व परम्परायात भिंकेत, भिंगु, बांलागु ल्यंकेत माक्व कुतः याना बिज्यागु खः वसपोलं। थः दुनेया मानवीयता व सचेतनायात गाक्क छ्य्‌ला वंगु दु वसपोलं। केवल जागिरया निंतिं जक थत फ्‌याना च्वनापिं झी अले द्योयात भो भो सुं भागियाना स्वर्गया लुखा माला च्वनापिं झीसं भीमराजया पाखें गुलि शिक्षा काये मागु खः, उलि मफुतला धैथें च्वं।

भीमराज दाइ व समाज ला व लुसि थें। समाजयात भिंगु, बांलागु लँपुइ यंकेगु खःसा झी वहे समाजनापं प्यपुना च्वनेमाः धैगु भीमराज दाइया बिचाः खः। उकि भीमराज दाइ फुक्क थासय् प्यपुना च्वन। नासमना त्वाःया 'भक्तपुर खेल मण्डल'या कोषाध्यक्ष जुया भलिवल कासाया माध्यमं ल्याय्‌म्हपिं नापं प्यपुना च्वन वसपोल। थुकथं छम्ह खेलप्रेमी ल्याय्‌म्ह कथं सकसिनं म्हस्युम्ह भीमराज वज्राचार्य थःगु जातिया गौरवपूर्ण तजिलजिया रक्षा व सम्बर्धन यायेगु झ्‌वलय् गुँला बाजंया दथ्वी ल्हाति पँय्‌ता ज्वना शाक्य-वज्राचार्यपिंनापं ल्वाकज्वाना वई वसपोल। तर वं धर्म वा संस्कारया नामय् ल्यनाच्वंगु रूढ्ढीगत मान्यता यात घय्‌पुना च्वनि मखु। बरु समाज दुनेया विद्यमान रूढ्ढीगत व अव्यवहारिक मूल्यमान्यता यात ई व्यःकथं भिंकेया निंति अनुकूल वातावरण दयकेत कुतः याना बिज्याई। थ्व हे कुतः या छगू ग्यसुग्यंगु परिणाति खः - 'बौद्ध संघ भक्तपुर' या स्थापना। भिंगु, बांलागु बिचाः

दतसा हे जक भिंगु लँ लुइके फई धैगु विश्वासय् ल्यायम्हपिन्त बौद्ध शासनानुरूप भिंगु, बांलागु लँपु क्यनेगु ताःतया भिक्षु विवेकानन्द महास्थविर जुया धर्मानुशासकत्वय् वि.सं. २०२८ सालय् स्थापना जुगू बौद्ध संघ भक्तपुरया न्याम्ह संस्थापकपिं मध्ये भीमराज वज्राचार्य नं छम्ह खः । मेपिं खः - धर्मसुन्दर (भिक्षु धम्मसोभन महास्थविर), संघरत्न, सिद्धिरत्न व पूर्णचन्द्र ।

जिं भीमराज दाइयात म्हस्युगू नेपालभाषा सहित्यसम्मेलन व नासमनाया भलिबल कासाया पाखें खः । जिगु छँ भोलाछेँ खःसां जिं ब्वलेगु थाय् नासमना हे धाःसां छुं पाइमखु । छाय्धासा अबलेया अप्वः धयाथें पासापिं नासमना यापिं हें । जि न्हिया न्हिं धैंथे हे पुस्तकालय वनेगु । नासमनाया 'नेपाल कोरिया मैत्री वाचनालय', खःमा या 'नेपाल भारत मैत्री पुस्तकालय'या जि नियमित पाठक । नासमना वनेगु क्रमय् सिथय् च्वना भलिवल स्वया च्वनागुया क्रमय् हे भीमराज दाइनापं परिचय जुल । भीमराज दाइनं जि व जिगु नुगःयात बालाक हे म्हसिका काल । समाजप्रति भ्रीसं छुं याना क्यने फःसाहे जक मन् जुयाया सार्थकता दइ धैगु भिं भावना दुःम्ह भीमराज दाइनं छन्हु इताछेँया थःगु पसलय् सता धा हे धाल-

"त्रिरत्न ! छिपिं थजापिं सःस्युपिं थुकथं बिस्कं च्वने मजिल । संस्कार, परम्पराया नामय् भ्री तसकं स्यने धुंकल । उकिं त्रिरत्न, छिपिं बौद्ध संघय् च्वना ज्या यायेमाल ।"

भीमराज दाइया थुगु इनापयात सहर्ष स्वीकार याना जि बौद्ध संघय् द्वाहाँ वना । समाजयात परिवर्तन यायेगु खःसा वहे समाजनापं प्यपुना ज्या यायेमाः धैगु भीमराजया भावनायात लसकुस याना जि



Downloaded from http://dhamma.digital/

बौद्ध संघय् द्वाहाँ वनागु सालय् हे जित अध्यक्ष नं दयेका बिल – वि.सं. २०३५ चैत्र ४ गते कुन्हु जुगू प्यकोगु कार्यसमितिया ल्यज्यास । धर्म, सम्प्रदायं तापाका च्वनाम्ह भाषाआन्दोलन व प्रगतिवादी आन्दोलनया छम्ह नच्चाम्ह व्यक्तिया निंतिं बौद्ध संघया अध्यक्षया पद तसकं झयातुया बिल । अथे जु:सां विवेकानन्द भन्तेया प्रेरणादायी उपदेश, पासापिनि संगतं याना जिं बौद्ध संघय् च्वना ज्या: यानावंतु वना । बुद्ध दर्शन सम्बन्धी छुं भति जकसां अध्ययन यायेगु व्हता बौद्ध संघय् च्वनां तिनि दत । बुद्ध-धर्मसम्बन्धि जिं गुलि नं सफूत ब्वना । जिं ब्वनागु फुक्क सफूत पाखें जिं थुइका कया बुद्धधर्म धात्थें हे जीवनपयोगी व वैज्ञानिक धर्म ख: । अनात्मवादी, अनिश्वरवादी धर्म ख: । हेतुवादय् आधारित धर्म ख: । हेतुवाद धैगु द्वन्द्ववादया पर्याय् शब्द ख: । वर्तमान भौतिक जगत्या उपज हे चेतना ख: । थुकथंया वैज्ञानिक दर्शन बुद्ध धर्मय् जिं प्रचुर नक्सां लुइका । बस, थ्वहे हुनि जिगु प्रगतिवाद उन्मुख नुग:लय् बुद्धया शिक्षा थाये काल । धर्म, दर्शन, फुक्कं मनूया निर्तिं ख: । बुद्धधर्मया प्रवर्तन नं मानव कल्याणया निंतिं जूगु ख: । २६०० दँ न्हयोया बुद्धधर्मया आवश्यकता वर्तमानया युगय् नं उलि हे दनि धैगु थुइका जिं । बौद्ध संघय् च्वना थ:म्हं फुथें ज्या यानावंतु वनेगुया क्रमय् भीमराज दाइ नापं जिगु स्वापु झन क्वातु जुया राजनीतिया तहलय् तकं थ्यन ।

उगु इलय् भूमिगत रूपं तत्कालिन नेकपा (माले) या कार्यकर्ता जुया ज्या याना च्वनाम्ह जि । क. झलनाथ खनाल (उगु इलय्या नां नरेश) यात उपचारया क्रमय् ख्वपय् सेल्टर दयेका तयागु जिमिसं । उगु इलय् हे रेड कर्नरया नोटिसय् लाना च्वंम्ह वयक । न्हिया-न्हिथं

उपचारया निंतिं अस्पतालय यंकेगुया नापं द्यनेत नयेत माक्व ताक्व जिमिसं हे ज्वरे याना बियेमागु । स्वाँपुया जुइमागु ई । कार्यकर्ता धैपिं जिपिं न्याम्ह खुम्ह हे जक । बस, अजोगु कठोर इलय् हे पूर्णचन्द्र दाइया कोठाय् भीमराज दाइ व पूर्णचन्द्र दाइयात क. झलनाथ खनालयात नापलाके बिया । उगु इलय् रेड कर्नर नोटिसय् लाना च्वम्ह भूमिगत नेतायात नाप लायेगु तसकं जोखिमया ज्या खः । जिमिगु व स्वयं भीमराजया निंतिं खतरा खः । अथेसां भ्या हे ग्यापह मवय्का झलनाथ नापं दुविस्ताया खँ ब्याका बिज्यात । सायद् भीमराजप्रतिया जिमिगु विश्वास व जिपिं प्रति भीमराज दाइया विश्वास क्वातुया मखां जुई जि सुरक्षा कानुन अन्तर्गत ०३६ व ०३८ सालय् निक्वः तक जेलय् लाबले भीमराज दाइ गुवले पूर्णचन्द्र, गुवले संघरत्न ब्वना जेलय् तकं नापं लायेत वल । जि थी थी आन्दोलन व संघर्षया क्रमय् तक्व मछिं प्रहरी हिरासतय् यंकुबले अननं भीमराज दाइ नाप लायेत वल । उमेरं थ्यं मथ्यं ९ दँ ति थकालिं जुःसां जि व भीमराज दाइया स्वापु थी थी आयामं क्वातु जुया वन । अफशोच ! भीमराज दाइ नापं तःदँ तक संगत याये मखन । वसपोल ०४२ सालय् हे परलोक जुल । वसपोलया मृत्यु झीगु दथुइ छगू ह्याकीं जुया ल्यना च्वन । म्हिग नं थौ नं ।

■■■

२०६७ असार ३०



Downloaded from http://dhamma.digital/

# मेरो स्मृति पटलमा - भीमराज वज्राचार्य

- सिद्धिरत्न शाक्य

प्रगतिशील भाषण, धर्मोपदेश साहित्यिक प्रवचन सुन्न ज्यादै मन पराउने मेरो घनिष्ठ मित्रको नाम हो - भीमराज वज्राचार्य। वहाँ सुन्नु पनि हुन्छ, व्यवहारमा कार्यन्वयन पनि गर्नुहुन्छ। मैनवत्ती जस्तै आफू जलेर समाजलाई उज्यालो बाड्नु हुन्थ्यो। त्यसैको प्रभाव हुन सक्छ - वहाँले विभिन्न क्षेत्रमा योगदान दिन सफल हुनुभएको थियो। वहाँको योगदानको केही नमूना प्रस्तुत गर्ने जमर्को गरेको छु।

'बौद्ध संघ भक्तपुर' को स्थापनामा भीमराज -

वि.सं. २०२६-२७ तिरको कुरा हो - भिक्षु विवेकानन्द महास्थविरज्यू संघरत्न शाक्यको घर (खौमाबहाल)मा बसोबास गर्दै आउँदा धार्मिक शाकच्छा(छलफल) माध्यमबाट भिक्षु विवेकानन्द, संघरत्न र दिदी मायादेवी (पछि अनगारिका वजिरआणी) का संयुक्त प्रयासबाट भीमराज र पूर्णचन्द्रलाई आफ्नो थेरवादी समूहमा सहभागी गराउन सफल भए। थेरवादी बुद्ध-धर्ममा वैज्ञानिकता, अन्धविश्वासरहित, समयसापेक्ष पालनगर्न सरल गुणका कारण वहाँहरू सहभागी बने। यस धर्ममा जनमुखी गुण देखी त्यसको प्रचार-प्रसारमा व्यापकता ल्याउने सोचमा भीमराज र पूर्णचन्द्रले मलाई तान्न थाले। मैले पनि बरोबर लोकेश्वर विहारमा हुने धार्मिकशाकच्छा वा अन्तर्क्रियामा सहभागी बढाउँदै गए। विस्तारै हामीले महशुस गर्‍यौं - यस थेरवादी बुद्धधर्मको

प्रचारप्रचार व्यापक रूपमा गर्नका लागि एक संघको आवश्यकता महशुस गरी भिक्षु विवेकानन्द महास्थविरको अगुवाइमा मायादेवी, संघरत्न, भीमराज, पूर्णचन्द्र, धर्मसुन्दर र यस पंक्तिका लेखकको संयुक्त प्रयासमा वि.सं. २०२८ सालमा 'बौद्ध संघ भक्तपुर'को स्थापना गर्‍यौं । त्यसताका बौद्ध संघ स्थापना गर्नुको मनसाय थेरवादी धर्मको प्रचार प्रसार र व्यापकता, हाम्रो समाजलाई चेतना जगाई अन्धविश्वासी संस्कृतिको सुधार, कुरीति, अन्धपरम्परा, भड्किलो चालचलन हटाई सबैलाई सरलजीवन बिताउन सहयोग होस् भन्ने नै थियो ।

## संस्कृति परिमार्जनमा भीमराज -

देखासिकी र बाह्य प्रभावका कारण शाक्य र वज्राचार्यहरूको संस्कृति (वेलविवाह, गुफा राख्ने, विवाह, व्रतबन्ध, भाइटीका, मुख हेर्ने, जन्मोत्सव, मृत्युसंस्कार आदि)मा बढी भड्किलो, उत्ताउलो, देखावटी आदिले कृतिमता बढ्दै गएको चालपाई यसको कट्टर विरोधमा भीमराज लागि परे । यसको संघर्षमा एकलैले सम्भव नदेखी संघको माध्यमबाट सुधार गर्ने सोच उहाँमा देखिन्थ्यो । त्यसैगरि धनीवर्गका शाक्य-वज्राचार्यहरूले पिछडिएका शाक्य वज्राचार्यसमाजको उत्थानको लागि केही पनि प्रयास नगरेकोमा चिन्तित भई संघको माध्यमबाट केही गर्ने इच्छा आकांक्षा उहाँमा देखिन्थ्यो ।

अर्को बिर्सनै नहुने उहाँको योगदानमा पञ्चदान पर्वको दिन पञ्चदान लिने र दीपंकर जात्रा संचालन समूहले त्यस समयमा माँस र सुरा सेवनले बेइज्जत र दीपंकर मूर्तिहरूको समेत दुर्घटना रोक्न त्यो एक दिन नखान, नपिउन धेरै अनुरोध गर्दै आफू उदाहरण बनी प्रस्तुत



Downloaded from http://dhamma.digital/

हुन्थे । हालसम्म पनि त्यसको सकारात्मक प्रभाव त्यस पर्वमा देखिन्छ ।

## प्रगतिशील विचारधारामा भीमराज –

हाम्रो परिवेश छिमेकीको थिचोमिचो, सत्ताधारीहरूको पक्षपातपूर्ण व्यवहार, धार्मिक शोषण, जनजाति, विभिन्न भाषा नदेख्ने सरकारी नीतिले भीमराजलाई प्रगतिशील बनाइदियो । यसैले यी शोषण विरुद्ध आन्दोलन गर्न चाहन्थे । त्यसैले बराबर प्रगतिशील नेताहरू ल्याई हामीलाई प्रगतिशील अन्तर्क्रियामा सहभागी बनाउनुहुन्थ्यो । साथीहरूमा प्रगतिशील भावनाको बिजारोपन गर्नमा उहाँ सफल हुनुभयो ।

## भीमराजको आर्थिक स्थिति –

सुनको पेशाबाट जनपयोगी पेशातर्फ ढल्कँदै तान्न बुन्ने, तान्न निर्माण गरी बेच्ने र पछि फर्निचर पेशामा लाग्दालाग्दै भीमराजलाई मुटुको व्यथाले च्याप्यो । भीमराजको घाँटीनिर एउटा मासुको डल्लो जस्तो पहिलेदेखि नै देखिन्थ्यो । पछि सुन्नमा आए अनुसार त्यो त मुटुसँग सम्बन्धित डल्लो बुझिन आयो । डा. अञ्जली कुमारले मुटुमा रहेको भल्ब नै फेर्नुपर्ने र यसको लागि भेलर जाने सल्लाह दियो रे । मलाई भन्ने गर्नुहुन्थ्यो – "सिद्धिरत्न ! हामी तीनजना (म, तिमी र छोरी भीमलक्ष्मी) भेलर जाने, तिमीले भाषामा सहयोग गर्नेछौ ।"

हुन्छ, खबर गर्नुस् भनेको थिएँ । आवश्यक रकम र धेरै रकम खर्च गर्ने आँट नहुँदा जान सक्नुभएन ।

एकदिन म जुम्ला एयरपोर्टमा गफ गर्दै थिएँ । प्लेन आउँछ, सरासर प्लेनबाट स्टेवार्ड तीर्थ कर्माचार्य मेरो सामू आइ भने – थाहा पाउनु भो ? सिद्धि दाइ ! भीमराज जानुभो ।"

यी शब्दले म अक्क न बक्क भई निस्सासिएर बर्र आँसु झार्न पुगेछ, शब्दहरू फुटेन । आज पनि सम्झिरहन्छु म भीमराजलाई ।



Downloaded from http://dhamma.digital/

# मेरो स्मृतिपटलमा भीमराज

जन्मनु, मर्नु
यो प्राकृतिक नियम
मलाई थाहा छ,

बर्बर आँसु
अविरल वर्षा
किन रोकिदन
तिम्रो मृत्युमा
मलाई थाहा छैन,

औंला ठड्याई
तिमी भन्ने गर्छौ
तिमीले के गर्‍यौ ?
तिम्रो शैक्षिक योग्यताले के गर्‍यो ?

लाजले म निस्सासिन्छु
आफ्नो नपुंसकताप्रति शिर झिकाउँछु
मात्र म लक्ष्यविहीन भा छु
तिम्रो अनुपस्थितिमा

बिर्सन खोज्दा
झन तिम्रो संझना बल्झिन्छ
मेरो आँखाको नानीले
तिम्रै आकृति बनाइदिन्छ
अझै बोक्दै छु तिम्रो याद
मेरो स्मृति पटलमा
भीमराज भीमराज भीमराज



Downloaded from http://dhamma.digital/

# लुमन्तिइ - भीमराज दाइया

-लोकेन्द्र वज्राचार्य

स्कुले जीवनकालनिसें भीमराज दाइनापं सतिक्क च्वना साक्षात्कार जुइगु आपलं व्हःताः चुलाःगु दु - जित। वस्पोल व वस्पोलया पासापिं पूर्णचन्द्र, सिद्धिरत्न, संघरत्न व धर्मसुन्दर शाक्य (थौंकन्हे भिक्षु धम्मसोभन महास्थविर) नापं जुइबलय् वस्पोलया व्यवहार प्रगतिशील बिचाः पाखें जित बिस्कं लिच्वः लागु दु। खयतला जिके फुक्क खँ लुमना मवल। अथेनं छगू निगू जिउताः जःछि ल्वममनीगु ई त नुगलय् स्वप्याना तयागु दु। थुज्वःगु लुमन्तिया पोः फ्यना वनेबलय् गुलिं उत्साहित नं जुइफु, गुलिं नुगः मछिनिगु जुइफु।

बौद्धगणया ज्ञानीगुणी धाःपिं बौद्ध प्रबुद्धजन यथास्थितिवादीपिसं विभ्रमया पठनपाठन, प्रशिक्षण व पद्धतियात निरन्तरता बियाः न्हू पुस्तायात अन्धसंस्कार व अन्धविश्वासया संकीर्ण लागाय् लिकुंका तःगु यर्थाथता खनाः हिमिचागु मनस्थितिया अनुभव बारम्बार यानागु दु। छँ छँ, पसः पसः पतिकं देगः देगलय् कर्मकाण्डया पुरोहिततय्सं द्यः लयतायकेगु नामय् पशु वलियात प्रोत्साहन यानाच्वंगु, दानपुण्यया पवित्र भावना पूर्णगु पञ्चदानया दिनय् थ्वँ अयलाः त्वना धेधे जुइके जुइगु मानो गुरुजुपिनिगु परम्परागत संस्कार हे खला ? धैगु भावना तायका व्यूगु दु। थुज्वःगु परम्परा धात्थें भ्रीगु धर्म, संस्कृति, संस्कार, विधि व्यवहारय् दु। न्हू पुस्तायात थुज्वःगु लँय् हाचां गायकाः चेतनाया लहर सिर्जना यानाः ह्यूपाया ज्वारभाटा थनेगु वस्पोलपिनिगु कुतः कथं वि.सं. २०२८ साल असोज १८ गतेस भिक्षु विवेकानन्द महास्थविर भन्तेया



Downloaded from http://dhamma.digital/




**भीमराज वज्राचार्यया लुमन्तिस जुगू शोकसभास उद्घोषकया रुपय्**
**लोकेन्द्र वज्राचार्य नापं भिक्षु धम्मसोभन महास्थविर**
**(२० फागुन २०४२)**




**भीमराज वज्राचार्यया लुमन्तिस जुगू शोकसभास**
**अनगारिका वजिरञाणी व रोशन वज्राचार्य**
**(७ सिल्लागा ११०६)**

Downloaded from http://dhamma.digital/

प्रेरणात्मक उपदेशयात मनन याना: वस्पोल भीमराज दाइ व वस्पोलया पासापिं जाना बौद्ध दर्शनयात प्रचारप्रसार याना: अन्धसंस्कार परम्परा न्हंक्वेगु ता:तया 'बौद्ध संघ ख्वप'या पलिस्था यात।

जीवन म्वा:ना च्वंतलय् छुं यायेमा, छुं यानाच्वने धइगु भावना गाक्कं दुम्ह विस्कं कथंया उर्जाशिल वस्पोल भीमराज वज्राचार्य व वस्पोलया पासापिं बौद्ध समकृत विहार गुथिया उबलेया दुज:तय्गु द्वेषभाव व महीता भावं बौद्ध समकृत विहारया पवित्र इतिहासयात कलंकित जुइकथं बौद्ध संस्कार संस्कृति व भावना अख: सिनेमा हल, थ्वँ अय्ला:या भट्टी पस:, फाँ लहिगु थाय्या रूपय परिणत जुयाच्वंगु थुज्व:गु थाय्यात तत्कालिन पंचायतया प्रशासनिक भ्रै भ्रमला जक मखु, विहार गुथिया दुज:पिं नापं संघर्ष याना: विहारया मर्मत सम्भार व पुन:निर्माण याना: बौद्ध संघ उगु विहारय् प्रतिस्थापन याना: बिज्यात। भग्नावशेषया रूपय् दुर्गति जुया च्वंगु उज्व:गु विहारयात थौंया रूपय् कायापलत याना:ब्यूगु आदर्श ज्या यात बौद्ध समकृत विहारया दुज:पिं जक मखु, बौद्ध प्रति आस्थावान व पुरातात्त्विक सम्पदा ह्योमिपिसं वस्पोल भीमराज दाइ लगायत वस्पोलया पासापिनिगु अतुलनीय, अविस्मरणीय, साहसिक पला:यात ल्व:मंके मज्यू।

ख्वपया निर्दोष रत्नकाजी शाक्ययात न्यनेकने यायेगु तोह: तया: पुलिस प्रशासनं दा जक दाया हत्या यानाब्यूगु वि.सं. २०३० साल कार्तिक महिनाया चर्चित ख्वपया 'गुर्जुकाण्ड' पाखें सिर्जित स्वन्हू स्वचा: तक पुलिस प्रशासन नापं मुठभेदया घटना जनता प्रति पुलिस प्रशासनया दुर्व्यवहार, अन्याय अत्याचारया पराकाष्ठया विरुद्ध विद्रोहया मिजला ल्हवोयगु ज्या वस्पोल भीमराज दाइ व वस्पोलया पासापिंपाखें नेतृत्व



Downloaded from http://dhamma.digital/

जूगु लुमंके बहःजु। थ्व दुष्टिं कथं वस्पोल हाथ्यामि (विद्रोही) स्वभाव नं दु धइगु स्पष्ट जु।

वस्पोल नापंया जिगु म्हसीका यक्को ताहाःजुया कारण जिगु पारिवारिक व आर्थिकस्थितिवारे यक्को थुम्ह जुयाः न्हिन्हि धइथें नापलाइगु इलय् ब्वनेगु त्वःते मज्यू धकाः च्वसा बियाः प्रोत्साहन व हौसला बिया बिज्याइगु ल्वममनीगु क्षण जिगु नुगः कापिइ स्वताक्क तयाः तइगु दु।

देशे् दुनेया विद्रुप प्रकारया राजनीति व अन्धसंस्कार व परम्पराय् लिकुंका च्वंपिं न्हू पुस्तायात गथे यानाः मुक्त यायेगु, बौद्ध दर्शन पाखे गुकथं आकर्षित यायेगु धइगु चिन्तनशील व भावनाभूतिया अनुभव यानागु दु। उकिं वस्पोल भीमराज दाइ याके छम्ह प्रगतिशील स्रष्टायाके दइगु सचेतता, प्रगतिशील पहिचान स्पष्ट मुखरित चुम्ह व्यक्तित्व खः धकाः धायेगु करं क्यं।

थुज्वःम्ह साधारण खःयानं असाधारण गुणं पूर्णम्ह व्यक्ति अल्प आयुया दुने याकनं मदया वंगु धयागु बौद्ध समाज व परिवर्तन कामिपिनिगु निर्तिं द्यापं हे खः। वस्पोलपाखें भ्गीत बियाः वंगु तिबः व आदर्श ज्यां भ्गी सकलें अनुग्रहित जुया च्वना, जुइनं माः। थ्व च्वसु श्रद्धाया स्वाँ भापिया वस्पोल प्रति देछाया च्वना।

■■■



Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/



लेखक

| | | |
|---|---|---|
| नाम | - | रत्नसुन्दर शाक्य |
| जन्म | - | ६ माघ २०१७ वि.सं. |
| स्थान | - | थालाछेँ टोल, भक्तपुर-४ |
| पिता | - | हेरामान शाक्य |
| माता | - | सप्तमाया शाक्य |

## -लेखकका मौलिक एवं सम्पादित पुस्तकहरु-

१) नेपालको इतिहासमा कलंकित घटना २) भिक्षु धर्मालोक महास्थविर ३) बौद्धजगत्का स्मरणीय व्यक्तिहरु, भाग १-५ ४) बाबासाहेब डा. अम्बेडकर ५) अनगारिका धम्मवती ६) "पियदस्सि" पं. जवाहरलाल नेहरु ७) भिक्खुत्रयी - महापण्डित राहुल सांकृत्यायन, भदन्त आनन्द कौशल्यायन र भिक्षु जगदीश काश्यपको जीवनी ८) भिक्षु ऊ. चन्द्रमणि महास्थविर ९) महान् उपन्यासकार प्रेमचन्द १०) जीवनयात्रा मे दार्शनिक दृष्टियाँ - डा. भदन्त शान्तिका लेख प्रस्तुत ११) मनू म्हसीकेगु गय् ? - 'धर्मोदय' लय्-पौस प्रकाशित भिक्षु अश्वघोष महास्थविरया लेख-संग्रह १२) बौद्ध ऋषि महाप्रज्ञा १३) भिक्षु ऊ. कित्तिमा महास्थविर १४) वे बुद्धके चरणचिन्ह पर चले थे-सन्तनिहाल सिंहका लेख प्रस्तुत १५) भिक्षु विवेकानन्द महास्थविर व वस्पोलया रचना संग्रह १६) एक व्यक्तित्व-श्री भुवनलाल प्रधान १७) स्वतन्त्रता सेनानी -धर्मरत्न 'यमि' १८) भिक्षु निचिदात्सु फूजी १९) भिक्षु मेधंकर स्थविर व वसपोलया रचना संग्रह २०) मानसिक शान्ति-'धर्मदूत' मासिक पत्रिकामा प्रकाशित प्रो. लालजीराम शुक्लका लेख सम्पादन २१) संघनायक भिक्षु अनिरुद्ध महास्थविर २२) थेरवाद और महायान मे भेद-राहुल सांकृत्यायनका लेख प्रस्तुत २३) प्रभात-स्तुति २४) भिक्षु सम्यकज्योति महास्थविरया जीवनी २५) सिंह सेनापतिया छगू अध्याय-'बुद्धया अनुयायी' २६) 'अग्गमहासद्धम्म जोतिकधज्ज'-भिक्षु अश्वघोष महास्थविर २७) बोरोबुदुर महाचैत्य (लेख-संग्रह) २८) उपासक रामकृष्ण वैद्य-छगू परिचय २९) पले-मिखा (स्वंगूगु ब्व) -'सन्ध्या टाइम्स' न्हि-पौस प्रकाशित बुद्ध-धर्म सम्बन्धी थीथी च्वमिपिनिगु च्वसु मुना ३०) अतीतका गौरव -नालन्दा (लेख-संग्रह)

Downloaded from http://dhamma.digital/